Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कर्मवीरको वयर

लेखक तथा सङ्कलक

कृष्णहरि मैनाली

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

શ્રી ડોલરભાઈ-કલ્યાણજી ટ્રસ્ટ સમાજ પુસ્તકાલય
ને સપ્રેમ ઉપહાર

ભાયાભાઈ - મેઘાણી
[illegible]
૨૦૬૮/૧૧૮

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कर्मबीरको वयर

(नीतिकथा संग्रह)

लेखक तथा संकलक :

कृष्णहरि मैनाली

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कर्मबीरको बयर

लेखक तथा संकलक : कृष्णहरि मैनाली

ठेगाना : नयाँबानेश्वर, काठमाण्डौ

सम्पर्क : ९८५१०-५०५१८

krishnamainali@yahoo.com

प्रकाशिका : श्रीमती निर्मला मैनाली

सहयोगी : ध्रुव मैनाली

दिपेन्द्रप्रसाद उप्रेती

दिपकप्रसाद मैनाली

कभर डिजाइन : मोना मैनाली

कम्प्यूटर : अर्जुन तिमल्सिना

मिति : २०६४।०१।०३

मूल्य :

काठमाण्डौ, नेपाल

मुद्रण:

न्यू कला अफसेट प्रेस

पुतलीसडक, काठमाण्डौ

फोन: ४२४४८९६

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कर्मबीर कथाका स्वादमा डुबुल्किंदा

कर्मवादी समाजसेवी सहृदयमित्र श्री कृष्णहरि मैनालीज्यूका थुप्रै वैचारिक चिन्तनप्रधान रसिला रचनाहरुमा डुबुल्की मार्ने सु-अवसर पाइरहेको छु । उहाँका रचनाहरुमा वैचारिक चिन्तनबाट उत्पन्न हुने मानवीय सत्य र त्यसको कार्यान्वयन पक्षमा जोड दिएको पाइन्छ । मानव समाजको सहज हृदय र यसबाट उत्पन्न हुने सहज विचार प्रवाहलाई आध्यात्मिक मान्यतामा परीक्षण गरी लोक र परलोकको भलाईका निमित्त त्यसलाई प्रयोगमा ल्याउनु पर्ने सरल र सुगम चिन्तनशैलीको प्रयोगलाई अघि बढाउने मैनालीज्यूलाई म यौटा सुप्रसिद्ध तर्कशील चिन्तकको रुपमा पाउँछु । आध्यात्मिक भक्तिधारा र वैचारिक प्रखरताको सुन्दर मिलनमा नै वर्तमान युगको उपलब्धिमूलक सार्थकता रहेको कुरामा दुई मत नहोला । नाट्यसम्राट बालकृष्ण समको विचार अनुसार ज्ञान र विज्ञानको हात कर्ममा जोड्नुमा नै आजको सार्थकता छ । यो कुरा प्रस्तुत कथाकारका मीठा वैचारिक प्रयोगमा लागु भएको छ ।

किशोर अवस्थादेखि नै आध्यात्मिक तर्क र त्यसको वैचारिक निर्क्योलका धनी मैनालीज्यूको प्रस्तुत कथासंग्रह ऐतिहासिक र काल्पनिक दुवैथरि कथाहरुको सुन्दर सम्मिश्रण हो र यसबाट समान सत्य र मानवकल्याणको उपलब्धि हुन्छ । मानवहृदय सधैं नवीनता र विचित्रताको भोको हुन्छ । नवीनता नै सुन्दरता हो र विचित्रता नै जीवनजगत् र वाङ्मयजगत्को अलङ्कार हो । मम्मट आदि पूर्वीय साहित्यशास्त्रीहरुले भाषाका माध्यमबाट हुने अनुभूतिगत वैचित्य वा विविधतालाई अलङ्कार मान्नुको तात्पर्य पनि नित्यनवीनता वा सुन्दरता नै हो । प्रस्तुत कथासंग्रह पढ्दा मलाई यही किसिमको नयाँ अनुभव भइरहेको छ । किनकि यसमा आख्यायिका र कथा दुवैको सम्मिश्रणबाट यौटा त्यस्तो आस्वादको धारा बगेको छ, जसमा डुबुल्किँदा मानव सत्यमित्र ऐश्वर्यसत्यको दर्शन मिल्छ ।

यो कथासंग्रह मानवकर्मभित्र सत्य देखाउने रचनासंग्रंहको नाम हो । यस संग्रहका कथाहरुले नीतिगत सत्यको मार्ग दिग्दर्शन गर्दछन् । यसैले भनिएको छ - कथाच्छलेन बालानां नीतिस्तदिह कथ्यते (कथाका माध्यमहरुले नै यस हितोपदेश ग्रन्थमा नीतिको बाटो कथन गरिएको छ ।) अर्थात् जीवनजगतलाई सत्यतिर

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

डोऱ्याउने नै कथा, कहानी, वृत्तान्त, वार्तालाप, सम्वाद, प्रसङ्ग, सूचना, पुख्यौंली प्रकृति विगतलाई कोट्याएर र तन्काएर मनोरञ्जनपूर्वक मानवहृदयलाई मानवीय महागुणहरुले सिँगार्ने काम गरिन्छ । श्रद्धाको बगैंचामा फलाएको बयरका दानालाई बहुमूल्य र अक्षय मोतीमा परिवर्तन गर्न सक्ने यौटा कर्मवीर वा परिश्रमी किसानको महिमालाई सामाजिक क्षेत्रमा उतार्नका लागि नै कथाकारले आफ्ना ३७ वटा सबै कथाहरुको फूलबारीलाई श्रद्धाको बयरधारी बनाउनु भएको छ । यस संग्रहको बयरशब्द गङ्गाजीलाई सदैव अर्पण गरिने गरीब किसानका श्रद्धाको प्रतीक हो । यस संग्रहको प्रथम शीर्षक कर्मवीरको वयरभित्र अरु ३७ वटा शीर्षकहरुबाट व्यक्त हुने मीठो चाहना, महत्वपूर्ण पलका क्षण, निर्लोभिता, अहङ्कारहीनता, निर्दुष्टता वा दया, शुभशक्ति, मदहीनता, विश्वम्भरता, परसेवा, दानशीलता, दूरदर्शिता, चतुरता, सहृदयता, परोपकार, शत्रुसँगको आवश्यक मित्रता, सामर्थ्ययोग्यता लगायत कैयौं मानवसत्य वा महागुणहरु समाहित गरिएका छन् । ईश्वरबाट प्राप्त हुने परमगतिको निम्ति अत्यावश्यक शरणामतिको सुयोग्यपात्र यौटा किसानको किस्सा नै सम्पूर्ण मानव समाजको किस्सा बनोस् र सम्पूर्ण समाज किसान जस्तै पूर्ववित्त मानवमहागुणहरुका बयर अर्पेर ईश्वर वा गङ्गाजीलाई प्रसन्न पार्न सफल होऊ भन्ने तात्पर्य नै यस संग्रहको प्राण बनेको छ ।

अणोरणीयान् महतो महीयान् अर्थात् ईश्वर सानुमा सबैभन्दा सानु र ठूलोमा सबैभन्दा ठूलो हुनुहुन्छ भन्ने उपनिषद्वाक्य अनुसार सानुभन्दा सानु बयरको दानामा गङ्गाजीलाई वश पारेर ऐश्वर्यसम्पन्न विशाल लोकमित्र विचरण गर्न निर्देश दिने यो संग्रह अत्यन्त मर्मस्पर्शी र रोचक पनि छ ।

प्राचीन कथाहरु हुन् वा आधुनिक तर साहित्यका सबै विद्याहरु कथाबाट नै अनुप्राणित हुन्छन्, कथाशरीरको रुपमा नै देखापर्छन् र अनुभूतिपूर्ण मीठो सन्देश दिन्छन् । त्यसैले कथाकारले कथाहरुको अन्त्यमा नैतिकसारसंग्रह गर्नुभएको छ र पाठकहरुलाई त्यसप्रकारको सारसंग्रहको मैदानमा नटेकुञ्जेल, कथास्वादको रोचकतामा नै डुबाइरहनु भएको छ । अन्तिम सारसंग्रहको अमृतपान गरेर मात्र पाठक तृप्त बन्छ र आफूलाई सभ्य र श्रद्धावान् बनाएर ईश्वरको प्रिय पात्र बनाउने समर्थ बन्छ किनकि काव्य व्यवहारज्ञान र अशुभशान्ति दुवैको लागि हुन्छ । यसैले मैनालीज्यूका कथा व्यवहारमा आश्रित छन् र सारांश मानवकल्याणात्मक छ, संघर्षमय यस युगका लागि खबरदारीपरक पनि छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

भूट, लोभ, घमण्ड, वैर, तुजुक लगायत चित्तदोषहरुका भरमा व्यवहार चल्दैन किनकि व्यवहारमा सधैं सत्य, श्रद्धा, इमान्दारिता, परोकपकार, दान, आत्मसमर्पण लगायत अनेकौं गूढ भावनाहरुको एकरसता आवश्यक पर्छ । त्यसैले कर्मवीरको वयर कथामा सिकन्दर राज्यका राजपुरोहितको भूटले कर्मवीरको परिश्रमसामु हार खान पर्‍यो । यसैले कथाकारले यस कथाको नैतिक सारसंग्रह यसरी गर्नुभएको छ – परिश्रमपूर्वक प्राप्त गरेको उपलब्धिलाई श्रद्धापूर्वक समर्पण गर्दा उत्तम प्रिय वस्तुको रुपमा स्वीकारोक्ति हुन जानेछ ।

मानवीय सत्यमा मानव इच्छाको उत्तिकै महत्व रहन्छ । यसैले कथाकारले दिएको भन्दा चाहेको मीठो कथामा हरितराज्यका राजाकी कान्छी श्रीमतीको माइत गएर सल्लबल्ल खाने चाहनालाई मूर्तरुप दिनुभएको छ । कथाकार भन्नुहुन्छ– जङ्गलमा रमाई पखेटा फरफराएर बसेकी चरी दरबारिया पर्खालको घेरामा मात्र रमाउन सक्दिन । भागवतको एक पल कथाले पुलिसको खानतलासीको अवस्थामा डाँकाको छोरो भागवत कथा क्षेत्रभित्र लुकेर साधक बन्ने प्रेरणामा पुगेको कुरालाई छर्लङ्ग पार्छ । बाघ र कुखुरा कथामा शक्तिमान्सँग टक्कर लिँदा आफ्नै अस्तित्वको नाश हुने सन्देश दिनका लागि कथाकारले विरामी बाघलाई जिस्क्याउने कुखुराको भाले उसको आहार बन्न पुगेको कुरा उल्लेख गर्नुभएको छ । जडलोभी कथामा लोभका कारण चोरहरु आपसमा काटाकाट गरी मरेको घतलाग्दो घटना छ भने साधुको घमण्ड कथामा बनारसको मणिकर्णिकाघाटका हरिदास नामका साधुलाई आफ्ना घमण्डले सताएको कुरालाई मूर्तरुप दिइएको छ । दया नभएको दुष्ट कथामा आफ्नो नाँचको सीपले सम्पूर्ण जङ्गलवासी पंक्षीलाई मनोरञ्जन दिने मयूरलाई चीलले खाएको मर्मस्पर्शी घटनाको उल्लेख पाइन्छ । यसको सारसंग्रहमा कथाकार भन्नुहुन्छ – अरुमाथि कुकर्म गरी स्वाद लिन पल्केका दुष्टहरु जतिसुकै अशक्त र कमजोर देखिएता पनि दया र कोमलता भने अनुभव गर्न सक्ने छैनन् । त्यसरी नै घमण्डले विनाश निम्त्याउँछ, आवरणबाटै क्षमता देखिन्छ, सम्पत्तिको तुजुक, द्रौपदीको सागको त्यान्द्रो नामका कथाहरु शिक्षाप्रद छन् । पाहुनाको सेवा कथामा पानी परी रुखमा ओत लागेको निर्दयी शिकारीलाई तृप्त पार्न आफैं आगोमा पोलिएर स्वर्ग पुगेका ढुकुरका मायालाग्दा भालेपोथीको महिमावर्णन छ भने दानी राजा कथामा बाज र परेवाको रुप लिएका देवराज इन्द्र र अग्निदेवद्वारा पौराणिक राजा उषीनरको परीक्षा गरेको प्रसङ्ग पाइन्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सहसा विदधति न क्रियामविवेकः परमापदां पदम् ।

(तुरुन्त काम नगर्नु किनकि विवेक न पुग्नु नै विपत्तिहरुको परमस्थान हो ।) भन्ने महाकवि भारविको सुभाषित अनुसार कुनै पनि काम विचार पुऱ्याएर गर्नुपर्ने सन्देश दिँदै बुझेर निर्णय गर्नुपर्छ । कथाले ऋषिको रुपमा इन्द्रले गौतम ऋषिको अनुपस्थितिमा उनकी पत्नी अहिल्यासँग सहबास गरेर पछुताएको शिक्षा दिएको छ भने चतुर चोर कथाले राज्यका पदाधिकारीहरु पनि चौर्यवृत्तिबाट बँच्न नसकेको कुरालाई उधिनेको छ । सहृदय प्रेम कथा ऐश्वर्यशाली भगवान् श्रीकृष्ण र भक्तराज सुदामाको गाढाप्रेममा आधारित छ । सज्जनले कहाँसम्म हित गर्छ कथा अनुसार - सज्जनको सङ्गतले हित र दुर्जनको सङ्गतले अहित गर्छ । यसरी नै शत्रुबाट मित्रता, लोभको परिणाम, राजाको भोजन लगायत अरु कथाहरु पनि उत्तिकै रोचक छन् ।

यसरी अनेकौं भङ्गीहरुका साथ अनेकौं कथाहरुले अनेकौं उपाय र चतुरता वृद्धि गर्ने काममा पाठकहरुलाई सघाउँछन् । यसप्रकारको उपदेशप्रणाली भित्र उपलब्ध सकारात्मक पक्ष मानवीय हृदयगम्य हुन्छ । देवतादेखि पशुपंक्षीसम्म सबैलाई माध्यमबनाएर रचना गरिएका यसप्रकारका कथाहरु नै मित्रसम्मित अर्थात् मित्रले मित्रलाई भनिने वा शिक्षा दिइने वाक्य हुन् । मित्रसम्मित वाक्यमा अर्थ प्रधान हुन्छ र शब्दाम्डाबर र जटिलताको समस्या खडा हुँदैन । यसको ग्राह्यपक्ष नै सकारात्मक प्रवृत्ति हो र नकारात्मक प्रवृत्तिलाई यसले निषेध गरेको हुन्छ । हाम्रो संस्कृतिले रामको चरित्रलाई सकारात्मक पक्ष मानेको छ भने रावणको चरित्रलाई नकारात्मक पक्ष मानेको छ । सर्वे भवन्तु सुखिनः (सबै सुखी होऊन्), वसुधैव कुटुम्बकम् (पृथिवी नै कुटुम्ब हो), प्रभृति लोकहितैषी सन्देश दिने पक्ष नै यसप्रकारको कथाहरुको आधारशीला हुन्छ । समस्त ब्रह्माण्डमण्डलमा शान्तिस्थापना गर्ने ऋषिमहर्षिहरुको सदुपदेशका पीयूषधाराद्वारा सिञ्चित यस पृथिवीमण्डलमा प्रत्येक मानवजातिका कथामा सत्य र सेवाको अव्यय सीमा बाँधिएको हुनुपर्छ, जसमा कुनै प्राणीले कुनै प्राणीको हिंसा र अपमान नगरोस् । यही व्यापक मानवधारमा आधारित मैनालीज्यूका यी कथाहरुले बालक, वृद्ध, विद्वान् लगायत सम्पूर्ण पाठकहरुले प्यास शान्त पार्ने छन् भन्ने आशाका साथ कथाकारलाई वाग्देवीले उत्तरोत्तर समुन्नत भावनाको माला पहिऱ्याऊन् भन्ने शुभकामना व्यक्त गर्दछु ।

नवसृजनामार्ग, बानेश्वर, काठमाडौं १० *प्रा. डा. टीकाराम अधिकारी*

२०६४/०१/०३

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

मेरो भनाई

मैले यो पुस्तक यहाँहरुको सामुन्ने प्रस्तुत गर्न उपयुक्त यस किसिमले ठानेकि यसले केही मात्रामा भएपनि जीवन सञ्चालनको क्रममा आफ्नो उपस्थितिलाई सोच विचार गरी अगाडि बढ्नका लागि सहयोग पुऱ्याउन सक्नेछ । जीवनका अनुभव बटुलेका हाम्रा समाजका अग्रजहरुले स्वीकार गरेका, अपनाएका र परिणामबाट भोगी मान्यता प्रदान गरेका यी कथाहरुले त्यही समाजका सदस्यका नाताले हामी सबैलाई यसले हाम्रो कार्यक्षेत्रमा लाग्दा ठेस लाग्ने काम कम हुन जाओस् र कर्मक्षेत्र सरल र सुन्दर भई सफल जीवन बन्दै सुखी र आनन्दी भई रहन पुगोस् भन्ने ध्येयले यहाँहरुका अगाडि प्रस्तुत गर्न उपयुक्त ठानेको हुँ । यी लेखहरुका मुख्य स्रोत भनेका हाम्रा नीतिशास्त्र, परम्परा, गाउँ-टोलमा सुनेका, बुझेका, देखेका, पढेका र आफूले घर-परिवार र समाजमा उपस्थित हुँदा प्रकट गरेका अनुभूती आदि नै हुन् । त्यस्ता प्राप्त विचारहरुलाई आफ्नो शब्द, भाषा, शैलीमा समेटी प्रस्तुत गर्न आईपुगेको छु । हामी हाम्रो रीतिथिति परम्परा संस्कार पद्धति हाम्रो अग्रजहरुवाट प्राप्त गर्ने गर्दछौं, जुन आफ्ना पद्धति र परम्पराको जगेर्ना ती पुस्तावाट भइरहेको छ । आफूले जानेका, सिकेका, पढेका र अनुभूती गरेका आफ्ना संस्कारहरुलाई नयाँ पिढीमा हस्तान्तरण गर्दै जीवन पद्धतिको कार्यलाई अगाडि बढाउनुपर्ने भएकाले त्यसका लागि यस पुस्तकले केही सघाउन सक्नेछ र आफ्नो चरित्रमा राम्रो प्रदर्शन गर्न सहयोगी बन्न सक्नेछ भन्ने विश्वास लिएको छु । आफूसँग भएका ७७ यस्ता लेखहरुमध्ये यस पुस्तकमा जम्मा ३७ शीर्षकका लेखहरु मात्र समावेश गरिएको छ । पाठकवृन्दको न्यानो स्नेहले आवश्यकता ठानी माग गरेमा बाँकी लेखहरु प्रस्तुत गर्ने प्रयास गर्नेछु ।

यस पुस्तकमा भूमिका लेखिदिनुभई मलाई प्रोत्साहन बढाइदिनुहुने विद्वानज्यूहरुमा कृतज्ञता प्रकट गर्दछु । पुस्तक प्रकाशनको सिलसिलामा विविध रुपले सहयोगी बनिदिनुहुने श्रीमती निर्मला मैनाली, ध्रुव मैनाली, मोना मैनाली, ब्रह्मप्रिय प्रेमस्वरुपजी, दिपेन्द्रप्रसाद उप्रेती, दिपकप्रसाद मैनाली धन्यवादका पात्र बन्नुभएको छ । यहाँहरुको सामुन्ने प्रस्तुत गरिएको पुस्तकमा मुद्रा राक्षसका कारण त्रुटि हुन पुगेमा कथाको मर्मलाई हेरी बुझिदिनुहुनेछ भन्ने विश्वास लिएको छु । पुस्तकप्रति आफ्नो अमूल्य सल्लाह सुझाव प्रदान गर्नुभएमा त्यसलाई हृदयङ्गम् गर्दै सुधार गर्ने मौका प्राप्त गर्ने थिएँ, त्यसको लागि धन्यवाद टक्र्याउन चाहन्छु ।

कृष्णहरि मैनाली

बानेश्वर, काठमाडौं ।
२०६४/01/03

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

शुभकामना

मेरा पुराना घनिष्ठ मित्र कृष्णहरि मैनालीजीलाई धेरै वर्षपछि भेट्न पुगें । विदेशमा रहि आफ्नो कार्य व्यस्ततामा पनि केहि साथीहरुमध्ये उनीलाई सम्झिरहन्थें । धेरै वर्ष विदेश बसाइपछि केहि समयका लागि म आफ्नो देश फर्किएको थिएँ । विभिन्न स्थान र मित्रहरुसँगको भेटघाटमा व्यस्त भइरहेको थिएँ । अचानक हाम्रो जम्काभेट हुन पुग्यो । म उनी दुवै व्यस्त थियौं तर हाम्रो पुरानो मित्रतालाई सम्झदै हामी टाढा हुनै सकेनौं । सँगै बसेर कुराकानी पछि हामी अझ घनिष्टता हुन पुग्यौं । देश बाहिर रहँदा देशप्रेमले झक्झकाउँदो रहेछ आफ्नो समाज, संस्कृतिको तृष्णा बढाउँदो रहेछ, आफ्नो संस्कारलाई पछ्याइ राख्न पाउँदा हर्ष बढ्दो रहेछ । यस्तो प्रेम र प्यासलाई उनीसँगको छलफलपछि सद्भाव र शीतलता प्राप्त हुन गयो । प्रेसमा लगेका उनका प्रकाशित गर्नुपर्ने लेखहरुले त मलाई मेरो चाहना र तृष्णालाई केहि हदसम्म तृप्ती हुनसकेको छ । त्यसैले पनि म उनीमा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । समाजमा विविध विचारहरु रहनु स्वभाविकै हो तर परिणाम चाहेको सबैले एकै हुन्छ । प्यास लागेको व्यक्तिले आ-आफ्नो रुपले अभिव्यक्त गरेपनि मेट्ने पानीले नै हो । त्यसैले पनि यो पुस्तकमा रहेका लेखहरुले ती पूरा गर्न सघाउ पुऱ्याउनेछन्, संयमता, सजकता, शिष्टता तर्फ अग्रसर हुन प्रेरणा दिनसक्नेछ भन्ने मैले विश्वास लिएको छु । यो पुस्तक उनको सम्झना र उपहारको रुपमा सधैं साथी बनिरहने छ । उनका अन्य पुस्तक पनि प्रकाशित हुँदै जाओस् भन्ने कामना राख्दछु ।

नैरोबि, केन्या

डा. कुसन शर्मा

१९ मार्च, २००७

Digitization by Hindu Heritage Foundation of America. HHFA(USA)

विषय सूची

क्र.सं.	शीर्षक	पृष्ठ
१	कर्मवीरको वयर	१
२	दुष्टले कुलको नाश गर्दछ	४
३	भागवतको एक पल	५
४	भक्ति र भोजनको रस	७
५	इन्साफको आदर	९
६	दिएको भन्दा चाहेको मीठो	११
७	बाघ र कुखुरा	१३
८	जड लोभी	१४
९	साधुको घमण्ड	१७
१०	दया नभएको दुष्ट	१९
११	घमण्डले विनाश निम्त्याउँछ	२०
१२	आवरणबाटै क्षमता देखिन्छ	२१
१३	सम्पत्तिको तुजुक	२३
१४	द्रौपदीको सागको त्यान्द्रो	२४
१५	पाहुनाको सेवा	२६
१६	दानी राजा	२८
१७	बुझेर निर्णय गर्नुपर्दछ	३०
१८	चतुर चोर	३२

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

क्र.सं.	शीर्षक	पृष्ठ
१९	सहृदय प्रेम	३५
२०	सज्जनले कहाँसम्म हित गर्दछ	३८
२१	शत्रुबाट मित्रता	४२
२२	लोभको परिणाम	४३
२३	राजाको भोजन	४४
२४	महाशक्ति	४५
२५	शक्तिशाली पद्या	४८
२६	महात्मा	५०
२७	गलत व्यक्तिको शासन	५२
२८	अत्याचारीको अन्त	५४
२९	उपकारको उपलब्धि	५७
३०	राजा ज्ञानुकर	५९
३१	शुद्धदान महादान	६१
३२	पुनः मूषिक भव	६३
३३	धैर्यताको फल	६५
३४	चञ्चल कछुवा	६८
३५	कुसङ्गतको फल	६९
३६	राजर्षि जनकको व्यहारवाट शुकदेवमा परिवर्तन	७१
३७	ईश्वर स्पर्शको फल	७४

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कर्मवीरको वयर

सिकन्दर राज्यका बडामहारानी साह्रै कोमल, दयालु र ईश्वरभक्त थिइन् । उनका राज्यमा त्यसबेलामा कोही दुःखी देखिदैंनथे । सबै खुसी र आनन्दी जीवन बिताइरहेका अनुभूति हुन्थ्यो । जनतालाई कुनै पनि किसिमको दुःख कष्ट परेको बडामहारानीले थाहा पाइन् भने उनी अन्य सबै काम र व्यवहार छोडी सो कष्टबाट मुक्ति दिलाउन भर प्रयत्नरत रही सहयोग गर्दथिन् । उनीसँग राज्यका सबै जनताहरू साह्रै खुसी थिए । उनलाई देख्ने वित्तिकै सबै कठिनाईहरू दूर हुन्छ भन्ने जनताहरू विश्वास ठान्दथे ।

तर, रानी आफूचाहिं आफ्नो योग्य सन्तान प्राप्त हुन नसकेकोमा दुःखित र चिन्तित थिइन् । एकमात्र सन्तान रूपिको पुत्र पनि शारीरिक, मानसिक रूपमा अपाङ्ग थिए । विभिन्न देवदेवीसँग योग्य सन्तान प्राप्त होओस् भनी पूजाआजा उपासना गर्दै आइरहेकी थिइन् । तर पनि उनको इच्छापूर्ण हुन सकेको थिएन । रानीले एकदिन गंगाको किनारमा पुगेर गंगाजीसँग आराधना गरी आफ्नो सबै दुःख र चिन्ता व्यक्त गरिन् । उनको इच्छापूर्ण हुन सकेमा गंगाजीमा आफू भोग, उपासना गरी दरबारभित्र पूजाआजा सम्पन्न गराई गंगाजीलाई मिठाई फलफूल आदिको भोग लगाई शंख घण्ट समेत अर्पण गर्ने प्रतिज्ञा गर्दथिन् ।

दिन बित्दै गइरहेको थियो । नभन्दै रानी गर्भवती भएको खबरले दरबार मात्रै नभएर सारा जनताहरू समेत खुसीले गद्‌गद् भइरहेका थिए । केही दिन र महिना वितेपछि रानीको कोखबाट सबै किसिमले स्वस्थ फुर्तिलो बालक पैदा हुन गयो । देशभरी खुशीयाली मनाइयो । बालकको छैठी न्वारान हुँदै शुभ अन्नप्रासन पनि भइसकेको थियो । रानीले गंगाजीसँग गरेको वचन बल्ल सम्झन पुगिन् । तत्कालै आफ्ना राजज्योतिषलाई आफ्नो वचन अनुसार पूजा सम्पन्न गर्न अनुरोध गरिन् । ज्योतिषले पनि सबैभन्दा राम्रो समय हेरी उक्त कार्य बडामहारानीको ईच्छा बमोजिम सम्पन्न गरे । रानीको वचन पुरा गर्न रानीको अनुरोध अनुसार विभिन्न फलफूल नैवेद्यका साथै शंखघण्ट समेत अर्पण गर्न गंगाजीमा आफ्ना राजपुरोहितलाई पठाइन् । राजपुरोहित गंगाजीतर्फ सामान लिएर गइरहेका थिए । वाटोसँगै जोडिएको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

एक किसानको बँगैचामा बयर लटरम्म फलिरहेको देखे । उनलाई त्यो वयर कसको हो भनी सोध्ने ईच्छा जाग्यो । उनले सोधे, बँगैचाबाट निक्लेको किसानले सोधेको जति सबै उत्तर दिए र राजपुरोहितसँग पनि केही कुरा सोध्न थाले । राजपुरोहितको कुरा सुनिसकेपछि किसानले भने गुरूजी यी बँगैचामा फलेका कुनैपनि फल गंगाजीलाई अर्पण नगरी हामी प्रयोग गर्दैनौं । यी फलहरू गंगाजीलाई अर्पण गर्न लिएर जाने फुर्सद मिलेको पनि थिएन । त्यो बयरको फल पनि मैले पठाएको भनी गंगाजीमा चढाइदिनु होला भन्दै एक मुठी वयर राजपुरोहितलाई दियो । राजपुरोहितले पनि ती सबै वयरहरू खल्तीमा राखी लिएर गए । गंगाजीकहाँ पुगेपछि बडामहारानीबाट समर्पणगर्न पठाइएको सबै फलफूल, शंखघण्ट चढाइसकेपछि उनले त्यो किसान कर्मवीरले पठाएको वयर गंगाजीमा चढाउन मात्र के लागेको थियो गंगाजीको दुवै हात सो थाप्न अघि बढ्यो । आश्चर्य मान्दै सो वयर राजपुरोहितले उनको हातमा सुम्पिए ।

गंगाजीले सो बयर पाएपछि राजपुरोहितलाई सेतो मोतीको माला कर्मवीरलाई दिनु भनी सुम्पिइन् । राजपुरोहित कर्मवीरको बगैंचा नजिकै आइपुगे । कर्मवीरले राजपुरोहितलाई देख्ना साथ सोधे तपाईले मैले पठाएको वयर गंगाजीलाई टक्र्याउनु भयो ? राजपुरोहितले तत्कालै उत्तर दिए अँ टक्र्याएँ । गंगाजीले केही दिइनन् ? राजपुरोहित भन्छन् अ हँ ! चम्किलो मोतीको माला खल्तीमा हालेका पुरोहितलाई घमण्ड र लोभले छोप्यो उनले यो मोतीको माला बडामहारानीलाई दिने विचार गरे । यति सुन्दर र किमती माला पाइसकेपछि रानी धेरै खुसी हुनेछिन् र म सधैं उनको प्रिय भै रहन पाउनेछु । दरवारभित्र पस्ने वित्तिकै बडामहारानीले राजपुरोहितलाई सोधिहालिन्-पूजा सामग्री फलफूल दान कस्तो भयो ? के राम्रै भयो ? बडामहारानीको कुरा पुरा हुन नपाउँदै राजपुरोहितले हाँस्दै वडामहारानीलाई गंगाजी खुसी भएर यो सुन्दर मोतीको माला उपहार दिइएकीछिन् भनी टक्र्याए । सो माला लिइसकेपछि बडामहारानी कल्पना गर्न थालिन् र किन मसँग गंगाजी यति प्रसन्न रहन गइन् । मागेको त पुऱ्याइन् माग्दै नमागेको मात्र नभई सोच्दै नसोचेको वस्तु यो माला के कारणले मलाई पठाइन् ? कतै अन्य केही छल त भएको छैन ? रानीले राजपुरोहितलाई सोधिन् पुरोहित जे जस्तो भएपनि मेरा दुई सन्तान् छन् यो माला कसलाई दिउँ भोलि गएर आजको जस्तै गंगाजीमा पूजाआजा आराधना गर्नु भोलि पनि यो जस्तै माला प्राप्त भएपछि म आफ्नो दुवै बच्चालाई एक एक बाँडिदिने छु ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

भोलिपल्ट विहानै पूजा सामग्री ठिकठाक पार्न लगाई बडामहारानीले राजपुरोहितलाई गंगाजीमा पठाइन् । त्यहाँबाट उनले केही प्राप्त गर्न सकेनन् । त्यसैले राजपुरोहित कर्मवीरको बँगैचाभित्र पसि कर्मवीरसँग आफ्नो लोभ र घमण्डले गर्दा दरबारभित्र रानीसँग भनेको ब्यवहारको वृतान्त सुनाई माफ पाउँ भन्दै रून लागे । राजपुरोहितको छलकपट बुभ्न्दाबुभ्न्दै पनि कर्मवीरले गंगाजीलाई प्रार्थना गरे - हे ! गंगा ! मैले सधैं तिमीमाथि भक्ति श्रद्धा र प्रेमले सम्मान गर्दै आइरहेको छु, यदि तिमीले यो बुझेकी छ्यौ भने तिमी मेरो बँगैचामा बगिदेउ । नभन्दै गंगाजी सलल-सलल गर्दै कैयौं मोतीका माला दिदैं बँगैचाभित्र बहन थालिन । तब कर्मवीर खुसी हुँदै आवश्यक माला टिप्न राजपुरोहितलाई अनुरोध गरे । त्यसमध्ये एक मात्र राजपुरोहितले टिपी गंगाजीलाई नमस्कार गर्दै कर्मवीरसँग विदा भएर दरबारतर्फ लागे । दरवारमा रानीलाई सो सुन्दर मोतीका माला टक्र्याई सबै वास्तविक घटनाहरू विस्तार गरे । राजपुरोहितको सबै कुरा सुनिसकेपछि रानीले ती कर्मवीरलाई भेट्ने ईच्छा गरिन् । तिनै राजपुरोहितले बडामहारानीको कर्मवीरसँग भेट गराइदिए । त्यस्ता महान् धार्मिक, सात्विक, वास्तविक कर्मविरसँग भेट गर्न पाएकोमा बडामहारानी साह्रै सन्तुष्ट हुन पुगिन् र आफ्ना राजपुरोहितलाई क्षमा दिइन् ।

त्यसैले भनिन्छ -"परिश्रमपूर्वक प्राप्त गरेको उपलब्धिलाई श्रद्धापूर्वक समर्पण गर्दा उत्तम प्रिय वस्तुको रूपमा स्वीकारोक्ति हुन जानेछ ।"

Digitization by Hindu Heritage Foundation of America. HHFA(USA)

दुष्टले कुलको नाश गर्दछ

समुन्द्र छेउको तलाउ सँगैको ठूलो रूखमा एक पेट दुईमुख भएको एक अजवको पन्छी बस्ने गर्दथ्यो । उसले एकदिन समुन्द्री छालको तरंगले बहकाएर ल्याएको एक स्वादिष्ट अमृतमय फल पायो र प्रेमपूर्वक खाँदै भन्न थाल्यो आहा ! मैले समुन्द्री लहरबाट ल्याएको धेरै अमृतमय फल त खान पाएको थिए तर यस्तो स्वादिष्टमय फल चाहिं कैले खान पाएकै थिइँन । यो कुनै सुगन्धित वृक्ष चन्दन आदिबाट उत्पन्न भएको हुनुपर्दछ । कि मेरो यस्तो विचित्रको शरीर छुट्काराको लागि निर्माण गरी पठाइएको हुनुपर्दछ भन्ने सोच्दै थियो । यस्तो मीठो फल आफ्ना मित्रहरूलाई दिने विचारले केही उसले राख्यो । यस्तो भनेको सुनेर दोस्रो मुखले भन्यो यदि त्यस्तो छ भने त्यो फल मलाई पनि देउ म पनि स्वाद लिनेछु । पहिलोले भन्यो मैले खाइसकेको छु । हाम्रो पेट एकै भएकोले तृप्ती र प्राप्ति पनि एकै हुने भएकोले भिन्नै खानाले के नै लाभ गर्दछ ? यो हाम्रा अन्य मित्रहरूलाई दिउ उनीहरू पनि तृप्ति होउन् । उसले बाँकी सो फल आफ्ना अन्य मित्रलाई दियो र सबै आनन्दित भए । त्यसपछि त्यसैदिन अर्को मुखले अर्को फल पायो जुन विषले भरिपूर्ण थियो । त्यो फल पाएपछि पहिलो मुखलाई भन्नथाल्यो निष्ठुर नीच मैले विषले पूर्ण फल पाएको छु तेरो अपमानको लागि यो फल खानेछु । पहिलोले भन्यो ! मूर्ख मित्र यसो नगर, यसले हामी दुवैको नाश गराउनेछ तर दोस्रोले आफ्नो अपमान सम्झदैं त्यो फल खान पुग्यो केही छिनमैं ती दुवै नष्ट हुनपुगे । त्यसैले विना मेल परस्पर फल खोज्ने मान्छे पनि एक एक पेट तथा दुई मुख भएका पन्छी झैं नाश हुने छन् ।

त्यसैले भनिएको छ "दुष्टले कुलको नाश गर्दछ ।"

Digitization by Hindu-Heritage-Foundation of America HHFA(USA)

भागवतको एक पल

जन्मेको वेलादेखि नै लुट्ने, चोर्ने, डकैती गर्ने, मार्ने मात्र देख्दै, भोग्दै र गर्दै आइरहेको डाँकाको एक छोरालाई आफ्ना कुकर्मदेखि विरक्त लागेर सो धन्दा नगर्ने विचार आइरहेको थियो । यसरी दिनप्रतिदिन छोराको शिथिलता देखेर डाँकाले जान्नखोज्दा छोराबाट उसको भावना खुल्यो । आफ्नो छोरालाई उसले सम्झाउँदै, बुझाउँदै, धम्काउँदै भन्न थाल्यो - बाबु हामीहरूको कर्म नै यही हो लुट्ने, चोर्ने, डकैती गर्ने बाँड्ने र खाने । यी सब काम गर्दा कसैले हामीलाई अवरोध गर्न खोज्दछ भने उनीहरूलाई हामीले धरपकड, कुटपिट तथा काटमार गरेरै भएपनि आफ्नो कार्य फत्ते गर्नुपर्नेहुन्छ । त्यसैले तिमीले (डाँकाका सन्तानले) ईश्वरको गुणगान भएका कुनै कार्यहरूमा उपस्थिति जनाउनु हुँदैन, सहयोग, समर्थन गर्नु हुँदैन तथा त्यस्ता कुनै पनि पुस्तकहरू पढ्नु र सुन्नु पनि हुँदैन । आफ्नो बाबुको यस किसिमको पूर्वाग्रही अभिव्यक्तिबाट ऊ सन्तुष्ट भएको त थिएन तर पनि आफ्नो डकैती कर्म पनि छोड्न सकिरहेको थिएन । बरू सोही कार्यबाट अकुत धन-सम्पत्ति आर्जन गरिरहेको थियो ।

एकदिन डाँकाहरू डकैती गरेर फर्कन लागिरहेको अवस्थामा पुलिसहरूको ठूलो डफ्फाले उनीहरूलाई घेर्न थाल्यो । त्यो देखेर सो डाँकापुत्रले आफूलाई पुलिसबाट बचाउन गाउँभित्र पस्यो । त्यहाँ भागवत पाठ गरिरहेको स्थानमा जम्मा भएका गाउँलेहरूको बीचमा पसेर श्रवण गरिरहेको झैं देखायो । सुन्न नचाहँदा-नचाहँदै पनि पण्डितले भगवानको गुणगान गाएको प्रवचनरूपी अमृतको एक थोपा उसको हृदयमा पस्न पुग्यो । त्यो के थियो भने - ईश्वरका "मुख छैन, आँखा छैन, कान छैन, हातगोडा पनि छैनन्" उनी आकार विहिन छन् तर उनका हजारौं-हजार रूपहरू छन्, उनी कहीं पनि छैनन् तर सर्वत्र छन् । उनीलाई कसैले देख्न सक्दैनन् तर पनि सबका हृदयमा रहन्छन् । उसले यी वाणीलाई हृदयभित्र राख्न नचाहँदा नचाहँदै पनि हटाउनै सकेन ।

केही दिन पछि डाँकाहरूका वस्तीहरूमा प्रहरीहरूले देव-देवीहरूका भेषभुषामा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ढोल पिंटाई-पिटाई प्रवेश गरे । डाँकाहरू चिन्ने, पत्ता लगाउने र समात्ने उद्देश्यले उनीहरूले उद्घोष गरे हे डाँकाहरू हो ! तिमीहरूले आजसम्म जे जति डकैती र लुटपाट गऱ्यौं गऱ्यौं देव-देवीका शरणमा परेर माफी माग देवताहरूले तिमीहरूलाई माफी दिनेछन् । नत्रभने देवदेवीले तिमीहरू सबैलाई एकएक गरी मार्नेछन् । धेरै डाँकाहरूले माफी माग्दै ती देवदेवीको शरण पर्न गए, यत्तिकैमा ती डाँकापुत्र पनि आइपुग्यो । उसले एकैछिन् सुनेको भागवत पाठलाई सम्झ्यो, देवदेवीको रूपमा यहाँ कुनै मानिसले रूप गरेको हुनुपर्नेछ । (किनभने भगवान्को लीला अनेक हुनेछ उनका रहस्यमय जन्म ऋषिमुनिहरूले पनि सजिलै जान्न सक्दैनन् भने अरूहरूले जान्नबुझ्न त सक्ने नै भएनन्) यहाँ यस किसिमले देवदेवीको रूपमा आएका यिनीहरूले मकुण्डोहरूलाई उदाङ्ग पारौं भनि आफ्ना सङ्गतिहरूलाई दृढ विश्वासका साथ सहयोग माग्यो । सबै डाँकाहरू र गाउँलेहरू आई मुकुण्डो खोले ती त नक्कली भेषका प्रहरीहरू भएको पाए र पिटी पिटी लखेटे । सबै डाँकाका सङ्गतिहरू पनि आफ्ना-आफ्ना क्षेत्रतर्फ लागे । तर त्यो एकैछिन भागवतको प्रवचन सुन्ने डाँकापुत्र धैर्यपूर्वक गम्भीर भएर सोच्न थाल्यो । मेरा पिताले सुन्न बुझ्न हेर्नसम्म नहुने भनि निषेध गरिएको धार्मिक प्रवचनहरूमा एकपल (एकक्षण) मात्र सुन्दा त ममा यत्रो सोच्न ठम्याउन सक्ने शक्ति प्राप्त हुन गयो भने मैले सधैं यस किसिमका प्रवचनहरू सुन्न र बुझ्न पाएँ भने मलाई कस्तो प्रतिफल प्राप्त होला ?

त्यस्ता हजारौं रूप स्वरूपमा प्रकट हुनसक्ने स्वरूपविनाको ईश्वरको लीला सुन्न र सत्सङ्गमा लाग्न मैले किन नहुने ? त्यसै दिनदेखि सो डाँकापुत्र आफ्ना सम्पूर्ण खराब कृयाकलापहरू छोडेर त्यसै समयदेखि ईश्वरीय भक्तिमा आफ्नो मन लगाई ठूलो साधक बन्न पुग्यो ।

त्यसैले भनिन्छ- "एकैक्षणको भागवतको सत्सङ्गले पनि मानिसको जीवनमा कायापलट गर्नेछ ।"

Digitization by Hindu-Heritage-Foundation of America HHFA(USA)

भक्ति र भोजनको रस

हस्तिनापुरको राजघराना झगडामा चुर्लुम्ब डुबेको थियो । राजघरानाका नातेदारदेखि जनताहरूसम्म पक्ष-विपक्षमा बाँडिएका थिए । आफ्ना कुलगुरू राजज्योतिष एवं अग्रजहरूको सल्लाह सुझावको पुरै व्यवस्था गरिएको थियो । युवराज दुर्योधनको दम्भ र घमण्डले पारिवारिक वातावरण बिथोलिएको थियो भने राजकीय संचालनमा अत्याचारी, दुराचारी, भ्रष्टाचारी, चाकडीदारीहरूको बोलवाला थियो । यस्तै यस्तै विचित्रको अवस्थाहरू देखेर भगवान श्रीकृष्णले दुवै पक्ष कौरव र पाण्डवलाई सहमतिमां पुग्न सल्लाह दिनुहुन्थ्यो तर एकपक्ष कौरव उहाँका यस्ता कुनै सुझावहरू सुन्नै चाहँदैनथ्यो ।

यसैवीचमा श्रीकृष्ण एकदिन पाण्डवहरूकाबीचमा छलफलमा सहभागी हुनुभयो र पाण्डवहरूका प्रस्ताव लिएर कौरवकहाँ पुग्नुभयो । दुर्योधन समेतले श्रीकृष्णलाई अनेक घोचपेच गरे । उनले पुर्‍याएको, प्रस्तुत गरेको प्रस्ताव सम्बन्धमा खासै महत्वमा नदिई छलफलमैं ल्याइएन । यत्तिकैमा भोजन गर्ने समय भयो । दुर्योधनले श्रीकृष्णलाई विभिन्न मिष्ठान्न परिकारको भोजनका लागि निम्ता दिए । त्यहाँ उपस्थित अनेक विशिष्ठ व्यक्तिहरू समेतले उहाँलाई निम्ता दिए । भोजनको निम्ता दिनेको भिड नै देखिन्थ्यो ।

तर श्रीकृष्णले सोचे ज्ञान र नीतिका ज्ञाता विदुरजीकहाँ केहीबेर रही नीति सम्बन्धि जानकारी लिने र भोजन पनि त्यहीं गर्ने निर्णय गरि विदुरका आश्रममा पुग्नुभयो । अचानक श्रीकृष्णजीलाई आफ्नो ढोकाको अगाडि आएको देखि विदुरजी हत्तपत्त स्वागत गर्न आइपुगे । आफ्ना बैठकमा राखि स्वागतका साथ पूजा गर्न सुरू गरे । कृष्ण भोकाएका थिए । विभिन्न व्यक्तित्वहरूबाट सजाइएका विभिन्न मिष्ठान्न छाडेर उनी त्यहाँ भोजनका लागि पुगेका थिए । कृष्णले विदुरसँग भन्नुभयो म त भोकाएको छु ! खानाको केही व्यवस्था गर्नुहोस् । हत्तपत्त विदुर बगैंचातिर लगे । फलफूलले भरिएको डाली लिएर अगाडि राखि दिए । विदुर पत्नि फ़लफूलको डालिबाट केरा छिलिछिलि भगवान् श्रीकृष्णलाई ख्वाउन थालिन् । विदुरजी पानी लिएर श्रीकृष्णका अगाडि उभिरहे ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

प्रेम र सद्भाव साथ स्वागत गरिरहेकी विदुरपत्नि छिलेको केराको बोक्रा कृष्णजीलाई दिन्थिन् र गुदी टोकरीमा राख्दथिन् । श्रीकृष्ण केराका बोक्रा खाँदै आहा ! कति मीठो भन्दै आनन्दले खाइरहेका थिए । विदुरले जब सो देखे र ओहो ! तिमीले के दिइरहेकी छ्यौ ? श्रीकृष्ण भन्दछन् - विदुरजी ! तपाई संकोच नमान्नुस् ! दुर्योधनको चौरासी व्यञ्जनमा कहाँ यस्तो स्वाद पाउने थिएँ र जति भूलले तपाईकी पत्निले केराको बोक्रा ख्वाउँदा आनन्द पाइरहेको छु । तपाईको यो आतिथ्य म जीवनभर विर्सने छैन । त्यसैले भनिन्छ "भगवान् मिष्ठान र भोजनका भोका हुन्नन्, प्रेम र सद्भावनाका भोका हुन्छन् ।"

Digitization by Hindu-Heritage-Foundation of America HHFA(USA)

इन्साफको आदर

राजपाल देशका राजाले सज्जन र न्यायका लागि प्रख्याति कमाएका थिए । देशका आफ्ना कर्मचारीहरूको अन्याय र अत्याचारबाट पीडित जनताहरूले दैनिकै सयौं उजुरीहरू राजाकहाँ पुऱ्याउँदथे । राजाले छानेर राखेका हुन् अथवा चुनिएर आएका सबै कहालिलाग्दा भ्रष्टाचार र चाकडीमा चुर्लुम्म डुबेका थिए । राजा कतिलाई सचेत गराउँदथे त कतिलाई पुरस्कार प्रदान गर्दथे । तर केही समयपछि नै तिनीहरू ती सबै कुराहरू बिर्सेर उस्तै व्यवहार देखाई हाल्दथे । राजा ती आफ्ना कर्मचारी तथा चुनिएका नेताहरूका निर्णय र व्यवहार आचरणबाट दिक्क भइरहेका थिए ।

एकदिन राजाका आफ्नै पुत्र राजकुमारबाट शिकार खेल्न गएको अवस्थामा शिकारको खोजी गरिरहँदा आवाज आएको तर्फ हेर्दै नहेरी गरेको प्रहारले एक युवकको मृत्यु हुन पुग्यो । राजकुमार त्यहाँबाट डराई भाग्न पुगे । ती मृतकका परिवारजनबाट राजकुमारलाई कारवाई गरिपाउन उनी विरूद्ध निवेदन गरियो । यस सम्बन्धमा न्यायाधिशहरू वीचमा गहन छलफल हुन गयो । कुनै न्यायाधिशले पनि सो निवेदन अगाडि नबढाउने निर्णय गरे तर न्यायका पालक एक न्यायाधिशले अन्त्यमा सो को कारवाही अगाडि बढाउने निर्णय सुनाए । न्यायाधिशले राजकुमारलाई अदालतमा उपस्थित हुन म्याद पठाई दिए तर राजाका सल्लाहकारहरूले राजकुमारलाई उपस्थित नगराउने निर्णय गरे । यो कुरा राजाकहाँ पुग्यो । राजाले पनि थाहा पाए । राजाले राजकुमारलाई वोलाएर भने तिमीले अदालतमा उपस्थित हुनुपर्नेछ र त्यहाँ सोधनि भएका कुराहरू वास्तविक रूपमा बताउनुपर्नेछ । समयभित्रै राजकुमार अदालतमा उपस्थित हुने निर्णय भयो । राजकुमार आफ्ना दलबल सहित अदालतमा उपस्थित भए । राजकुमारका दलबलले न्यायाधिशलाई घोचपेच गर्न थाले । लोभ र लालच देखाइन थालियो । न्यायाधिशले सत्य न्याय गर्ने छैनन भन्ने सोचाइराखेका राजा आफ्नो भिन्न भेषमा अदालतको इजलासमा आएर उनीहरूबीच भइरहेको बहस सुनिरहेका थिए । धेरै प्रश्नको जवाफ दिइसकेपछि राजकुमारले मृतककी वृद्धसँग हातजोडी माफी मागे । लिखित रूपमा न्यायाधिशकहाँ लिखित क्षमायाचनाको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लागि पेश गरे र मृतकको वृद्ध मातालाई आफ्नै माता झैं सम्मानगरि भरणपोषण गर्ने लिखित प्रतिबद्धता जनाए । मृतकको माताले पनि सो पूर्ण भएपछि अन्य कारवाही नगरीदिन अनुरोध गरिन् । न्यायाधिशले निर्णय सुनाए । राजकुमारले सो प्रतिबद्धताहरु पूर्ण गर्नुपर्ने र पछि कहिल्यै दुःख पुऱ्याउने कार्य नगर्ने कडा लिखित रूपमा प्रतिबद्धता जनाउन लगाए । भिन्न भेष धारणगरि एक छेउमा बसेर सबै सुनिरहेका राजा न्यायाधिशको निर्णयद्वारा खुशीले गद्‌गद् भए । भेषधारी राजाले भने न्यायाधिशज्यू तपाईको निर्णय दिने क्षमता देखि म प्रसन्न भएको छु । अबदेखि यहाँभित्र प्रवेश गरेकाले यस्तै न्याय पाउन सक्नेछन् भन्नेमा म ढुक्क भएको छु । तर तपाईले यो निर्णय कसरी गर्न सक्नुभयो ? न्यायाधिश पनि के कमका थिए र उनले भने इजलासभित्र प्रवेश गरेका सबै नागरिकहरू मेरा लागि समान हुन् अपराधी र निर्दोषको निक्र्योल गर्नुपर्दा बयानलाई मैले कस्नुपर्ने नै छ । भाग्न र छल्न खोज्नेलाई म कोर्रा हान्न पनि पछि पर्ने छैन । मेरा इजलासमा अपराध अनुसारको अनुसन्धान गर्ने कोर्रा समेत तयार गरेर राखेको छु । धन्य आज यी राजकुमारलाई प्रयोग गर्नुपर्ने सम्म अवस्था आएन । भेषधारी राजा ती न्यायाधिशको ती बचनबाट मुग्ध भए र आफ्ना राज्यमा यस्ता मानिस पनि रहेकोमा प्रसन्नभई आफ्नो परिचय दिई उनलाई धेरै पुरस्कार दिई सम्मान गरे ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

दिएको भन्दा चाहेको मीठो

हरित राज्यका राजा शक्तिशाली र धेरै सुन्दर पनि थिए । उनलाई प्रथमतः आफू सुन्दर भएकोमा साह्रै घमण्ड थियो । तथा आफू यस्तो सुन्दर हुँदा-हुँदै पनि रानीको सौन्दर्यतादेखी उनी कहिल्यै खुसी रहन सकेका थिएनन् । उनलाई घोडसवार गर्नु र शिकार खेल्नुमा साह्रै सौख थियो । एकदिन राजाले शिकार खेल्न जाने निर्णय गरी आफ्नै घोडचढि सहयोगी समेत लिई शिकार खेल्न गए । जङ्गलभित्रको शिकारको लहड-लहडमै राजाले केही दिन बितेको पत्तै पाउन सकेनन् । दरबारबाट आएको धेरै दिन भएको जानकारी पाएपछि दरबार फर्कने तयारी गरे । आफ्ना शिकारका भारीका भारीहरू समेत लिइ आफ्ना स्याहार सुसारे तथा अङ्गरक्षकहरूका साथ फर्कन लागेका राजा नजिकैबाट घैलामा पानी भरेर आफ्ना घरतर्फ जान लागिरहेकी एक अति सुन्दरी केटी देखेर राजा उनको पछि-पछि लागे । केटीका घरमा पुगेर राजाले केटीका आमाबाबुसँग आफ्नो परिचय दिए र उनीहरूका छोरी ती केटीसँग विवाह गरेर रानी बनाउन चाहेको बताए । राजाका कुरा सुनेर उनीहरूले आफ्नी ती छोरीलाई राजाकै ईच्छा मुताविक त्यही विवाह गरी राजासँग दरबार पठाइदिए । केटीका आमाबाबु आफ्नी छोरीको राजासँग विवाह हुन सकेकोमा साह्रै खुशी थिए ।

राजाले सुन्दरी श्रीमती पाएकोमा साह्रै खुसी मानी उनलाई कुनै किसिमको कमी हुन नदिइ खानपिन, व्यवहार आदिले भरिपूर्ण गराई राखेका थिए । ८४ व्यञ्जनका खाना, हिरा, मोती जडित सुन्दर वस्त्रका साथै सम्पूर्ण भोगले पूर्ण गर्दा पनि रानी कहिले-कहिले माइतीतर्फ सम्झने र त्यहाँ खाएको जस्तो खाना नपाएको व्यक्त गरिरहन्थिन् । दिन बित्दै भए राजासँग पनि रानीले निवेदन गरिन्, केही दिन माइती जान र बस्नको लागि । राजा आफ्नी प्रिय कान्छी महारानीलाई के-कस्ता कुन विषयमा चित्त नबुझेको रहेछ भनी बुझाउन उनी आफैं खानापिना स्याहार सुसार आदि हेर्न थाले । रानी माइतीमा आफूले खाने गरेको सिन्की, मेसो आदि खाने इच्छा भएको आफ्नी सुसारेहरूसँग बताइरहेकी थिइन् । राजाले आफ्नी रानीको सो इच्छा बुझ्न पाएपछि रानीलाई आफूसहित उनको माइती पुऱ्याउन जाने निर्णय गरे ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

आफ्नी रानी र सुसारेसहित राजा ससुराली गए । राजारानीको दर्शन गर्न टाढा-टाढा गाउँदेखि विभिन्न जनताहरू तथा रानीका आफ्नी सँगिनी सखेलीहरू भेटघाट गर्न आइरहेका थिए । रानी छट्पटाउँदै आफ्नी आमासँग घरकोठातिर लागिन् र आमासँग सिन्की, भिजाएको गुन्द्रुकहरू धमाधम खान लागिन् । राजा पनि आफ्नी रानीको त्यस्तो प्रिय खानेकुरा के रहेछ र के गर्न भित्र गएकी हुन् हेर्न मन लागि भित्र गएछन् । भित्र साग समेत भएको लामो मुलाको सिन्की मुखमा हालेर स्वाद मानी-मानी चट्खा मार्दै खाइरहेकी रहेछिन् । रानीले त्यस्तो स्वाद मानी-मानी खाएको देखेर राजाले अलिकति आफूपनि खाने विचारले रानीसँग मागी मुखमा हाले । मुखभित्र मात्र के हालेका थिए अमिलो पिरो आदि वेस्वादको ठानी मुख वाक्-वाक् गर्दै न्याल सिँगान निकाल्दै बाहिर निक्ले । राजाको यस्तो अवस्था देखि सबै आश्चर्य मान्दै सोध्न थाले । राजाले सबै कुरा अभिव्यक्त गरे र रानीलाई छोडी आफ्नो दरबार गए ।

भनिन्छ - "जङ्गलमा रमाई पखेटा फरफराएर बसेकी चरी दरबारिया पर्खाल भित्रको घेरामा मात्र रमाउन सक्तिन ।"

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बाघ र कुखुरा

जङ्गलको राजा सिंह केही दिन बिमारी परेका रहेछन् । अरूहरूले मारेर ल्याएका शिकार, जङ्गली राजाले खाने गर्दैनन् । बरू मर्नै किन नपरोस् । ती राजाले ताजा आफैंले आफ्नै झम्टाबाट समाती तातो रगत पिएर मात्र उसको मासु खाने गर्दछन् । जङ्गली राजा केही दिनको बिमारी पछि सञ्चो भई शिकार गर्न जङ्गल चाहार्दैथ्यो, टुपा पलाएका बोटविरूवा टपक्क टिपी स्वाद मानी-मानी खाएर मोटाएका घोरलका जोडी देखेर जङ्गली राजा सिंह मुख मिठ्याएर ती जोडी माथि जाइलागिहाले । भर्खर बिमारी परी उठेका सिंहले झापड हान्नै भ्याएन, ती घोरलका जोडी भागे । सो पछि-पछि लागेका सिंह जाँदा-जाँदा गाउँभित्र पस्न पुगेछ उसलाई पत्तै थिएन । गाउँभित्र पस्ने वित्तिकै कुखुराको कलकलाउँदो भालेले ती जङ्गली राजालाई देख्न पुगेछ । देख्ने वित्तिकै उक्त भाले चिच्याउँदै क्वाँ-क्वाँ गर्दै पखेटा फट्फटाउँदै भुर्र-भुर्र उड्न थालेछ । भालेको त्यो चिच्याहटको क्वाँ-क्वाँ गर्ने आवाज साह्रै नमिठो लागी सिंह लुरूलुरू गाउँबाट जङ्गलतर्फ फर्कन थालेछ । जङ्गली राजा सिंहलाई आफूले तर्साएर गाउँबाट जङ्गलतर्फ फर्काइदिएको भनि वरिपरि कुखुराहरूका बीचमा सिउँर उठाई सुनाइरहेको थियो । यत्तिकैमा भोकाएको सिंह घोरलको सम्झना गर्दै त्यसै ठाउँमा भोलीपल्ट पनि आइपुगेछ । भालेले देख्यो र हिजो जसरी नै भालेले क्वाँ-क्वाँ गरि उफ्रँदै सिंहतर्फ जाइलाग्यो । सिंहले त्यो उसको अप्रिय स्वर मानी पुनः लुरूलुरू जङ्गलै तर्फ फर्कियो । त्यो हेरिरहेको स्यालहरूले भाले कुखुराको बहादुरीको खुलेर प्रशंसा गर्न थाले । भोकाएको र घोरलकों जोडी देखी लोभिएको उक्त सिंह फेरि पनि ती जोडीको शिकार गरी भोक प्यास मेटाउने अभिलाषाले पुनः गाउँतर्फ अगाडि वढ्यो । गाउँको बीचमा पुग्दा नपुग्दै भाले पुनः हिजो अस्तिको झैं क्वाँ-क्वाँ गर्दै पँखेटा फट्फटाउँदै भुर्र-भुर्र उड्दै सिंहलाई लखेट्न सक्ने क्षमता भएको देखाउँदै थियो । सधैं आवाज भालेको राम्रो नलागी फर्कने गरेको जङ्गली राजा सिंहलाई रिस उठेछ । सिंह फरक्क पछाडि फर्क्यो र च्याप्प मुखले समातेर भालेलाई २० हात परको रूखमा फ्यालिदियो । भाले कुखुराको सिंहको मुखले च्याप्ने वित्तिकै प्राण उडिसकेको थियो ।

भनिन्छ -"शक्तिमा ठूलो भएकासँग प्रतिस्पर्धा गर्ने क्षमता छ भन्ने घमण्डता गर्नु नै आफ्नो अस्तित्वको विनाश गराउनु हो ।"

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

जड लोभी

योगी तपेश्वर उत्तराखण्डका सबै तीर्थस्थलहरूको दर्शन गरिसकेर दक्षिणतर्फका तीर्थस्थलहरूको दर्शन गर्न लाग्नु भएको थियो । वहाँका प्रशंसक तथा सहयोगीहरू धेरै थिए । बाटोमा वहाँ एक्लै सो तीर्थयात्रामा लागेको देखेर वहाँका सहयोगी र प्रशंसकहरूले बाटो बाटोमा उभिई आफूहरूसँग भएका विभिन्न तीर्थयात्रीहरूले प्रयोग गर्न हुन वस्तुहरूको उपहारहरू टक्र्याउन थाले । वहाँले ती मध्ये पानी पिउनका लागि एक तुम्बा, सरसामानहरू राख्नको लागि एक झोला र तत्काल खानका लागि पाँच केरामात्र लिनुभई अन्य वस्तुहरूका उपहार दिन चाहने मित्रहरूलाई धन्यवाद प्रकट गर्दै विदा हुँदै अगाडि बढिरहनु भएको थियो । वहाँ अगाडि बढिरहँदा वहाँको साथमा एकजना लोभी र दरिद्र व्यक्तिले पनि वहाँसँगै तीर्थयात्रामा जाने निधो गरी योगीसँग अनुरोध गऱ्यो र पछि-पछि लाग्यो । जाँदा-जाँदा जङ्गलभित्र सानो खोला पनि देखियो । योगीले सोही ठाउँमा आफूलाई दिइएको केरा खाने विचार गरी त्यहीं बसे । गाउँले मित्रहरूले दिएको केरामध्ये दुईवटा झोलीवाट निकाली आफूले राखेको दुई आफूसँग आएको दरिद्र लोभीलाई दिई बाँकी एक केरा त्यही झोलीमै राखे । केरा खाइसकेपछि पानी पिउनका लागि तिनै गाउँलेवाट दिइएको तुम्बा लिएर योगी खोलातर्फ लागे । तुम्बामा पानी भरेर घट्घट् पिएर एक तुम्बा पानी भरेर आफ्नो झोली राखेको ठाउँतर्फ आए । आफूले तुम्बाभरी ल्याएको पानी त्यो दरिद्रलाई पिउन दिए र खाली भएको तुम्बा झोलीमा राखे । बाँकी रहेको एक केरा अन्य ठाउँमा खान हुनेछ भन्ने ठानी राम्रोसँग राख्छु भन्ने ठानी हेर्दा बाँकी रहेको एक केरा ती योगीले भेट्टाएनन् । योगीले सोधे पाँचौ केरा कहाँ गयो ? लोभीले हत्तपत्त भनिहाल्यो मलाई के थाहा ? मैले केही गरेको छैन । योगीजी छक्क पर्दै अगाडि बढिरहेका थिए । जङ्गलको बीचमा पुग्दा भर्खर सुत्केरी भएकी मृगिनी, भर्खर जन्मेको बच्चा मृत अवस्थामा भएकाले रोएर बसिरहेकी रहिछ । योगीजी टक्क रोकिनुभयो । त्यहाँ त्यो अवस्थामा ती मृगिनीलाई देखेर योगीजीलाई करूणा जाग्यो र तुरून्तै मृत मृगिनीका बच्चालाई ब्यूँझाइदिनुभयो । मरेको मृगको बच्चा एकाएक ब्यूँझेको देखेर मृगिनी ल्याप ल्याप आफ्नो बच्चालाई चाट्न थाली । यो हेरेर बसिरहेको त्यो दरिद्र छक्क पर्न थाल्यो । यो हेरेर बसेको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
योगीजीले त्यस दरिद्रलाई सोध्नुभयो बावु ! जुन ईश्वरीय शक्तिले यी मृत मृगिनीका बच्चालाई ब्यूँझाइदिए तिनै ईश्वरीय शक्तिलाई साक्षी राखेर तिमी भन त पाँचौ केरा कसले खायो ?

पुनः लोभीले भन्न थाल्यो, खोइ त्यो मलाई के थाहा ? हिँड्दै जाँदा अलिपर पुगेपछि एक नदी भेटियो । सो नदी ठूलो थियो तर दरिद्रलाई हातमा समातेर योगीजीले नदी माथि माथि हिँडाई पारी तार्नु भयो र सोध्नु भयो जुन ईश्वरीय शक्तिले हामीलाई नदी माथि माथि हिँडी पारी पुऱ्यायो सोही शक्तिलाई साक्षी राखेर भन त त्यो पाँचौ केरा कसले खायो ? त्यो लोभीले पनि आफूलाई थाहा नभएको अभिव्यक्ति दियो । जाँदाजाँदा एउटा पहाडको छेउबाट उकालो लाग्न खोज्दा योगीजीले पहाडको दुलोमा हात हाल्नु भयो र आफ्नो शक्तिले गर्दा एक बोरा सुनका टुक्रा निकाल्नुभयो र तीन भाग लगाउनुभयो र भन्नुभयो- बावु एक भाग तिमीलाई, एक भाग मलाई र एक भाग चाहिँ त्यो केरा खानेको लागि । योगीजीको सो कुरा सुनेर सो लोभी दरिद्रले पाँचौ केरा मैले नै खाएको थिएँ भन्यो ।

त्यो दरिद्रीको लोभको वशमा परेर सत्य बोल्न विवश भएकाले योगीजीले यी तीनै पोका सुनहरू तिमीलाई नै भयो लैजाऊ भने । त्यो लोभी प्रसन्न भएर सुनका पोकाहरू समेट्याउँदै आफ्नो घरतर्फ फर्क्यो । योगीजी आफ्नो उद्देश्यतर्फ अगाडि बढ्नुभयो । त्यो लोभी जाँदा जाँदा एक सुनसान ठाउँको गोठमा आइपुग्यो । सुनको भारीले थिचेर गलित भएकाले त्यहाँ त्यो भारी बिसाउने वित्तिकै ऊ निदाउन पुग्यो । दुई चोरहरू त्यहाँ आइपुगे र त्यो बोरा देखी हेर्दा सुनै सुन देखेर छक्क परे । यो सुनको बोरा यही निदाउने ब्यक्तिको नै हो । यत्तिकै लग्यौं भने यसले होहल्ला गर्नेछ हामी पक्रिईने छौं । यसलाई यहीं मारेर आनन्दले हामी आफ्नो घर पुग्नेछौं भन्ने सोचि ती दुई चोरहरूले दरिद्रको हत्या गरिदिएर पालैपाले गरि त्यो सुनको बोरा बोकेर अगाडि बढे ।

जाँदा-जाँदा थकित भएका ती चोरहरू भोकले छट्पटाएका थिए । सल्लाह गरे झाडीभित्र यी पोकाहरू राखौं एक जना नजिकै कुर्न बसौं र अर्को बजारमा खानेकुरा लिन जाऔं । सल्लाह गरे त्यसैले एक जना सुन कुर्न बस्यो र अर्को खानेकुरा लिन बजारतर्फ गयो । बजारतर्फ जानेको बाटोमा जाँदा जाँदै लोभको बिज अंकुरण भयो र सोच्यो, टन्न मिठाई आफू यहिं पेटभरी खान्छु र साथीलाई मिठाईमा विष मिसाएर

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

खान दिन्छु ऊ मरिहाल्छ । सबै सुन मेरै हुनेछ । त्यसैले उसले विष मिलाई मिठाई लिएर आयो । यतातिर सुन कुर्न बसेको साथीको मनमा पनि लोभले कुविचार उब्जायो खानेकुरा लिएर आउने साथीलाई देख्नेवित्तिकै ढुङ्गाले बजाइदिन्छु ऊ मर्नेछ र उसले लिएर आएको खानेकुरा खाई यी सबै सुन आफ्नै गराई आनन्द गरि बस्ने छु । बजारवाट खानेकुराहरू लिएर आएको आफ्नो साथी चोरलाई देख्ने वित्तिकै उसले माथिबाट ढुङ्गाले हिर्काइ मारिदियो । खुसी हुँदै मेरो सबै सुन हुने ठानी उसले विष मिसाइएको खोनकुराहरू रमाई रमाई खान थाल्यो । केहीछिनमा नै विषको प्रभावले सताउन थालेपछि ऊ पनि छट्पटाउन थाल्यो र उसले पनि प्राण पखेरू छोड्नु पऱ्यो । अनर्थको लोभमा फसि ती तिनैको ज्यान गयो । सुनको लोभमा फसी लोभका कारणले दरिद्र भएका उनीहरू कसैसँग पनि सुन रहन सकेन । सुन कसैको हातमा नपरी झाडीभित्र नै रह्यो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

साधुको घमण्ड

हिन्दूस्थानको उत्तर प्रदेश राज्यमा अवस्थित बनारस सम्पूर्ण हिन्दूहरूको लागि पवित्रस्थल मानिन्छ । त्यस पावनस्थलमा विभिन्न हिन्दू बोध हुने स्थानहरू भेटिन्छन् । मनुष्यहरू जन्मदेखि कर्म, कर्मदेखि मृत्युसम्मकै लागि यो नाम पवित्र रूपले लिइने गरेको छ । त्यहाँ मठ, मन्दिर र घाटहरू प्रशस्तै भेटिन्छन् । त्यसैमध्ये यहाँ केही घाट र घाटमा रहने साधुहरूको विषयमा उल्लखे गर्न गइरहेको छु । असी घाटमा रहने श्री नारायणदास जसलाई गोस्वामी पनि भनिन्छ । मणिकर्णिका घाटमा रहने हरिदास युवा र फुर्तिलो देखिन्छन् र दशाश्वमेघ घाटमा रहने कृष्णदास अन्धा हुनुहुन्छ । एकदिनको कुरो हो । हरिदास रहने गरेको मणिकर्णिका घाटको नजिकै केही पुरोहित र पण्डितहरूले मोटाघाटा सेठलाई ल्याएर विभिन्न मन्त्र पूजापाठ गराउँदै त्यसै घाट हुँदै बगेकी गंगामा सेठको शरीरभरी छरिएर रहेको कुष्ठरोग निर्मूल गर्नको लागि गंगामा डुबुल्की मार्न लगाइरहेका थिए । उनीहरूले घण्टौं घण्टा पूजापाठ तन्त्रमन्त्र गराएर कैयौं पटक त्यस गंगामा डुबुल्की मार्न लगाउँदा पनि सेठमा रहेको कुष्ठरोग निको नभएको देखि त्यसै घाटका साधु हरिदासलाई दयाभाव जागृत भएछ ।

साधु हरिदासले सेठलाई भन्नुभयो । सेठजी तपाईंले अहिलेसम्म स्वच्छ हृदयबाट ईश्वरको नाम लिनु भएनछ । हृदय पवित्र बनाई ईश्वरको नाम लिएर डुबुल्की मार्नुहोस् त तपाईंको रोग निको भइहाल्नेछ । साधुको आदेश बमोजिम कैयौं पल्ट डुबुल्की मार्दा पनि सेठको रोग नहटेको देखि सेठ गंगामा डुबुल्की मार्न लागेको अवस्थामा उसको टाउकोमा साधु हरिदासले आफूसँग भएको लठ्ठीले जोडले हिर्काए । सो सहन नसकी सेठले हे राम ! भनी मुखबाट शब्द निकाल्यो र डुबुल्की मार्न पुग्यो बाहिर आउँदा उसको शरीरको कोर र दाग सबै हटि सफा भएको देखियो । सेठको शरीरको कोर निको भएको देखि साधु हरिदासको मनमा त्यस्तो कोर लागेको व्यक्तिलाई सो हटाई सफा गराउन सकेकोमा घमण्ड उब्ज्यो । साधुलाई त्यस किसिमको घमण्डता छाएको अन्तरयामी ईश्वरले थाहा पाई ती हरिदासलाई असी घाटमा रहने नारायण दासलाई भेट्ने चाहना उत्पन्न गराइदिनु भयो । उनी साधु नारायणदासकहाँ पुगी आफ्नो पुरूषार्थको बखान सुनाउन थाले । घमण्डले छुन

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लागेको हरिदासको कुरा सुनेपछि साधु नारायणदासले हरिदासलाई भन्नुभयो हरिदास तुरुन्तै यो गाग्रीमा पानी भरेर ल्याउ । आफूभन्दा परिपक्व र वृद्धाले भनेको मानी गंगाजीबाट गाग्रीभरी पानी लिएर आए, आउने वित्तिकै साधु नारायणदासले भन्नुभयो । यहाँदेखि बजारसम्म जाऊ र बाटाघाटामा भेटिएका रोगी, लुरा, लङ्गडा र खोरण्डाहरूलाई बोलाएर ल्याऊ । यस्तो वचन सुनी हरिदासले ती भेटिएका जति लुरा, लङ्गडा, खोरण्डा सबै नारायणदास कहाँ साथ लिएर आए । त्यहाँ आएका ती सबैलाई एकै ठाउँमा उभ्याएर हरिदास यी सबैलाई गाग्राको जल पिलाऊ, नारायणदासले आदेश दिए । हरिदासले ती सबैलाई जल पिलाउँदै गए । ती सबै रोगी, लुरा, लङ्गडा, खोरण्डाहरू शुद्ध, राम्रा र तन्दुरूस्त भए । यस्तो भएको देखेर हरिदास छक्क परे तर पनि उनको घमण्डा कमी भएन । सो थाहा पाइरहेको साधु नारायणदासले हरिदासलाई भने हरिदासजी दशाश्वमेघ घाटमा रहनु भएका साधु कृष्णदासलाई यो मेरो पत्र पुऱ्याइदिनु हवस् भनि आफ्नो पत्र दिनुभयो । साधु हरिदास फटाफट कृष्णदास रहनुभएको घाटमा जानुभयो । कृष्णदास आँखा नदेख्ने अन्धो भएता पनि हरिदासको हिँडाइबाटै चिन्नु भैं भन्नुभयो ओ हो ? हरिदासजी तपाईले नारायणदासले पठाएनु भएको पत्र समेत लिएर पो आउनु भएको रहेछ । त्यो पत्र मेरो सिरानीमा राखिदिनु होला । तपाई तुरून्तै दशाश्वमेघ घाटमा जानु हवस् र त्यहाँ ल्याएको शव यहाँ लिएर आउनु हवस् । साधु कृष्णदासको यस किसिमको आज्ञा सुनेर गुन्गुनाउँदै गइरहेको वेलामा विभिन्न कुराको सोचविचार आउन थाल्यो । कृष्णदास अन्धा भएपछि नारायणदासले पठाएको पत्र छ भन्ने कसरी थाहा पाउन सके ? घाटमा पुगेका हरिदासले कृष्णदासको अगाडि लास ल्याइ लम्पसार पारि सुताइदिए । यो चर्तिकला पाएर कृष्णदासले लासको कानमा कानेखुसी गरेझैं गुन्गुनाउन थाले । केही छिनमै त्यो मृत्यु भएर जलाउन ल्याएको लास जुरूक्क उठी लामो निन्द्राबाट ब्यूँझिएको झैं भयो । यो सब देखेर आफूले सेठको कुष्ठरोग ठीक पारेको घमण्डले साधु हरिदासको घमण्ड क्षणभरमै पानी झैं भई अन्य साधुको झैं त आफूले केही गर्न नसकेको रहेछ ठानी घमण्डको सियो आफ्नो धारमा रहने गरि बस्न थाले । बाँकी जीवनमा उनी हरिदासले कहिले पनि घमण्ड नगर्ने निर्णय गरि आरामसँग बस्न, खान बुझ्न र जान्नमा बाँकी समय बिताउने निर्णय गरी कार्यान्वयन गर्नेतर्फ लागी परे ।

Digitization by Hindu-Heritage-Foundation of America, HHFA(USA)

दया नभएको दुष्ट

एक समयको घटना हो एक घनघोर जङ्गल विभिन्न पशुपंक्षीहरूको वासस्थान थियो । हुरी, बतास र अत्यधिक वर्षाले त्यस जङ्गलमा रहने चराचुरुङ्गीहरू धेरैको अनायास मृत्यु हुन गयो । आफ्ना गुँडबाट आफन्तहरू हराएका र मृत्यु भएको देखी त्यस्ता गुँडमा रहने बच्चाहरू तथा जोडीबाट अलग्गिन पुगेका बेजोडीहरूको चिन्ता हटाउन बाँकी रहेका चराचुरुङ्गीहरूले सल्लाह गरे । हाम्रा कतिपय साथीहरूले दुःख पाइरहेका छन् । पीडा बोकि रहेका छन् । उनीहरूलाई दुःखबाट शान्ति पाउन मनोरञ्जन दिलाउन सबैलाई जम्मा गरि नाचगान गरौं, हाँसौं, रमाऔं र हामीले जम्मा गरेर ल्याएका आहारहरू सबैलाई बाँडौ खुवाऔं । सबैले सो प्रस्तावलाई स्वीकार गरे । भोलि पल्टको दिनदेखि सबैलाई जम्मा गरे । टाढाबाट ल्याउन सक्नेले ल्याएका चाहाराहरू बाँडेर खाए र नाच्न थाले, सबै रमाए । यसैगरी प्रत्येक दिन सोही समयमा सो कार्यक्रम हुन थाल्यो । कैले कुनै र कैले कुनै चराहरू नाच्दथे तर सबैभन्दा राम्रोसँग नाच्नेमा मयूर नै गनियो । सबैले मयूरलाई नाच्न लगाउन थाले । ऊ पनि दङ्ग भएर पखेटा फिंजाई फिंजाई नाच्दथ्यो । यस्तो कार्यक्रम हुन थालेको कुरा बढा भएर बसेका चील जोडीले सुने उनीहरू पनि सो नाचगान हेर्ने इच्छा गरी विस्तारै सो ठाउँमा आए । उनीहरू त्यहाँ आउने बित्तिकै अन्य चराहरू डराउन थाले तर ती जोडीले भने हामीदेखि डराउनु पर्दैन हामी तिमीहरू कसैलाई केही पनि गर्दैनौं किनभने जीवनभर हामीले धेरै नराम्रा कामहरू गर्‍यौं । हामीले गरेका नराम्रा कामको हामीलाई पश्चाताप लागी रहेको छ हामी त वृद्ध भइसकेका छौं खाली मन भुलाउन मात्रै हामी यहाँ आएका हौं चीलका यी कुरामा सबैले विश्वास माने । मयूर नाच्न थाल्यो तर यत्तिकैमा चीलले ती नाचिरहेका मयूरलाई झम्टा हानी हाल्यो । मयूर फरफर गर्दै फटफटाइरहेको थियो । सकिनसकी रमाई रमाई चीलले त्यो मयूरलाई टाढा लगी रमाएर खान थाल्यो । त्यहाँ रमाइलो मानिरहको चराचुरुङ्गीहरू च्याँ-च्याँ चिँ-चिँ गर्दै कराईमात्र रहे केही गर्न सकेनन् । त्यसैले भनिने गरिएको छ - "अरूमाथि कुकर्म गरी स्वादलिन पल्केका दुष्टहरू जतिसुकै अशक्त र कमजोर देखिएता पनि दया र कोमलता भने अनुभव गर्न सक्ने छैनन् ।"

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

घमण्डले विनाश निम्त्याउँछ

एक ठूलो घनघोर जङ्गलभित्र विभिन्न जनावर तथा चराचुरुङ्गीहरू बास गर्दथे । उनीहरू एक आपसमा सकेसम्म प्रेम सद्भाव पनि राख्दथे । त्यसै जङ्गलभित्र रहने विभिन्न चराचुरुङ्गीहरू तथा जनावरहर मध्ये एक जोडी मयूरहरू साह्रै सुन्दर तथा सबैलाई रोमाञ्च दिन सक्ने ठानिन्थे । उनीहरू आहार विहार सिध्याई सकेपछि सबै जङ्गली जनावर तथा चराचुरुङ्गीहरूको बीचमा सप्तरङ्गी पखेटा फिँजाई फनफन नाच्दथे । उनीहरूका नाचले मनमुग्ध भएर अन्य जनावरहरू झुम्थे, लठ्ठीन्थे । सँधै आनन्द दिने यी जोडी सबैमा प्रिय थिए । यिनीहरूलाई खान र बस्नको पनि आनन्द थियो । अन्य जङ्गलीचरा सबै जनावरहरूले उनीहरूलाई राम्रो खानेकुराहरू तथा उनीहरू बस्ने गुँडको मर्मत सुधार समेत गरिदिन्थे । राम्रा हृष्टपुष्ट यी जोडीका नाचले मनमुग्ध नहुने कोही थिएनन् । तर एक्कासी तिनीहरूको बीचमा एक आपसमा घमण्ड बढ्यो । मेरो कारणले सबैले माया गरेका हुन्, यस्तो मायालु व्यवहार मेरै कारणले प्राप्त हुन सकेको हो भन्ने ठानी आउँदो दिनदेखि नाच्ने र अरूलाई नाचदेखाई आनन्द दिने क्रम नगर्ने निर्णय गर्न पुगे ।

उनीहरू अलग-अलग बस्न थाले र आहार विहार पनि एक्लै गर्न थाले, आहाराका खोजीमा टाढा टाढा जानुपर्ने र पेटभरि खानपनि नपाउँदा ती दुवै असाध्यै दुब्लाएका देखिन थाले । सँधै मीठो-मीठो नाच नाची खुसी तुल्याइरहेका विभिन्न जङ्गली जनावर एवं चराचुरुङ्गीहरू पनि उनीहरूबाट टाढा बस्न नै रूचाउन थाले । एक्लो र भोकोपनले उनीहरूलाई नैराश्यताको घेराउभित्र पारिसकेका थिए । पहिलेको प्रेम र मायालुपनको लोभले छट्पटाई रहेका थिए । एकदिन उनीहरूलाई जङ्गलमै रहने खरायोले भेट्यो र भन्यो मित्र पहिले तिमी जोडी भएर बस्दा कस्तो राम्रो गरि नाच्दथ्यौ, हाँस्दथ्यौ र बस्दथ्यौ । सबै तिमीहरूबाट आनन्द र मज्जा प्राप्त गर्दथे । सबैका माया र आफ्ना प्रेमले तिमीहरू मोटोघाटो र खुसी देखिन्थ्यौ । तर तिमीहरूको आपसी घमण्डले नै यातना पाइरहनु परिरहेको देखिरहेछु ।

हिजो जसरी नै एक आपसमा मिली बसेर खुसी र प्रेम गर्दै सबैको माया प्राप्त गर । खरायोको सल्लाह उनीहरूलाई असाध्यै राम्रो लाग्यो र उनीहरू पहिले झैं रहन र बस्न थाले । आपसी प्रेम र सद्भाव पाए । सबैसँग रमाउन थाले र नाची नाची आनन्द दिन थाले । पहिले झैं मोटा चिल्ला र खुसियाली भई आफू रहने साथै अरूहरूलाई पनि आनन्दी भई राख्न सफल भए । त्यसैले - "घमण्डी नबनौं, आफ्नो औकात आफैंले बुझौं सुख शान्ति त्यहीं प्राप्त हुन्छ ।"

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

आवरणबाटै क्षमता देखिन्छ

राजस्थान राज्यको जयपुर शहरमा बस्ने केही सन्तहरूलाई साथै लिई वृन्दावन तथा हरिद्वारको दर्शन गर्ने एक ज्ञानी त्यसतर्फ लाग्नुभयो । बाटामा देख्ने सबैले उनीहरूलाई कहाँ जान लाग्नुभएको हो भनी सोध्दथे । कसैले उनीहरूलाई यात्राको शुभकामना दिँदै फूल दिई विदा गर्दथे । कसैले ती स्थानहरूमा भेटी चढाइदिन दक्षिणा दिन्थे । कतै कोही ती ज्ञानीसँगै स्थानहरूको दर्शन गर्न पछिपछि लागिरहेका देखिन्थे । ती मध्येको केही ज्ञानीका चेलाहरू थिए । सबैजना ज्ञानी र सन्तसँग तीर्थस्थलहरूको दर्शन गर्न जान पाउँदा आफूहरूलाई धन्य-धन्य सम्झन्थे । यात्रामा गुरुहरूको कुराहरू आशिर्वादको रूपमा ग्रहण गर्दथे । ती मध्ये एक ती ज्ञानीका चेला उनीसँग सवाल जवाफ गर्दथे । गुरूका प्रत्येक बोली र तर्कमा उनी आफ्नो प्रश्न गरिहाल्दथे । ज्ञानीले भन्थे संसारमा भएका प्रत्येक क्षमता, उपादेयता, र आकर्षणता र आवश्यकता उसको बाहिरी आचरण, आकार, बनावटबाट नै थाहा पाउन सकिने छ । गुरूको बोली सिद्धिन नपाउँदै प्रश्न गरिरहनुपर्ने उनका शिष्यले तत्कालै आफ्ना गुरूलाई आफू हिडिंरहेको बाटामा देखिएको फूलको विरूवालाई देखाउँदै, प्रश्न गरे के यो फूलको विरूवाले कोपिला लाग्न, फक्रन, फुल्न र सुगन्ध दिन सक्ने छ ? गुरूले त्यो विरूवा यताउता नियालेर हेर्नुभयो र भन्नुभयो बाबु ! हो यो अवश्य फक्रने छ, फुल्ने छ र सुगन्ध वासना दिने छ । गुरूको त्यो कुरा सुनेर ती शिष्यले तत्कालै त्यो फूलको विरूवालाई उखेल्यो र अलिपर फालिदियो । अनि गुरूलाई सोध्यो - गुरू ! अब त्यो कसरी फक्रन र फुल्न सक्छ ? गुरू चुपचाप लागेर आफ्नो लक्ष्यतर्फ लाग्नुभयो । बाटाभरी उनका ती शिष्यले गुरूलाई त्यस्तै छेडछाड गरिरहन्थ्यो । ती ज्ञानी सबै तीर्थस्थलहरूको यात्रा सकेर आफ्ना शिष्य र मित्रहरू लिएर एक-डेढ महिनापछि आफ्नो आश्रमतर्फ पहिलेकै बाटोबाट फर्किरहेका थिए । बाटोमा फर्किरहदा उनीहरू मध्ये त्यो फूलको विरूवा उखेलेर फालिदिएका शिष्यले गुरूलाई छेडछाड गर्ने सोचाइले सोध्न लाग्यो । गुरू ! फूल कहाँ फक्रिन पुग्यो त ? तर नभन्दै फ्याकिदिएको फुलको बोट त वर्षादको कारणले फ्याल्न पुगेकै स्थानमा डन्डीबाट बाङ्गो टिङ्गो हुँदै प्रशस्त फूलहरू फक्रिरहेका रहेछन् । त्यो देखेर त्यो शिष्य छक्क पर्दै गुरूलाई सोध्न थाल्यो -

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गुरूले त्यो बोटवाट फूल फुल्न सक्नेछ भन्ने कसरी थाहा पाउनुभयो ? मुसुमु मुस्कुराउँदै गुरू (ज्ञानी) ले भन्नुभयो बावु ! त्यो विरूवाले पृथ्वी, जल, हावाबा चाहिने तत्वहरू लिएर जसरी आफू ठिङ्गो भइरहेको थियो । त्यसैवाट थाहा पाउ सकिने थियो कि त्यो विरूवाले फुल्न मात्र होइन प्रशस्त फक्रेका फूलहरूवा हामी जस्ता बटुवालाई आनन्द समेत दिनसक्नेछ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सम्पत्तिको तुजुक

एक ठूलो शहरमा एकजना ठूला ब्यापारी बस्दथे । उनको कारोबार ठूलो थियो । जतातत‍ै उनलाई चिन्दथे । उमेर छिप्पिसकेपछि विवाह गरेका हुनाले उनको बुढेसकालका सन्तानहरू स-साना थिए । एकदिन वूढो ब्यापारीले आफ्ना प्रिय मुन्सी र छोरालाई सँगै राखेर भने बाबुपुत्र म बूढो भइसकेको छु, यो मुन्सी म कहाँ धेरै पहिलेदेखि काम गर्दै आइरहेका छन्, ब्यापार सम्बन्धी कारावोर बुझ्ने र इमान्दारीतामा पनि कमी नपाइएकोले तिमीले उसको सल्लाह सुझावलाई ख्याल राखेर काम गर्नु र उसलाई आफूबाट अलग नगराउनु सँगै साथै बसेर कारोबार गर्नु । त्यसैगरी मुन्सीलाई पनि भने मुन्सीजी तिमीलाई आजसम्म जे जस्तो मैले शिक्षा, ज्ञान ब्यवसायप्रति प्रतिबद्ध हुन सिकाएको छु त्यसैलाई बुझेर मेरो यो कारोवारमा तिमीले सहयोग गरिदेऊ । मेरो यो नावालक छोरा तिमीलाई जिम्मा लगाउँछु । केही दिनमै ती बूढा ब्यापारीको मृत्यु हुन पुग्यो । ब्यापारीका छोरा र मुन्सी मिलेर ब्यापार गर्दै गए । एक आपसमा सद्भाव र सम्मान हुँदथ्यो । दिनभरीको ब्यापार गरिसकेपछि मुन्सीले दाम कौडीसम्म हिसाब किताब साहुलाई बुझाइसकेपछि ती दुवै खातापाता बन्द गर्दथे । त्यसबेलाको कारोबार असर्फिवाट हुन्थ्यो । ती ब्यापारीकहाँ असर्फीलाई एक थैलोमा राखी बन्द गरी सेफमा राखिन्थ्यो, सधैं झैं हिसाव किताब गरिरहँदा ब्यापारीको हिसाब किताब मिल्नै सकेन । धेरै सम्झे, खातापाता हेरे पत्तै पाउन सकेनन् हिसाब कसरी मिलेन । आपसी विश्वासमा बाँधिएका ती साहु र मुन्सीले खाली एक अर्काको आँखामा हेराहेर मात्र गरे । एकले अर्कालाई केही भन्न र वोल्न सकेनन् । यत्तिकैमा मुन्सीले पत्ता लाग्यो पत्ता लाग्यो भनि कराउन थाल्यो र त्यहाँ काम गर्ने नोकरलाई एक लड्डु किनेर ल्याउनका लागि पैसा दिई पठायो । मुन्सीले अनेक ठाउँहरूमा हराएको असर्फीको थैली छ्यापछ्याप्ती खोज्दा एक सानो भुँइमा प्वाल देखेका थिए । त्यही प्वालको मुखमा त्यो लड्डु लगेर राखिदियो । लड्डुको गन्ध थाहा पाइसकेपछि मुसो थैलीमा रहेको असर्फी छन्छनाउँदै लिंएर आई सो असर्फीको थैलो त्यहीं छोडी लड्डु लिएर कुद्‌यो । त्यो मुसाको चरित्र हेरिरहेका ती दुई साहु र मुन्सी आपसमा भन्न थाले थैलीको असर्फीको तेजले मुसामा आएको जुन रौनकता देखिन्थ्यो त्यो हेर्न र बुझ्न लायक देखिन्थ्यो । "जुन मुसामा त असर्फीको तेजको प्रभाव देखिन्छ भने प्रयोग गर्न जान्नेले प्राप्त गरेमा उसको रौनकता कस्तो देखिएता त ?"

Digitization by Hindu Heritage Foundation of America. HHFA(USA)

द्रौपदीको सागको त्यान्द्रो

दुर्वाशा नाम गरेका ऋषि साह्रै रिसाहा स्वभावका थिए । उनलाई खुसी पार्न साह्रै गाह्रो थियो । उनीलाई स्याहार, सुसार, टहल गरेर प्रसन्न पार्न सके जस्तोसुकै वरदान दिइहाल्थे । अप्रसन्न र असन्तोषमा तत्कालै सरापी हाल्दथे । त्यसैले दुर्वाशाको नजिकै पर्न कोही चाहँदैनथे । एकदिन उनै ऋषि दुर्वाशा दुर्योधनका दरबार पुगेछन् । आफ्ना अगाडि उभिएका ऋषि देखेर घमण्डी दुर्योधनले पनि विनम्रतापूर्वक ऋषिलाई प्रणाम गर्दै आसन ग्रहण गर्न अनुरोध गर्दछन् ।

ऋषिको अङ्गअङ्ग मिची बसेको दुर्योधन ऋषिको इच्छा बमोजिम भोजन गराई ऋषिलाई सन्तुष्ट पार्न सफल रह्यो । यसरी राजकुमार दुर्योधनबाट सन्तुष्ट हुन पुगेका ऋषिले भने राजकुमार म तिमीलाई के गर्न सक्छु भन ? के चाहन्छौ ? म पुरा गरिदिनेछु । ऋषिका कुरा सुनेर आफ्ना सहयोगीसँग छलफलपछि राजकुमार दुर्योधन भन्न पुग्यो ऋषि यहाँको सन्तुष्टि नै मेरो लागि पूर्ण छ तर आज मेरो भाइ पाण्डवहरू माथि दया लागेको छ । उनीहरूको के खबर छ थाहा पाउन सकेमा अझ आनन्दी हुन सक्थें । उनीहरू आफ्नै कबोलका कारणले जङ्गलका कुटीमा बसिरहेका होलान् । ऋषिले आफू र आफ्ना शिष्यहरू सहित साथै गई पाण्डवहरू र पाञ्चालीले भोजन गरेर आराम गरेको समयमा पुगेर मिष्ठान्न भोजन गरी हालखबर ल्याइदिनु भए खुशीरहन्थे भन्ने जाहेर गरे ।

राजकुमारदेखि सन्तुष्ट भएका ऋषिले भने बमोजिम आफ्ना धेरै शिष्यहरू लिएर पाण्डवको जङ्गलमा रहेको कुटीमा पुगे । सबैलाई भोजन गराई आफूसमेतले भोजन गरिसकेपछि आराम गरिरहेकी द्रौपदी भएका ठाउँमा ऋषि दुर्वाशा पुगे र ऋषिले भने हामी नदीमा नुहाई धुहाई गरेर आउँछौं । तिमी हामीलाई भोजनको तयारी गराई रहनु । ऋषि आफ्ना शिष्यहरू सहित नदीमा गए ।

द्रौपदीको कुटीमा ऋषिहरूलाई खुवाउने वस्तु केही थिएन । पाण्डवहरू गुप्तवासमा रहेकाले जे-जस्तो पाउँथे ल्याउँथे बाँडीचुँडी खान्थे र आ-आफ्ना काममा लाग्दथे । रिसाहा दुर्वाशाको चरित्र थाहा पाएकी द्रौपदीलाई छटपटी चल्यो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

उनले श्रीकृष्णलाई नमस्कार गर्दै सम्झिइन् र पुकार गर्न लागिन् । कृष्ण उनको कुटीमा आइपुगे । द्रौपदीले सबै ब्यहोरा निवेदन गरिन् । कृष्णले केही नभएपनि कुटी भित्रका भाँडामा केही न केही त अवश्य हुनै पर्छ भने, नभन्दै द्रौपदीले एक हाँडीभित्र सागको सानो त्यान्द्रो देखि कृष्णको अगाडि त्यही राखिदिइन् । कृष्णले सोही सागको सानो त्यान्द्रो नै मागे र विस्तारै मुखमा हालेर चपाउँदै निले ।

कसको के कमाई पाउँ र यहाँ भोजन दिऊ हे हरी ।
सोही कारणले पुकार हजुरको गर्दै माग्ने यो घरी ।।
विन्ती यस रितको ती द्रौपदीजीको सुनेर त्यैं विचमहाँ ।
आज्ञा गर्नुभयो वहुत खुसी भई श्रीकृष्णजीले तहाँ ।।
धर्मात्मा महाराज युधिष्ठिरजीको सत्ता हुनाले गरी ।
केही चीज हुनुपर्छ निश्चय पनि त्यो हण्डीमा यो घरी ।।
आज्ञा यसरितको सुनेर हरिको उठी ती रानी गइन् ।
हातमा हण्डी लिएर खुसी भई खुब हेर्न लाग्दी भइन् ।।
यौटा साग रहेछ हे हरी ! यहाँ पाऔं म एही भनी ।
सोही साग हरीलाई झट् गरी लिइन् दौडेर अर्पण पनि ।।

नदीमा नुहाइरहेका ऋषि र शिष्यहरू कृष्णले निलेको सागको त्यान्द्रोको असरले उनीहरूको पेटभरी हुनगयो । कोही डकार्न थाले कसैलाई झाडा हुन थाल्यो । भोजन गराउनका लागि ब्यवस्था मिलाउन अह्राएका सबै कुराहरू बिर्सी ऋषि र सबै शिष्यहरू पाण्डवकी रानी द्रौपदीको आश्रमतर्फ नआई आ-आफ्ना आश्रमतर्फ लाग्न पुगे । यसरी रिसाहा ऋषिबाट प्राप्त हुनसक्ने रानी द्रौपदीले भोग्नुपर्ने विपत्तिलाई उनले प्रेम र भक्तिपूर्वक गरेको आराधनाबाट श्रीकृष्णजीले दूर गरिदिन पुग्नुभयो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पाहुनाको सेवा

एक गाउँको एक ठाउँमा एकजना ब्याधा बस्दथ्यो । उसले दैनिक भनेको नै जनावर चराचुरुङ्गीहरू मारी दङ्ग पर्दै रमाई-रमाई खान्थ्यो । आफ्नो घरधन्दा नगरि सँधै पशुपन्छी मारेर खाने गरेको देखेर गाउँलेहरूले उसलाई सम्झाएर भने बावु ! आफ्नो मेहनत र परिश्रमबाट उत्पादन हुने अन्न र फलफूलको आहारा गर्नुपर्छ । मानिसले यसरी पशुपन्छीको बध गरेर दिन बिताउँदा परिवार त के आफ्नो शरीरमा पनि विभिन्न रोग लागी नष्ट हुन सक्नेछ । तर त्यो ब्याधाले आफ्नो बन्धुबान्धवहरूको सुझावहरू टेर्दै नटेरी आफूले गर्दै आइरहेको कर्म गरिनै रह्यो ।

यत्तिकैमा एकछिन ऊ शिकारको खोजीमा जङ्गलतर्फ गइरहेको थियो । त्यहाँ वर्षात् हुन थाल्यो । त्यो ब्याधा एक ठूलो रूखको फेदमा ओत लागेर बसिरहेको थियो । वर्षात् अरू ब्यापक बढ्न थाल्यो । पानी जतातत्तै बढ्यो । वरिपरि नदी जसरी भेल बग्न थाल्यो भेलले बगाउला ठानी त्यो ब्याधा रूख चढेर बस्यो । पानीले भिजी झोत्राएको र भोकले पिल्सीएको सो ब्याधा थरथर काप्दै रूखका हाँगाहरू छामिरहेको थियो । त्यसै रूखको टोड्कामा गुँड बनाएर बसिरहेको ढुकुरको बचेरो पानीले भिजेर च्याँ-च्याँ कराईरहेको उसले सुन्यो । सोच्यो यही नै खाएर पनि बस्नु पर्‍यो भन्ने ठानी उसले टोड्कोभित्र हात हाली त्यहाँ रहेका मध्ये पोथी चरालाई समातिहाल्यो । पोलेर खाने विचार गर्‍यो । ब्याधाले आफ्नी पत्नीलाई समातेको देखेर भालेले भन्न थाल्यो प्रिय तिमी कति मायालु थियौ हामीले ल्याएको चाहारा तिमी कति माया गर्दै हाम्रा बचेरालाई खुवाउँदथ्यौ, सञ्चो नभएको बेलामा टाढा-टाढा पुगेर पनि चाहारा ल्याएर ख्वाउँदथ्यौ, सोद्धथ्यौं । तर अब पापी दुष्ट ब्याधाले समातिएर थुनिएकी छौ ।

तिमीलाई त्यो दुष्टले मार्नेछ । तिम्रो पति भएर पनि म तिमीलाई त्यो दुष्टको पञ्जाबाट छुटाउन सक्तिन, हे ! प्रिया अब म के गरूँ भन्दै अलापविलाप गरिरहेको थियो । शास्त्रमा भनिदैं आइरहेको छ - आफ्ना बालबच्चा र परिवारहरूको बीचमा मेलमिलापपूर्ण जीवन बिताउने ईश्वरको पनि प्रिय मानिन्छन् । पतिको त्यस किसिमको अलापविलाप वेदना सुनिरहेकी र ब्याधाबाट समातिएकी पोथी आफ्ना

Digitization by Hindu-Heritage-Foundation of America, HHFA(USA)

भालेलाई भन्दछिन्, हे प्रिय ! यी हाम्रा घरमा आएका पाहुना हुन् त्यसैले पाहुनाको सेवा गर्न पाएकीमा म सन्तुष्ट हुनेछु । कर्ममा जे लेखिएको छ सो भोग गर्नै पर्छ । त्यसकारण तिमीले पनि ब्याधाको इच्छापूर्ण हुने कार्य गर्नेछौ भन्ने विश्वास राख्दछु । आफ्नी पत्नीको त्यस किसिमको बचन सुनी भाले ब्याधाकहाँ आई भन्न थाल्यो के इच्छा छ तिम्रो भन त्यो इच्छा म पुरा गर्नेछु । जाडोले थरथर काँपिरहेको त्यो ब्याधा जाडोबाट बच्नको लागि आगो लिएर आउन सो चरालाई अह्रायो । टाढा गएर चुच्चोले समाति आगो लिएर आयो । वरिपरिबाट पातपतिङ्गर र झिग्राहरू ल्याएर बालेको आगो तापी ब्याधा खुसी भयो । ब्याधाले भाले चरालाई भन्न थाल्यो, जाडोबाट त म छुटे, भोकले मेरो प्राण छुट्न लाग्यो । त्यसैले मलाई तिमीहरूले मीठो भोजन गराउ । ब्याधाको यस्तो कुरा सुनिसकेपछि चरो भन्न थाल्यो म पन्छी हुँ घुमी-घुमी पाइएको दाना खान्छु मानिसको झैं मेरो अन्नको भण्डार छैन । त्यसकारण तिमीलाई म अन्नबाट भोग मेटाउन सक्तिन । त्यसैले म मेरो शरीर नै तिमीलाई दान गर्दछु भनी बलिरहेको आगोभित्र पस्यो । पन्छीको यस्तो कर्म प्रत्यक्ष रूपमा देखेर त्यो ब्याधा आफ्नो कर्मप्रति धिक्कार मान्दै आफ्नो हातमा समातिएकी पन्छीलाई छोडिदियो । ब्याधाको पञ्जाबाट छुटिएकी त्यो चरी पनि पति कैं प्राण गएको अग्निमा पसिन् र जल्न पुगिन् । दिब्यै रूप भो दुवैको । उही समयमा दिब्य वायुयान आइपुग्यो र सोही विमानबाट स्वर्गमा पुग्यो । मानसम्मान पाई रहन पायो । रूखको फेदमा बसेर हेरिरहेको त्यो ब्याधाले पनि चराको यस किसिमको कर्मको फल प्राप्त गरेको देखेर आफ्नो ब्याधाकर्म छोडी तपस्वी बनी ज्ञान प्राप्त गरी कुकर्मको फल भोगी स्वर्गमा बास पाउन पुग्यो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

दानी राजा

राजा उषीनर साह्रै दयालु, धर्मात्मा र दानी थिए । उनी कसैलाई भोको, प्या र नाङ्गो रहेको हेर्न सक्दैनथे । आफ्ना राज्यभित्र मात्र नभएर आफू डुलेका अ राज्यहरू समेतमा उनले दुःखी भएको देखेमा सो के निराकरण गराउँदथे । उन आध्यात्मिक साधनाका ख्यातिले स्वर्गका देवता, पृथ्वीका मानव, पातालका राक्ष समेत सबैले श्रद्धा र आदर गर्दथे । उनका यी गुणहरूले स्वर्गका राजा समेत छक पर्दथे । राजा इन्द्रलाई उनको यस प्रसिद्धिबाट साह्रै रिस उठेको थियो । क उषीनर राजाले मेरो राज्य स्वर्ग हडप्ने त होइनन् ? यस्तै चिन्ताले राजा इ तड्पिरहेका थिए । उनले राजा उषीनरको परीक्षा लिने विचार गरे । कतै उ परीक्षामा सफल देखिन सकेनन् भने श्राप दिई उनको अद्वितीय प्रसिद्धिको अन्त हु गै आफ्नो राजकीय सत्ता सुरक्षित रहने ठाने । यस्तो परीक्षा लिनको लागि राज इन्द्रले स्वर्गका विभिन्न देवदेवताहरूलाई भन्न पुगे तर राजा इन्द्रको छलकपटम फस्न पुगी श्राप पर्ने डरले कसैले पनि उनलाई सहयोग गर्न तत्परता देखाएनन्

यसै बीचमा राजा इन्द्रले अग्निसँग सम्पूर्ण वृत्तान्त बताई सहयोग गरी पाउ हात बढाए । अग्नि देवता सहयोग गर्न तत्पर भए । राजा इन्द्र स्वयं बाज चर भए र अग्निलाई चरामध्येको साधा परेवा बनाइयो । आकाशमा हावा खाँदै बहकि गइरहेको परेवालाई देखेर बाजले लखेट्न थाल्यो सल्लाहमुताविक परेवा काँप डराउँदै बाँच्न पाउन गद्दीमा राज भइरहेका महाराज उषीनरको काखमा बस्न पुग्यो । परेवा थरथर काँपिरहेको थियो बाजको डरले । काखमा बसेको परेवालाई राजाले समातेर मुसारिरहेका थिए । बाज त्यहीं आएर राजालाई भन्न थाल्यो मेरो शिका यस परेवालाई मैले धेरै टाढादेखि आहाराको खातिर खोजी खोजी ल्याएको थिए । यहाँ आइपुग्यो सो मेरो आहारा मलाई दिई बक्सियोस् । बाजको कुरा सुनिसकेपछि राजा भन्दछन् - पंक्षी डरले थर्-थर् भएको छ बचाइदिन्छन् भन्ने आशले मेरा काखमा बस्न आएको यस चरीलाई म कहाँ दिन सक्छु र ! म तिमीलाई दिन सक्तिन । राजा उषीनरबाट यसप्रकारको जवाफ पाई त्यो बाज राजालाई भन्दछ - राजन ! मेरी श्रीमती सुत्केरी छ, हिजोदेखि भोकले बसिरहेकी छ, मैले यो आहारा लिएर जान नसकेमा सुत्केरी श्रीमती र ती बच्चा समेत खान नपाई भोकै मर्नेछन् ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

के राजाले अर्काको दुःख र कष्टसँग प्राप्त हुन सकेको आहार हरण गर्न सुहाउँछ ? यदि राजनलाई यसमाथि त्यति दया जाग्न गएको छ भने र यदि महाराजलाई सत्य न्याय र अध्यात्मप्रति अलिकति पनि विश्वास र मान्यता छ भने अविलम्ब मेरो शिकार मलाई उपलव्ध गराउनु हओस् । राजा भन्दछन् - हो तिम्रो कुरा ठिकै हो तर शरणमा आएको चरोलाई मैले कसरी दिन सक्छु र ! मैले संरक्षण गर्नुपर्ने छ । बाज भन्दछ - त्यसोभए मेरो शिकार बराबर तौलको मासु मलाई उपलब्ध गराइदिए भइहाल्छ नि !

बाजको यस किसिमको कुरा सुनी राजा भन्दछन् - हे ! बाज तिमीलाई म यस परेवाको तौल बराबरको मासु मेरै शरीरबाट दिनेछु । तिमीले मेरो मासु लगी भोजन गराउ । राजा आफ्ना शरीरका मासु काटी परेवाको तौल बराबरको ढकमा तौलन थाले । परेवा बराबरको तौल मासु पुग्न सकेन । यसरी पुरा शरीरबाट निकाल्न हुने मासु काटेर ढकमा राख्दा पनि परेवाको तौल बराबर पुग्न नसकी आफ्नै पूरै शरीर दान गर्ने विचार गरी बाजलाई भन्न थाले हे बाज ! तिमी मेरो पुरै शरीर लगी आफ्ना परिवारलाई भोजन गराउन सक्ने छौ । राजाको यस्तो वचन सुनी छलकपटी राजा इन्द्रलाई समेत दया उठ्न गएछ र उनले भने हे राजन ! म बाज राजा इन्द्र हुँ र यी परेवा अग्नि हुन् । तिमीमाथि गरिएको परीक्षाबाट हामी सन्तुष्ट हुन गयौं । निडर रूपमा राज्य गरी संसारमा दानीको रूपमा कहलिइरहने छौ । तिम्रा माफिक दानी कोही अहिले छैनन् तिनै लोक महाँ । दान र न्यायका लागि तिमी सधैंका लागि सबैका सामु अजम्बर रहनेछौ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

बुझेर निर्णय गर्नुपर्दछ

ऋषि गौतमकी पत्नी अहिल्या नाम गरेकी थिइन् । उनी साह्रै सुन्दरी देखिन्थिन् । उनको सौन्दर्यता तिनै लोकमा प्रख्याति थियो । उनका सौन्दर्यताको लोभले स्वर्गका राजा इन्द्रमा धेरै कामुकता देखिन्थ्यो । अनेकौं पटक उनीमाथि कुदृष्टि नराखेका पनि होइनन् । सफलता प्राप्त गर्न सकेका थिएनन् । तर एकदिन ऋषि गौतम समिधालिन जंगल गएको समय पारी ऋषिको भेषमा इन्द्र आएका रहेछन् । आफ्ना पति थकित भएर समिधा लिएर आएको देखि अहिल्या ढोका बाहिर पुगिन् । समिधा सहित भित्र आएका ऋषिको हात पाउ धोइ भोजन गर्न अनुरोध गरिन् । तर ऋषिको स्वरूप लिएर आएका इन्द्रले अहिल्यासँग सहबास गर्ने इच्छा गरे । ऋषिको जिद्धिलाई टार्न नसकी उनको इच्छा पुरा गर्न सहमत भइन् । ऋषिभेषधारी इन्द्रसँग आफ्नी पत्नी अहिल्या सहबास गरिरहेकी अवस्थामा ऋषिगौतम कुटीभित्र प्रवेश गरे । यस्तो विचित्रको अवस्था देखी इन्द्रलाई चिने । क्रोधित भएका ऋषिले इन्द्रलाई तिम्रो शरीरभरी हजार योनी रहोस् भनी सराप दिए । राजा इन्द्र त्यहाँबाट डराउँदै आफ्नो राज्यमा भागे । यता अहिल्या ऋषिरूपी इन्द्रबाट आफ्नो सतित्व लुटिन गएको बुझी आफ्ना पतिका अगाडि थर-थर काप्दै शिर निहुर्‍याएर बसिरहिन् । क्रोधित भएका ऋषिले आफ्ना प्रिय छोरा चिरकारीलाई सबै कुरा बताई तुरून्तै तेरी आमालाई तरबारले दुई टुक्रा पार भनी आज्ञा गरी बगैंचामा रिसाउँदै टहल गर्न थाले । छोराले पनि बाबुको आज्ञा पालन गर्दै तरबार लिन कुटीभित्र पसे । कुटीभित्र पसेका ऋषिपुत्र चिरकारीले त्यही बीचमा सोच्न थाले । यो कुकर्म मेरी आमाको अधैर्यताको कारणले होइन राजा इन्द्रका छलमा परेकीले हुन गएको हो । अहिल्याको दोष हो जस्तो लाग्दैन सोच्दै थिए, तरपनि बुबाको आज्ञाको पालना गर्नको लागि उनलाई दुई टुक्रा पार्नु पर्ने भएकाले तरबार सहित बाहिर निक्लेका थिए । यसैबीचमा ऋषि गौतमले पनि सोच्न पुगेकि यो कुकर्म अहिल्याको कामुकताबाट भएको नभई छलबाट भएको हो । आफ्नो पतिको इच्छा पूर्ण गर्नु आफ्नो कर्तव्य ठानी यो कुकार्य हुन गएको हो । यसमा छल र कपटी गर्ने राजा इन्द्र नै अपराधि हुन् । त्यसैले यतिसम्मको सजाय दिन उपयुक्त नठानी काट्नलाई अगाडि बढेका आफ्ना छोरा चिरकारीको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

हातमा रहेको तरबार ऋषिले खोसिलिए । अहिल्याको ज्यान तत्काल बच्न गयो । यदि ऋषिपुत्र चिरकारीले केही नसोचि बुबाको आज्ञा हुने बित्तिकै अहिल्यालाई काट्न गएका भए काटिएकी अहिल्याको शरीर देखेर पछुतो शिवाय केही हात लाग्दैनथ्यो । केहीबेरको सोच र धैर्यताले अहिल्याको जीवन बाँच्न पुग्यो ।

त्यसैले भनिएको छ -"निर्णय बुझेर मात्र गरिनुपर्दछ ।"

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

चतुर चोर

कैयौं पल्ट गाउँमा चोरी, डकैती भइरहन्थ्यो । गाउँलेहरूले कैयौंपल्ट चोर डाँकाहरूलाई समात्दथे । केही दिन मै डाँकाका फौज आउँथे गाउँलेलाई पिट्दथे । आफ्ना साथीहरूलाई छुटाउँदथे लैजादँथे । दिनहरू बित्दै गइरहेका थिए । यस्ता घटनाहरूले गाउँ, शहर बजारका मानिसहरूलाई डर, त्रासले छाएको थियो । आजपछि भोलि के हुनेछ दिनपछि रात कसरी बित्ने छ ?

तर चोर र डाँकाका फौज सलह झैं ती-ती ठाउँहरूमा झ्याप्प ढाकिन्थे, पिट्दथे, समात्दथे । उनीहरूलाई चाहिएको जति र भएको जति सबै वस्तुहरू उठाई लैजान्थे । डाँकाको मनोबल यसरी बढिरहेको थियो । अब उनीहरूले शहर, बजार र गाउँबाट प्राप्त हुने धन-सम्पत्तिले मात्र पूर्ण हुन नसक्ने देखि राजदरबार भित्र पसी डकैती गर्ने विचार गरे ।

नभन्दै डाँकाहरूको एक समूह दरवारभित्र चोरी गर्न प्रवेश गर्‍यो । दरबार पुरै पर्खालले घेरिएको थियो । एक छेवैको पर्खालसँगै ठूलो एक रूख थियो । त्यस रूखका विभिन्न हाँगाहरूमा भिन्न-भिन्न चराहरू गुँड बनाएर बस्दै आइरहेका थिए । ती भिन्न-भिन्न चराहरूका आवाजहरू सुनि थकित र दिक्दार भएका बेलामा राजाहरू सुन्न, भुल्न र आनन्द लिन पाइरहेकाले उक्त रूख महाराज स्वयंले ढाल्न अनुमति दिएका थिएनन् । सो बुझेका डाँकाका झुण्डहरूले सोही झ्याङ्गबाट पसि दरबार भित्रका महत्वपूर्ण धन-दौलत चोर्न सफल भई चोरी गरी भागेका थिए ।

दरबारभित्र सोको खैलाबैला भयो, डाँका पक्डन र समाति ल्याउनको लागि उर्दि जारी भयो । राजाका आठपहरिया लगायत सैनिकहरू चोरहरू पक्डिन भिन्न-भिन्न स्थानमा सुराकी गर्दै हिंडे । दरबार डकैती गरेर भागेका डाँका मध्येका एक धेरै दौडन नसक्ने भै आफ्नो नजिकैमा रहेको डेराभित्र पस्यो । स्वाँ-स्वाँ र फ्वाँ-फ्वाँ गरेर पसेको आफ्ना पतिलाई उसकी श्रीमतीले कारण सोध्न लागी । आफ्नी पत्निलाई सबै कुरा बताई राजाका सैनिक पछि लागेका र यदि यहाँभित्र प्रवेश गरेमा जानकारी नदिई रहन अह्राई डकैती गरेको श्रीसम्पत्ति पत्नीका हातमा राखिदिन पुग्यो र कटेराभित्र लुकेर बस्यो । पतिले के-के ल्याएछन् भनि एक-एक हेर्नको

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
लागि आतुर भई उसकी श्रीमतीले हेर्दा हिरा, मोती देखि प्रसन्न भई र एक मोतीका माला हत्तपत्त गलामा लगाई हालि ।

खोज तलासीका लागी हिंडेका आठ पहरिया, सैनिकहरू त्यस डाँकाको निवासभित्र प्रवेश गरे र उसकी पत्निसँग सोधपुछ गर्दै थिए । एक सैनिकले उसको गलामा भएको मालादेखि चिनी हाले र धम्काउँदै पुछताछ गर्दै धम्कि दिन लाग्यो, सोको डरले आफ्नो पति लुकेको ठाउँ देखाउन पुगिन् ।

सैनिकहरूले डाँकालाई समाते र उसलाई मार्ने भएको व्यहोरा थाहा पाइसकेको सो डाँकाले केही जुक्ति निकाली बाँच्ने विचार सोच्न थाल्यो । मसँग एक सुन फलाउने जुक्ति छ । म सुन फलाउन सक्दछु । राजाको सैनिकहरूले उसको कुरा सुन्न चाहेनन् तर उसले कराउँदै भन्न थाल्यो हेर ! म सुन फलाउन सक्नेछु यदि तिमीहरूले मलाई अहिले नै यही नै राजाकहाँ उपस्थित नगराइकन मारिहाल्यौं भने राजाले तिमीहरू सबैलाई भुण्डाई मार्न लगाउनेछन् । किनभने मैले सुन फलाउन सक्ने कुरा स्वयं राजालाई जानकारी भइसकेको छ ।

डाँकाको यस किसिमको निर्धक्कको अभिव्यक्ति सुनिसकेका सैनिकले सो डाँकालाई राजाकहाँ उपस्थित गराउने निर्णय गरी राजाकहाँ उपस्थित गराउन पुऱ्याए । महाराज ! महाराज ! भुल हुन गएछ माफी बक्सियोस् ! समय बक्से म सुन फलाउने थिएँ । विश्वास नहुँदा-नहुँदै पनि राजा आज्ञा गर्दछन् कसरी ? प्रभु ! मैले भनेको पुऱ्याइदिने हो भने, म सुन फलगाउने छु । राजा सोद्धछन् के चाहियो ? डाँका भन्दछ महाराज सुनको हलो सुनकै अनौ र सुनकै फाली सुनकै जुहा रोप्नका लागि पनि सुनकै वीऊको टुक्रा । कसरी र कहिले फल्दछ त्यो ? सरकार ! वर्ष होइन, ३ महिना होइन महिनादिन पनि लाग्दैन । हप्तादिनमै लटरम्म फलि टिप्न हुने छ त्यो ।

सुन फल्ने र ठूलो मात्रामा प्राप्त हुने लोभमा परेका राजाका आज्ञा बमोजिम डाँकाका भनाई अनुसार हलो, अनो, फाली र जुहा त्यहाँ ल्याइयो । राजाले सो डाँकालाई दिदैं भन्न थाले तँ गएर धमाधम फलाउने काम गर्न थालिहाल । सरकार ! सुन फलाउने पवित्र कार्यमा म जस्तो डाँकाले रोपेर फल्दैन । सरकार ! आजसम कहिल्यै पनि चोरी, डकैती नगरिएको पवित्र हात हुने व्यक्तिले मात्र रोप्नु पर्नेछ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

राजाले तत्कालै आज्ञा दिइहाले - मन्त्री ! जाऊ तिमी गएर रोपी हाल । सबै सुनेर बसिरहेका मन्त्री राजाकहाँ हात जोड्दै भन्दछन् - सरकार कैलेकाहिं त्रुटिबस मबाट सो गल्ती हुन गएको छ । छक्क मान्दै राजाले आफ्ना प्रधानमन्त्रीलाई पहिलाको झैं आज्ञा दिइहाले प्रधानमन्त्री सम्पन्नताले युक्त राष्ट्र बनाउन झट्ट गएर सुन फलाउने कार्य गरिहाल । महाराजका अगाडि सरमिन्दाउँदै उनी भन्न थाले - महाराज ! विभिन्न समय र वेलामा म वाट पनि त्रुटि हुन गएको छ । त्यसैले म वाट यो कार्य सम्पन्न हुन सक्दैन ।

राजा आश्चर्यचकित भए र भने राजकुमार तिमी गई सुन फलाउने कार्य गर जाऊ । पिताजीको आज्ञा सुनिसकेका राजकुमारले भन्न थाले - पिताजी समयसमयमा आवश्यकता र अभावमा मैले पटक-पटक हजुरको ढुकुटीबाट झिक्ने र निकाल्ने गरेको छु । त्यसैले मबाट पूर्ण होलाजस्तो लाग्दैन । रिसले चूर भएका राजा केही नबोली भित्र बसिरहेकी महारानीलाई सबैका अगाडि ल्याई आज्ञा गर्दछन् । महारानी ! तिमी त्यहाँ गइहाल । यो डाँकाले भने बमोजिम सुन रोपी फलाएर आऊ । भित्र सबै कुरा सुनेर बसिरहेकी महारानी राजासँग विन्ती गर्दछिन् महाराज ! मैले आफ्ना प्रियवतीहरूका आकांक्षा पूर्तिका लागि महाराजसँग अनुमति र जानकारी नगराई भिन्न भिन्न ढुकुटीबाट रकम निकाली उपयोग गर्दै आइरहेकी छु ।

राजा आफ्ना प्रिय मन्त्री, प्रधानमन्त्री, पुत्र र महारानी समेतको बदमासी देखेर क्रुद्ध भएकोले आफैंले सो कार्य गर्न अगाडि बढिरहेको छ नि ! उनले सोच्न पुगे कतै मैले पनि कैयन पटक मन्त्री, राजकुमार, रानी समेतलाई ढाँट्ने, छल्ने, झुक्याउने गरिरहेको छ नि । त्यसैले उनी बीचैबाट फर्के । डाँकाले महाराजलाई सोध्यो- महाराज देशभरी चोरैं चोर मात्र रहेछन् । मैले यत्रो सुन फलाई राष्ट्रलाई सम्पन्न गराउन सक्ने अभियानमा सहयोग गर्न सक्ने एकजना पनि शुद्ध र सज्जन मानिसहरू यहाँ रहदैं रहनेछन् भने किन मलाई मात्रै चोरी कै कारणले मृत्युदण्ड हुने ? राजा किमकर्तव्यविमूढ देखिए । चलाख डाँका आफ्नो बठ्याइले ज्यान बचाउन सफल रहन गयो ।

त्यसैले भनिएको छ "वेलामा वुद्धि प्रयोग गर्नाले ज्यान समेत जोगाउन सकिन्छ ।"

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सहृदय प्रेम

सुदामा नाम गरेका ब्राह्मण कृष्णजीका साह्रै प्रिय मित्र थिए । गाइगोठाला हुँदा वा दहीको घैला फोर्दा होस् वा गोपीनीका नगिचै नाच्दा पनि विभिन्न साथीभाइ मध्ये प्रेम, भक्ति र विचारले एकै ठाउँमा बाँधिई नजिकिएका यी दुवै एक अर्कामा राम्ररी चिनिएका थिए, बुझिएका थिए ।

सुदामा साह्रै गरीब थिए । सानो गाउँको झुपडीमा बस्दथे । केही जम्मा नभएको दिनमा मागेर ल्याएको भिक्षाबाट आफूहरूले गुजारा गरिरहनु परिरहेको थियो । लगाइएका कपडा पनि धुजा-धुजा हुन पुगेकाले टाल्दा-टाल्दा इज्जत छोपाउँने अवस्थाका लागि मात्र पनि उनकी श्रीमतीको कपडा एक मन जति भारी हुन पुगेको थियो । दैनिकी अभावै-अभावमा र बाँस र गाँसले सताई छटपटाइरहेकी सुदामाकी श्रमितीले आफ्ना शारीरिक रूपमा समेत कमजोर रहेका पति सँग सूर्यको उज्यालो छटपटाई छिरिरहेको झुपडीभित्र पसेर भावविह्वल हुँदै भन्न थालिन् हे पतिदेव आजका दिनसम्मका दैनिकी जीवन गुजारन गर्न नसकेर छटपटाइरहेका हामीले न कुनैदिन भरिपूर्ण रूपमा पेट अघाउन पाइरहेका छौं न कुनै दिन घाम र पानीको पूर्ण रूपले ओत पाउने झुपडीमा आनन्दसँग निदाउनै पाइरहेका छौं ।

पीडा छट्पटाहट र अभावै-अभावले मात्र छाएको जीवन कुनै दिनको घण्टाले पनि त परिपूर्ण प्राप्त हुन सकोस् ? पत्नीको प्रश्नलाई स्वभाविक रूप मानै उत्तर दिने प्रयत्न गर्दै सुदामा भन्न थाले तिमीले मागेको उत्तरको जवाफ पूर्णता दिन सक्तिनहोला तथापि कमजोर र अपाङ्ग झैं पति गरिवी झुपडी भित्र रहेर पनि आजअघि जसरी जीवनका कर्म र कर्तव्यको पूर्णताको लागि घिस्रिन सकिरहेका छौं सो नै हाम्रो गौरवताको शिखर ठान प्रिया ! तर यसरी कति समयसम्म सञ्चालन गर्न सकिने छौं ? प्रति प्रश्न गरिन् श्रीमतीले । उपाय खोज ? जवाफ दिए सुदामाले ।

श्रीमतीले सुदामालाई निवेदन गरिन् पतिदेव तिम्रा प्रिय र आत्मिय मित्र श्रीकृष्ण दरवारमा बसेका छन्, सम्पन्न र वीरताभएका उनीसँग गएर हाम्रा अभाव र कष्टवाट मुक्ति पाउन सहयोग माग । पति सुदामा भन्दछन् - प्रिया दरवारमा बसेका

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ठूला हुन् कि गुरू मान्यजनकहाँ जाँदा रित्तोहात जान हुँदैन भनिन्छ । मेरा प्रियमित्र श्रीकृष्ण कहाँ लिएर जाने वस्तु के छ र ? शास्त्रमा भनिएको छ-

रित्तो हातले हुँदैन शोभा जाँदा ठूलाबडाकहाँ
पुष्पै मात्र किन नहोस् तिमीले लिएर जानु त्यहाँ

यताउति हेरि केही नदेखिएपछि बस्तीबाट मागी ल्याएको बाँकी रहेको अलिकति कनिकालाई झुम्रो झैं भएको एक रूमालमा राखि पोको पारेर राखिदिन पुगिन् सुदामा पत्नीले सुदामालाई । काखीमा च्यापेर सुदामा आफ्ना हितैषी प्रियमित्रका दरबारतर्फ तर्कवितर्क गर्दै अगाडि बढिरहेका थिए । साँच्चै नै केही छिनमै कृष्णजीका छेउमा पुगि हाले, नजिकै पुगेका सुदामालाई देख्ने बित्तिकै, आफ्नो आसनबाट उठि सुदामालाई स्वागत गर्न पुगे कृष्णजी । आफ्नो आसनमामा प्रेमपूर्वक बसाली मित्रता र प्रेमतापूर्णले भलाकुसारी गर्न थाले । सुदामापत्नी तर्फ सोद्धै भन्नथाले - कृष्णजी भावीलाई के कस्तो छ उहाँ कसरी दिन बिताइरहनु भएको छ । के मलाई पनि सम्झिने गर्ने गर्नुहुन्छ ? आदि-आदि । प्रेमता र भावुकतामा चुर्लुम्म डुब्न पुगेका सुदामाका आँखा आँशु नझारी रहनै सकेनन् । नजिकै रहेका कृष्णजीका सुसारे र अन्य गोपिनीहरूका कारणले आफ्नी पत्निले पठाइएको कोसेलीका पोको कृष्णजीलाई दिन त के देखाउनै सकिरहेका थिएनन् । सर्वदर्शनरूपी श्रीकृष्णजीले आफ्ना प्रियमित्रलाई भन्न थालिहाले - हे सर्व प्रियमित्र ! के मलाई मेरी भावीले केही त पठाउनु भएको होला नि छैन र ? मेरी आदरणीय प्रियभावीले दिइ पठाउनु भएको वस्तु मलाई दिनुहोस् मित्र दिनु हओस् । सुसारे, गोपिनी लगायतबाट कतै हाँस्यको पात्र हुइने हो कि ? ठान्दा ठान्दै पनि मित्रताका कारणले ती सुदामा काखीमा च्यापी राखि लिएर आएका कनिकाको पोको कृष्णजीका हातमा सुम्पन पुगे । थोतो टालोबाट खोलेर कृष्णजीले भन्नथाले मेरी भावीले मलाई कति मायाले यत्तिका खानेकुरा पठाइदिनु भएछ भन्दै एक फाँको मुखमा हाल्न पुगे कस्तो मीठो आ हा भन्दै दोश्रो मुठी पनि मुखमा हाली हाले मीठो मानी चपाई-चपाई खाँदै तेश्रो मुठी पनि के मुखमा हाल्न लागेका थिए । नजिकै बसिरहेकी आफ्नी अर्धाङ्गिनी रूक्मिणीजीले आफ्ना पति कृष्णलाई सो तेश्रो फाँको हाल्नबाट रोकिन्, सुदामा ठानी रहेका थिए कतै आफ्ना पतिले यस्तो नराम्रो वस्तु खान थालेकाले रोकेकी त होओइनन् ? केही दिनको भलाकुसारी र बसोवास पछि आफ्ना प्रियमित्र कृष्णसँग

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
विदावारी भई बाटोको परसम्म पुऱ्याउन आएका कृष्णले पुनः पुनः आइराख्न अनुरोध गर्दै विदा दिए । बाटामा सुदामा सोचिरहेका थिए गरिवी र वेदनाको चपेटाबाट त्राण पाउने अभिलाषाले भेट गर्न पठाइएकी श्रीमतीलाई कुन्नी कसरी जवाफ दिने सोच्दै थिए । आफ्नो भुपडीको छेउमा मात्र के पुगेका थिए, त्यहाँ त भुपडी नै देखिएन, विशाल सुन्दर महल र महलभित्र कैयौं सुसारेहरू सुदामा त्यहाँ पुग्ने वित्तिकै उनलाई ट्वालट्वालति हेर्न थाले । त्यसै वीचमा सुसारे आई हात समातेर आफ्नी पत्नीको शयन कोठामा पुऱ्याए । पत्नीको भेषभूषा र हाउभाउले त सुदामालाई छक्कै पाऱ्यो ।

छक्क परेका सुदामा यस्तो कायापलट स्थिति देखेर छट्पटाउन थाले । त्यहाँ देखिएका सुसारेहरू आफ्ना प्रियमित्र कृष्ण कहाँ नै देखिएका थिए । यसै समयमा राधीकाजी सुदामालाई भन्न आइपुगिन् - हृदयेश्वर सज्जन मित्र । तपाईको प्रेमताले ओतप्रोत हुन पुगेका गोपिनीनन्दन श्रीकृष्णजीलाई सबै विषयको अनुभूति भइसकेको थियो । त्यसैले यहाँ यी सबै बन्न र देखिन पुगेका हुन् । यी सबै प्रयोग गर्नुहोस् । तपाईको श्रद्धाले नतमस्तक बनिनुभएका कृष्णजीले यदि तेश्रो फाँको खाइदिनुभएको भए श्रीसम्पत्ती मात्र त के स्वयं म पनि हजुरको सेविका भै रहनुपर्ने थियो बस्नुपर्ने थियो । त्यसैले ती सबै उपभोग गर्नलाई रोक्नु परेका हो तेस्रो फाँक खानबाट रोक्नुपरेको जानकारी सुदामालाई गराउन पुगिन् र आफ्नो निवासतर्फ लागिन् । आफ्नी पत्निको व्यवहार र शैलीमा धेरै भिन्न देखिरहेका सुदामा पत्निलाई सरल र सामाजिक बन्न अनुरोध गर्दथे । तर पत्निमा परिवर्तन नहुने देखेर धन र ऐशले घमण्ड र तामस प्राप्त भै पाप कर्म हुन सक्ने भयले ब्राह्मण सुदामा सम्पन्न घर व्यवहार र श्रीमतीलाई छाडी पहिलेको भैं जीवन यापन गर्ने निर्णय गरि त्यस भवनबाट अन्यत्रतर्फ लागे ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

सज्जनले कहाँसम्म हित गर्दछ

विराट नाम गरेका एक ब्राह्मण आफ्नो सबै कर्म छोडी निरन्तर भिक्षा लिई पालिएका थिए । उनको यस्तो व्यवहारका कारणले आफन्तबाट उनी टाढिएका थिए । उनी शिकारीको घरमा वेश्याको साथमा डेरा गरी बस्दथे । शिकारी र वेश्याका संगतका कारणले ती ब्राह्मण दिनभरी चरा, पशुहरूको शिकार गरी प्राप्त गरेका शिकार उही वेश्याका साथमा बसी खवाई नाना दुराचार गरिरहन्थे ।

यत्तिकैमा दिनहरू वित्दै गइरहेका थिए । एकदिन मध्यान्हमा विराट शिकारका खातिर एक ठूलो वरको रूखमुनि बसिरहेको बकुल्लालाई मार्ने प्रयत्न गरिरहेको थियो । अनेक प्रयत्नले पनि शिकार मार्न नसकि थकित हुन पुगि रूखको छहारीमा निदाई उठ्न पुग्दा सोही बकुल्लाले प्रश्न गऱ्यो - तिमी किन यति थकित देखिन्छौ ? तिम्रो कुरा के हो ? के तिमीलाई सहयोग गर्न सक्छु कि ? विराट भन्छ - खानको लागि केही नभएकोले शिकार गरी प्राप्त गर्न सके मात्र खान पाउने भएकाले दुब्लो र निराश भएको छु ।

विराटको कुरा सुनिसकेपछि बकुल्ला भन्दछ - सुन ! तिमी यी शिकार प्रवृत्ति छोडिदिन्छौ भने म तिमीलाई राम्रोसँग जीविकोपार्जन हुने व्यवस्था मिलाइदिन सहयोग गर्न सक्नेछु । बकुल्लाको कुराबाट प्रभावित भई ऊ भन्दछ - दुःखका कारणले मात्रै यो कर्म गरेको हुँ । निराकरण हुन सकेमा म मैले अपनाएको कर्मबाट टाढै रहन्थे ।

बकुल्लाले भन्यो - यदि त्यसो हो भने विरूपाक्ष नामका राजा मेरो सज्जन मित्र छन् उनलाई म यो पत्र लेखिदिन्छु । यो पत्रसाथ तिमी जाउ तिमीले सहयोग प्राप्त गर्नेछौ भनि आफूले लेखेको पत्र चुच्चोले झारिदियो । यो पत्रका साथ सो ब्राह्मणशिकारी, राजा विरूपाक्षकहाँ पुग्यो । आफ्नो मित्रको पत्रका साथ ती विराटलाई केही दिन सुखसाथ दरबारमै राखी धेरै धनसम्पत्ति दिई विदा गरिदिए । प्रशस्त धन पाएका ती व्यक्ति वेश्याकहाँ लगि धनी भई मोजमज्जाले रहन थाले । तर पनि उसको शिकारी प्रवृत्ति भने हटेन ।

Digitization by Hindu Heritage Foundation of America: HHFA(USA)

ऊ [illegible] त्यही [illegible]

हे मित्र बकुल्ला ! मलाई भेट देऊ, भन्यो । बकुल्लाले. सम्भ्यो मैले गऱ्याको गुण सम्भि यहाँ, विराट आएका होलान् भेट्नै भनी ठानी - वकुल्ला जव सामु आयो, विराटले कठोर मुक्का प्रहार गर्दा बकुल्लाको प्राणान्त भयो । त्यही बकुल्लालाई मारेर भुत्ल्याई पोलपाल गरि खाएर ऊ आफ्नो घरतर्फ लाग्यो । उता राजा विरूपाक्षले आफ्नो मित्र बकुल्ला भेट्न हप्तै पिच्छे आफूकहाँ आउँथे । आजकल किन नआएका हुन् बुभि आउ भनी आफ्ना आठपहरियाहरूलाई पठाउँछन् । उनीहरूले आई सोद्धछन् खोज्छन् त त्यहाँ भुत्लामात्रै भेटियो सो बकुल्ला त्यही विराटले मारी खाएको थाहा पाउँछन् र जान्छन् । राजालाई सो को जानकारी गराउँछन् । राजा विरूपाक्ष क्रोधित भई दुष्ट विराटलाई आफूकहाँ उपस्थित गराउन अह्राउँछन् । आफ्ना सैनिकहरूद्धारा समाति उभ्याइएको त्यो विराटसँग राजाले सबै जानकारी प्राप्त गरिसकेपछि उनलाई मृत्युदण्ड दिन पुग्दछन् ।

त्यसै वखतमा स्वर्गका राजा इन्द्र तिनै राजा विरूपाक्षकहाँ आइपुगे । राजा इन्द्र आएको देखि विरूपाक्षले स्वागत सत्कार गरि खुशी पार्न सफल भए । राजा विरूपाक्षले आफ्ना मित्र बकुल्लालाई अमृतले छर्किदिई जीवीत गराइदिन इन्द्रसँग अनुरोध गरे । इन्द्रले विरूपाक्षको स्वागतबाट प्रभावित भएको हुनाले आफूसँग भएको अमृत छर्कि ती बकुल्लालाई जीवित गराईदिए । वकुल्ला जीवित भयो र इन्द्र र विरूपाक्षका अगाडि उभिएर भन्न लाग्यो - म अमरपुरमा रहने सत्य धर्म भन्ने व्यक्ति हुँ । ब्रम्हाजीको सरापका कारण मैले यो जन्म लिन परेको हो । यस जन्मको मृत्युपश्चात मेरो सो सराप छुट्नगई आजैदेखि मैले व्रह्मलोकमा वासस्थान पाउने छु ।

बकुल्लाले पुनः इन्द्रसँग हातजोडी विन्ती गर्न थाले. । यो विराटको मृत शरीरमा तपाईसँग भएको पवित्र अमृत छर्किदिनुभई यसलाई वचाइदिनुभएमा कल्याणकारी काम हुने थियो । कृपया यसलाई बचाइदिनुहओस् । वकुल्लाको यस किसिमको अनुरोध बुझेर सो विराटलाई अमृत छर्कि राजा इन्द्रले ब्यूँझाई दिनुभयो र इन्द्र स्वर्ग जानुभयो । विराटले प्रारब्धले गर्दा ३ जन्म कुकुर भई विताउनु पऱ्यो भने बकुल्ला मोक्ष भै ब्रह्मलोक रहन थाल्यो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

त्यसैले भनिएको छ :

औसर जुन घटिपर्छ निश्चय खराब गर्न ती दुष्टै यहाँ,
विश्वास मान्नु हुँदैन दुष्टहरूको जनले कुनै रित्महाँ ।।
सकभर बेस अरूको गरेर रहने धर्मै ठूलो हो भनि,
गर्दैनन् घटिया कुनै तरहले सज्जनहरू क्वै पनि ।
सज्जनका सरिको धार्मिक अरू मान्दिन संसार महाँ,
सज्जनको सहबास हुनै पनि ठूलो भाग्यै बुझिलियौं जहाँ ।।
दुष्टैले गरिलिन्छ, साथ जसको गर्ला उसैको खति,
तष्मात् जस्कन भेट्छ दुष्ट जनले त्यसको अभाग् हो अती ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

शत्रुबाट मित्रता

कुनै समयमा कुनै एक गाउँमा शिवनाथ र दिव्यनाथ नाम गरेका दुई भिन्न परिवारका व्यक्तिहरू बस्दथे । दुवै जना धनी र सक्षम थिए । शिवनाथ धर्मकर्ममा हरदम लागि परिरहन्थे र उनले धेरै पाठशाला र धर्मशालाहरू स्थापना गरेका थिए । फुर्सद भयो कि पाठशालामा गएर पठनपाठन गराउँथे तथा धर्मशालामा धार्मिक कार्यहरू गराउँदथे । धर्मशालामा प्रत्येक दिन धार्मिक प्रवचनहरू सञ्चालन भइरहन्थ्यो । यत्तिकैमा शिवनाथ र दिव्यनाथको वीचमा विभिन्न घरायसी कारणले विवादहरू बढ्दै गई अदालतमा दिव्यनाथले शिवनाथ उपर मुद्दा दायर सम्म गर्न पुगे । हितैषी मित्रबाट यतिसम्मको काम हुन गएकोमा शिवनाथ धेरै दुःखी भई चिन्तित देखिन्थे र दैनिक धार्मिक प्रवचन सुनिरहन्थे । केही समय पश्चात् शिवनाथले घरमा नबसि सो धर्मशालाको आश्रममै रहने विचार गरे । धर्मशालामा रहेतापनि उनलाई आफ्नो खान लाउन घरबाटै दैनिक आपूर्ति भइरहन्थ्यो । यत्तिकैमा एकदिन शिवनाथले धर्मशालामा प्रवचन गर्ने न्यासीसँग सन्यास लिने विचार गरे । ती न्यासीले उनलाई सन्यास लिने समय नभएको भनि सन्यासधारण दिनबाट इन्कार गरे । शिवनाथले सोचे घरबाट आएको खानपिन खाँदै आइरहेको देखेर न्यासीले सन्यास हुने समय नदेखेको होला ठानी घरबाट ल्याउने खानपिन बन्द गरी त्यही आफ्ना भान्से राखी खाना बनाउन लगाई खाने व्यवस्था मिलाए । त्यसपछि शिवनाथले आचार्य न्यासीलाई सोधे अब त मेरो सन्यास लिने समय भयो होला तर पनि न्यासीले सन्यास लिने समय भइ नसकेको बताए । त्यसपछि शिवनाथले आफैंले बनाई भोजन गर्ने र भोजनको लागि भिक्षा माग्ने निर्णय गरे । भिक्षा माग्दै जाँदा उनी दिव्यनाथकहाँ पनि पुगे । पुरानो मित्र तर हालमा कट्टर शत्रु आफ्ना महाजनकहाँ भिक्षा लिन आएको देखेपछि उनका कारिन्दा तथा रखबारहरूले सोको जानकारी आफ्ना महाजन दिव्यनाथलाई सुनाए । विश्वासै नमानि नमानि दिव्यनाथ हेर्न आए । दिव्यनाथका कारिन्दाहरूले आफ्ना महाजनका शत्रु आएको देखेर भिक्षा माग्न आएको शिवनाथलाई भिक्षामा विष मिलाई दिई सधैंका लागि आफ्ना महाजनको शत्रुबाट आनन्दहुनुपर्ने कुरा बताए । तर दिव्यनाथ सो कुरामा ध्याननदिंदै शिवनाथ भएकातर्फ अगाडि बढे । उनलाई देख्ने बित्तिकै शिवनाथले

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

भने सेठ दिव्यनाथजी म तपाईकहाँ झोली लिई भिक्षा लिन आएको छु कृपया ईश्वरको नाममा अलिकति भिक्षा दिनुहओस् । यस किसिमको विनम्रता देखेर सेठजीले पुरानो मित्रता सम्झँदै आलिङ्गन गर्दै एक आपसमा प्रेमता साटासाट गरे । यसै समयमा हुलाकीले दिव्यनाथलाई एक रजिष्ट्रीपत्र हातमा थमाइदियो । सो पत्र शिवनाथका छोराहरूद्वारा सेठ दिव्यनाथलाई पठाइएको थियो । सो पत्रमा सेठलाई लेखिएको थियो सेठजी हाम्रा पिताजी घरबाट बेपत्ता भएको धेरै समय वर्ष भयो । आजसम्म पत्ता लाग्न सकिएको छैन । हाम्रो बीचको जमिन मुद्दा पनि निर्णय भइरहेको छैन हामीलाई त्यस जमिनको कुनै लोभ छैन । हामी यसै पत्रद्वारा सो जमिन त्याग गर्दछौं । हामी टुहुरा भएका छौं । कृपया हामीमा दयागरि पिताको प्रेम संरक्षकत्व प्राप्तहुन सकोस् । पत्र पढेर दिव्यनाथको आँखाबाट आँसु झरे । त्यो हुनै सक्तैन सो जग्गा तिमीहरूको हो र रहिरहने छ । मेरो मित्रका पुत्रहरू हो । तिमीहरूलाई मैले गर्नुपर्ने सम्पूर्ण संरक्षकत्व दिनेछु ।

त्यसैवेलामा ती धर्मशालाका आचार्य न्यासी आइपुग्नुभयो र आफ्ना शिष्य शिवनाथलाई अङ्कमाल गर्दै भन्नुभयो शिष्य तिमी अब सन्यास लिन योग्य भएका छौ । जबसम्म मनमा रहेको शत्रुता, क्रोधता रहन्छ तवसम्म ध्यानको महत्व रहनेछैन । मनबाट घृणा, क्रोध, ईर्ष्या र वैरभावलाई हटाउन सक्नुपर्नेछ । त्यसपछि हेर मन कति आनन्द र स्वस्थ रही सुख प्राप्त हुनेछ । आचार्यले शिवनाथलाई गुरूकुलमा लग्नुभयो र केही वर्ष पछि दिव्यनाथपनि आफ्ना सम्पूर्ण व्यवहार छोडि उनै शिवनाथका छोराहरूका जिम्मा छोडी गुरूकुलमा आश्रय लिनुभयो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लोभको परिणाम

कुनै एक गाउँमा एकजना सज्जन कामको सिलसिलामा डुल्न जान लागे । उनीसँग उनका केही मित्रपनि सँगै डुल्न जाने निर्णय गरेकाथिए । तर घरबाट प्रस्थान गर्ने समय भइसक्दा पनि उनका मित्रहरू आइपुगेनन् । घरपरिवारले उनी एक्लैलाई विदाई गर्न गाह्रो माने । बाटो खतरनाक र डरलाग्दो छैन भनि उनी एक्लै नै भएपनि यात्रा गर्न हिंड्ने निर्णय गरि घरबाट विदाई हुने भए । त्यसवेला उनकी श्रीमतीले उनको साथलगाई पठाउने केही नभेटि घरै छेउको सानो कुवामा रहेको एक गँगटो ल्याइन् र कपुरको पोकोमा त्यसलाई राखी श्रीमानलाई भनिन् पतिदेव तपाई नहिंडी नछोड्ने हो भने यो पोको साथै लानको लागी अनुरोध गर्दै श्रीमानको झोलामा राखि दिइन् । पतिले त्यो गँगटा भएको पोको पनि साथै लगे । उनी यात्रा गर्ने सिलसिलामा जाँदा-जाँदा थकित भएर एक रूखको छहारीमा आराम गर्ने विचार गरि पल्टे । थकित उनी केहीबेरमा नै निदाउन पुगे । त्यही रूखको टोड्काबाट ठूलो कालो साप निक्ल्यो र उनलाई डस्ने विचारले अगाडि बढ्यो । तर उनका झोलामा भएको कपुरको वास्नाले उसलाई लोभ्यायो र झोलामा भएको कपुरतिर बढ्यो कपुरको पोको खोलेको मात्र के थियो गंगटाले उसलाई टुक्राटुक्रा पारि प्राणै लियो । केहीबेरपछि निन्द्राबाट ब्यूँझि हेर्दा आफ्नो वगलमा त्यो कालो साँपको टुक्राटुक्रा भएको देखि गंगटाले प्राण बचाएको थाहा पाई आफ्नी परम प्रिया पत्नीलाई संझी सोच्यो उनको वचन मानि सो गंगटा भएको पोको साथै ल्याएकोले आफ्नो प्राण बच्न गयो भनी वुद्धिमानीको प्रशंसा गऱ्यो । ईश्वरलाई धन्यवाद दियो ।

त्यसैले भनिन्छ, "स्वाद र लोभमा पसेर अरूको वस्तुमा लालयित हुनुहुँदैन त्यसले विनाश मात्र निम्त्याउनेछ ।"

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

राजाको भोजन

कृष्णनाथपुर हरियो रङ्गको शहर थियो । बोटविरूवाहरू त हरिया छँदै थिए शहरका घर बजार र सडकहरू समेत सबै हरियै हरिया देखिन्थे । त्यसबेला यस शहरलाई हरित शहर पनि भनिने गरिन्थ्यो । यस शहरका सबै नागरिकहरू शिक्षित र सभ्य देखिन्थे । शिक्षित, सभ्य, शिष्टता र सफा यस शहरको विशेषता नै मानिन्थ्यो । सबै नागरिक शिक्षित भएकाले पाठशाला, कलेज, विश्वविद्यालय राम्रा स्थापना भएका थिए ।

संसारका धनी, शिक्षित, राज परिवारका सदस्यहरूको शिक्षा दीक्षा यसै शहरभित्रका पाठशालाहरूमा हुने गर्दथ्यो । यहाँ रहेका शिक्षालयहरूमा धर्म, संस्कृति, राजनीति, आयुर्वेद आदिमा योग्य शिक्षकहरूद्वारा शिक्षा दिइन्थ्यो । आ-आफ्ना चाहना विशेषका शिक्षा आर्जन गर्ने विद्यार्थी समूह-समूह बनाई राखिन्थ्यो । शिक्षालय प्रवेश पछि त्यहाँवाट प्राप्त हुने पूर्ण शिक्षा प्राप्त भइसकेपछि मात्र विद्यार्थीहरूलाई आ-आफ्ना घर पठाइन्थ्यो ।

शिक्षा दीक्षा सभ्यतामा पूर्णता हुने भएकाले त्यहाँका अधिकांश विद्यार्थीहरू आ-आफ्ना राज्यका महत्वपूर्ण जिम्मेवारी सम्हाल्न पाउँदथे । यहाँ अध्ययन गर्ने एक राजकुमार आफ्नो राज्यमा राजा भएछन् । उनले आफ्ना सहपाठीसँग भेट गर्ने इच्छा राखी निम्ता पठाएछन् । भिन्न-भिन्न समयमा भिन्न-भिन्न मित्रहरूसँग भेट हुन गइरहेको थियो । यसै गरी राजाका एक प्रियमित्र कविराज भएका रहेछन् । उनीसँग भेट हुँदा लामो भलाकुसारी पछि आफ्ना राजपरिवारसँग परिचय गराएछन् ।

सँगै खाने र बस्ने गरेका अतीतलाई सम्झिदैं, कविराज आफू त्यहाँ रहुञ्जेल उसैगरी विताउने इच्छा प्रकट गरे । तर राजाले आफ्ना प्रिय मित्रलाई स्वादिला खानपिनको तयारी गराए । दुवैसँगै र उस्तै खाना इच्छा राखेका कविराजले सो खाना नखाने, सँग एकै खाना खाने जोड गरे । राजाले धेरै अनुरोध गरे, उनलेभने मित्र म थोरै र नमीठो भोजन गर्दछु, कसरी सो भोजन तिमीलाई गराउँ । सो भोजन तिमीलाई नरूच्न र नपच्न पनि सक्तछ । राजाका यी कुरा ती कविराजले सुन्नै चाहेनन् । राजा आजितभैं आफैंले लिने भोजन गराउने निर्णय गरे ।

Digitization by Hindu-Heritage-Foundation of America, HHFA(USA)

भोजनको लागि राजालाई किस्तीमा एक काँटा, एक चक्कु, एक लड्डु आकारको डल्लो र दुई गिलास जुस मात्र राखिएको थियो । राजाले आफ्ना मित्रलाई सोही आधा पारि खुवाएँ । आफ्नै कोठामा राखिएको दुई भिन्न पलङ्गमा ती दुवै सुते । राजाले आफ्ना मित्रलाई केही गाह्रो होला भन्ने ठानी कोठामा सर्वतका घैला राख्न लगाए । दुवै आ-आफ्ना पलङ्गमा सुते ।

केही बेरमै राजाका मित्र कविराजलाई पानी पियास लाग्यो नजिकै भएको घैलाको सर्वत पिउँदै गए । पाइखाना जाँदै गर्दा उनलाई सास्ती नै भयो । उनका शरीर जलेको झैं भएर भत-भत पोल्न थाल्यो सहनै नसकेर नजिकै सुतेका राजालाई कोट्याई आफ्ना सबै कुरा बताए । जिद्धि गरेर खाएकाले राजालाई हाँसो उठ्यो । खित्का छोड्दै राजा हाँसेको देखेर राजासँग वास्तविकता बुझ्ने इच्छा कविराजले राखे ।

राजाले भने मित्र मेरो भोजनको लागि सयौं कुखुराहरू पालेको छु । ३० कुखुराहरूलाई एक कोठामा राख्दछु । तिनलाई समुद्रका सिपीहरू ल्याई खुवाउने गराउँदछु । त्यस्ता सिपी खुवाएर पालिएकामध्ये एउटा कुखुरालाई काट्दै बाँकी कुखुरालाई खुवाउँदछु । यसरी भोलिपल्ट काटिइ बाँकी २८ लाई खुवाउँदछु । यस्तै गरी ३० मध्येको ३० औं दिनमा काटिन पुगेको कुखुराको राम्रा फल मासुबाट बनाइएको यो एक लड्डु आकारको आहाराले मलाई आनन्द, सन्तुष्ट र पर्याप्त भइरहेको छ । सधैं मैले गर्ने भोजन यही नै हो प्रिय मित्र राजाको यी कुरा सुनिरहेका कविराजले भने आफैं शिक्षाबाट निपुण भैं कविराजको कार्य गरिरहेको भएतापनि यसको जानकारी नलिई भोजन गर्न गएकोमा लाजले शिर निहुराएर बसे ।

त्यसैले भनिने गरिएको छ "न्याय, नेतृत्व गर्नेले शुद्ध र तेजिलो भोजन गरिनुपर्दछ जसका शक्तिले दूरगामी हितकारी निर्णय क्षमता देखाउँदछ ।"

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

महाशक्ति

राजकुमार राम अयोध्याका राजा दशरथका पुत्र थिए । आफ्नी सौतनीआमाका माग र चाहना बमोजिम उनले वनवास जानु परेको थियो । पतिको वनवास प्रस्थानमा आफू दरवारभित्र सुखसयलमा बस्न नसक्ने निर्णय गरि वनमै जाने निर्णय गर्न पुगेकी पृथ्वी पुत्री सीता र आफ्ना आदरणीय दाजुसँगै वनवासै जाने निर्णय गर्न पुगे अर्का दशरथ पुत्र राजकुमार लक्ष्मणले पनि । राम विष्णुका साक्षात् अवतार थिए भने उनका शयन सहयोगी शेषनागकै अवतार थिए लक्ष्मण ।

वनवास प्रस्थान समयमा राजा दशरथका दरबारमा कहालिलाग्दो उतारचढाव देखिन पुग्यो तापनि मर्यादा पुरूषोत्तम रामले ती सबैलाई स्वाभाविकै मानि आदरणीय पिताको आज्ञापालन गर्न उत्तम अवसर ठान्दै सहर्ष स्वीकार्दै वन प्रस्थान गरि छाडे । सोही कारणले पिता राजा दशरथको मृत्युसम्म पनि हुनपुग्यो ।

वनवासका समयमा यातना दुःख पीडाका कहालिलाग्दा शृङ्खलाबाट उनीहरू पीडित भइरहेका थिए, तथापि भाग्य र कर्ममा विश्वास गर्ने यिनीहरूलाई कत्ति पनि विचलित गराउन सकिरहेको थिएन । यस्तै पीडा नै पीडाको बीचमा अर्को पीडा थपिनपुग्यो उनीहरूलाई । जंगलको बीचबाट आफ्नी स्त्री र आदरणीय भाउजुको हरण देखेर चिन्तित हुन पुगेका राम र लक्ष्मण पत्ता लगाउन र अपराधीलाई दण्डदिई परमप्रिया अर्धाङ्गिनीलाई साथ ल्याउन आतुर थिए । जंगलभित्र र साथीहरूका समेत सहयोग लिई हरण गर्ने दुष्ट रावणलाई मात्र नभई सम्पूर्ण मतियार समेतलाई नष्ट र क्षतविक्षत गरी आफ्ना आश्रममा भलाकुसारी गरि बसिरहेका थिए उनीहरू । यत्तिकैमा पृथ्वी पुत्री सीताले भन्न थालिन परमेश्वर पतिदेव रावणको कालपछि यातना र पीडा देशवासीहरूले त भोग्न परिरहेको नहोला तर रावणभन्दा धेरै शक्तिशाली महीरावणका अत्याचारबाट कति पीडित होलान तिनका देशवासीहरू त्यस्ता शक्तिशाली अत्याचारीलाई नष्ट गर्न सकेमा कत्ति शान्ति पाउँदथे होलान् ती देशका देशवासीहरूले कत्ति अनुग्रही हुनेथेहोलान् त्यस्ता नष्ट गर्न सक्ने महान् व्यक्तिको ।

अर्धाङ्गिनीको त्यस्तो आकांक्षा सुनेर, रामले सो अत्याचारीलाई नष्ट गर्ने दृढता देखाई नाम, ठाम, ठेगाना मागे । सीताले सबै जानकारी गराइन । अगाडि बढेका

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

रामसँगै लक्ष्मण जाने ढिपी गरिहिंडे तब सीताले मात्र त्यहाँ बस्न मानिनन् । उनी पनि उनीहरूसँगै जाने भइन् तर राम लक्ष्मण दुवैले लान इन्कार गरे । तिमीलाई सुरक्षा र आनन्दले राख्ने व्यवस्था हाम्रो हो तिमीले यही बस्नुपर्ने छ । भय र त्यस्तो युद्धमा जान उपयुक्त र मर्यादा नहुन सक्छ त्यसैले तिमीले जान उपयुक्तता हुने छैन ।

सीताको अठोटलाई उनीहरूका आश्वासनले रोक्न सकेनन् साथै तिनैजना महीरावणका स्थानमा पुगे । महीलाई भन्नथाले रामलक्ष्मणले दुष्ट, दम्भी, घमण्डी, अत्याचारी तेरो ज्यादतीको आज अैलेदेखि अन्त गराई वाँकी सबै जनालाई सुखी शान्तिमा बस्न पाउने वातावरण बनाउने छौं । हाँक दिन पुगे । युद्ध गर ? तर महीरावण ढुक्क सहित भन्न थाल्यो हे दुष्ट वालकहरू हो तिमीहरू जस्ता स-साना वालकसँग म के युद्ध गरौं ? शास्त्रमा पनि भनिने गरिएको छ समानसँग मात्र युद्ध हुनुपर्ने छ तसर्थ जाउ तिमीहरू आ-आफ्ना आमाबाका काखमा खेल्न जाउ । धेरै लल्कार दिनपुगे उसलाई राम र लक्ष्मणले तर महीरावण ती माथि जाइलाग्ने भयो साह्रै युद्धमा लालायित भएका बालक देखेर उसले भन्न थाल्यो हे दूधेबालकहरू हो मैंले समानसँग मात्र लड्ने गरेको छु । यो मेरो अनुशासन हो तर आक्रमण गर्नेलाई प्रत्याक्रमण गर्न मिल्ने छ । त्यसैले गर प्रहार मलाई तिमीहरू । तिम्रा इच्छा पूर्ण गराउनेछु ।

दुवै दाजुभाइ मध्ये रामले वाण वर्षाउन थालिहाले तव महीरावण प्रत्याक्रमण गर्न तम्स्यो र प्रहार गऱ्यो । एकै वाणको प्रहारले राम मुर्छित भई ढले । त्यो देखेर लक्ष्मण झोक्किदै वाण तेर्साउन थालेका मात्र के थिए उसका मुखबाट निस्केका वेगका हावाले ढले र मुर्छा हुनपुगे । हेरिरहेकी पृथ्वीपुत्री सीताले आफ्नो वास्तविक देवी स्वरूप भई महीरावण माथि झम्टिन पुगिन र एकलात्तीको प्रहारबाटै अन्तिम सास नै बन्द गर्न पुग्यो त्यस्तो शक्तिशाली देखिएको महिरावणको । केहीछिन पछि मुर्छित राम र लक्ष्मण ब्यूझे र देखे उसको मृत्यु । तब सीताको वास्तविक स्वरूप र शक्ति देखेर राम समेत लक्ष्मणले नमस्कार गरि देवी सीताको साधारण रूप स्वरूपमा आउन स्तुति गर्न पुगे । केही समयमै उनको शान्त सौम्य स्वाभाविक रूपमा आएकी सीता समेत तिनै जना आफ्नो राज्य अयोध्यातर्फ लागे ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

शक्तिशाली पद्मा

राजा अरण्य साह्रै शक्तिशाली थिए । उनी चक्रवर्ती सम्राट भएका थिए । उनको वीरता न्यायको संसारमै प्रख्याति थियो । उनका सन्तानमध्ये पनि आफ्नी कान्छी छोरी पद्मालाई उनी साह्रै प्यार गर्दथे । पद्मा सुन्दरी मात्र थिइनन् ज्ञानी र कर्मयोगी पनि थिइन । आफ्ना बाबु सम्राटले निर्णय गर्नुपर्ने धेरैंजसो कठिन र कठोर अवस्थामा सहयोग र सुझाव दिनसक्ने सामर्थ्य थियो ऊनीमा । आफ्ना राज्यका विभिन्न क्षेत्रमा ती राजकुमारी भ्रमणगरी थिति-रितिहरू बुझ्ने गर्दथिन् जान्ने गर्दथिन् ! उनको यस्तै भ्रमण कार्यमा एकदिन महामुनि पिप्पलादले आफू स्नान गरिरहेको नदीका छेवैबाट अगाडि बढिरहेकी ती राजकुमारीलाई देख्न पुगे । उनको लचकता, भावुकता र सौन्दर्यता देखेर अविवाहित ती मुनिले उनको परिचय मागे । सबै थाहापाइसकेपछि ती कन्यासँग विवाह गर्ने निर्णय गरी उनको बाबु सम्राटकहाँ गई सो सम्बन्धि प्रस्ताव राख्न पुगे । महर्षिको प्रस्ताव सुनेर सम्राट छक्क हुन पुगे तर पनि ती महर्षिको ज्ञानता र शक्ति बुझेका हुनाले उनको प्रस्ताव इन्कार गर्न सकेनन् । आफ्नी ती प्रिय छोरीलाई आफ्नो रितिथिति अनुसार महर्षिसँग विवाह गरिदिन पुगे ।

आफ्नी सुन्दरी पत्नि पद्मालाई लिएर महर्षि आफ्नो आश्रममा आइपुगे । दरवारमा सुख आनन्दपूर्वक भोग गरिरहेकी पद्मा परमेश्वरको रूप सम्झेर आफ्नो वृद्ध पतिको सेवा सुसारमा लागिरहिन् । उनको सेवा र पतिव्रताको चर्चा धेरै टाढा-टाढासम्म फैलिन थाल्यो । देवताहरूसमेत छक्क देखिन थाले । एकदिन ती पद्माको पतिव्रता परीक्षा गर्नको लागि स्वर्गका राजा इन्द्र आफ्नो सुन्दर अस्त्रवस्त्र पहिरन गरेर मोहक रूपमा पद्माका अगाडि देखापर्न आए । धर्मरूपी देवताको आगमनको पद्माले स्वागत गरिन् र आफूकहाँ भएको फलफूल खुवाई स्वागत गरिन् र दर्शन दिनुको कारण सोध्न पुगिन् । मौका हेरिबसेका धर्मदेवता उनका पति पिप्पलाद वृद्ध कुरूप भएकोले उनको निन्दा गर्दै तिमी यस्ती जवान सुन्दरी म जस्तो सुन्दर जवान पाई लालाइत छैनौ भनि लोभ्याउन थाले । पतिव्रता पद्मालाई कसैगरि पनि डग्मगाउन सकेनन् तर धैर्य टुट्न गएकी पद्माले क्रोधमा आई उनलाई क्षीण होऊ भनि श्राप दिन पुगिन् । डरमान्दै धर्मदेवता आफ्नो वास्तविक रूपमा देखा

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
परे । उनको वास्तविक रूप देखेर पद्यालाई लाज र घृणा लाग्यो । धर्मदेवता पनि डराउँदै श्राप फिर्ता लिइदिनको लागि उनलाई हात जोडी माफी माग्न थाले । तर पनि पद्याले भनिन् - हे धर्मदेवता ! श्राप फिर्ता गर्न त्यसै त म सक्दिन तर पनि चार युगमध्ये प्रत्येकका चरणमा तपाईको एक-एक चरणको क्रमले ह्रास हुँदै जानेछ । त्यो कसरी भने सत्य युगमा ४ चरण रहला, त्रेतामा ३, द्वापरमा २ र कलीमा तपाईको १ चरणमात्र रहला र पुनः अर्को सत्ययुगमा तपाईको चारै चरण रहि यही क्रम चलिरहला ।

पद्याको त्यस्तो पतिव्रता देखेर धर्मदेवता खुशी हुँदै भन्नथाले तिम्रो पतिव्रत धन्य रहेछ । तिमी आदर्श बन्नेछ्यौ तिम्रो यस्तो अक्षय कीर्तिले तिम्रो पति सुन्दर, युवा र गुणवान सम्पन्न रहनेछन् र तिम्रा १० पुत्र बन्नेछन् र ती पुत्रहरूको प्रसिद्धि संसारभर फैलने छ भनि अन्तर्ध्यान भए । आजसम्म पनि ४ युग यसरी नै चलिरहेको मानिदैं आइरहेको भेटिन्छ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

महात्मा

एकजना सज्जन पिपलको रूखको आड लगाएर केही वर्षदेखि बस्दै आइरहेका थिए । उनी साधु हुन् भन्ने ठानी नजिकैका गाउँलेहरूले आफूकहाँ भएको दूध फलफूल लिई आउने गर्दथे । ती साधु पनि त्यहाँ जम्माभएका जे जस्तो चिजविजहरू छन् त्यहाँ उपस्थित भएका सबैलाई बाँडेर बचेको आफू खाने गर्दथे । उनको संन्त स्वभाव र ज्ञानी वचन सुन्ने गरेका छर-छिमेक, टोल गाउँ सबैतिरबाट फुर्सद भएको समय पारी मानिसहरू आउने गर्दथे । गर्दागर्दै त्यहाँ घुइचो हुन थाल्यो चहलपहल बढ्न थाल्यो र विस्तारै-विस्तारै ती सज्जनका वचन सुन्न मात्रै पनि मानिस टाढा-टाढादेखि पनि ओइरो लाग्न थाले । विस्तारै त्यहाँ आफ्ना दुःख, असजिला, अप्ठ्यारा व्यवहारहरू सुनाउने र त्यसबाट सजिलोपन आउने मतलब छुटकारा पाउने उपायहरू तथा संयमता अपनाउन आत्मबल बढाउन उनका विचार सुन्ने गर्थे, बुझ्ने गर्थे । पूर्व क्रियाकलापहरूको लेखाजोखा तथा यस्ता उनका कार्यशैली तर्क, विचार भविष्यप्रति जानकारी गराउँदै आइरहेको उनी प्रति आफूसँग भएका तथा जम्मा हुन आएका फलफूल, अन्नहरू सद्भावपूर्ण त्यहाँ ल्याई जम्मागरिदिन उत्सुकहुनथाले त्यस गाउँक्षेत्रका मानिसहरू । त्यसैले उनको वासस्थानमा अन्न र फलफूलहरूको राम्रो संकलन हुन थाल्यो । त्यो देखेका सहयोगीहरूले अनाथ वृद्धहरूलाई त्यहाँ खुवाउने र बसोबास गराउन वासस्थानकै व्यवस्था हुन पुग्यो त्यहाँ । यस्ता विभिन्न ठाउँबाट आउने जाने क्रमले उनको प्रख्याति नै हुनपुग्यो । सो प्रख्यातिका कारणले वेश्यावृति गरि उश्रृंखल व्यवहार संचालन गर्दै आइरहेकी एक वेश्यालाई पनि ती व्यक्तिकहाँ आफ्नो वर्तमान र भविष्यका सम्वन्धमा जानकारी पाउने उद्देश्यले उपस्थित हुन आइपुगिन् । धेरै व्यक्ति जम्मा भइसकेका हुनाले ती वेश्याले तुरुन्तै भेट गर्न सकिनन् । प्रतिक्षामा बस्दा बस्दा उ मनमा अनेक कुरा खेलाउँदै थिई कि मेरो वर्तमान सम्बन्ध त यसरी बितिरहेको छ भने बाँकी भविष्य के ? मेरो यस्तै रोमाञ्चकमा बित्न सक्ला त ? नभन्दै त्यही समयमा नै ती ज्ञानीले वेश्यासँग भेट्ने समय आइसकेको थियो । मगमग वास्नायुक्त सुन्दरी वेश्याको प्रवेश सँगै ती ज्ञानीले भन्न थाले तिमी कत्ति सुन्दरी रहिछौ । तिम्रो भविष्य कत्ति सुन्दर रहेछ । वेश्या मनमनै खुशीले गद्गद् हुँदै भन्न पुगि म वास्तवमै

Digitization by Hindu Heritage Foundation of America HHFA (USA)

सुन्दरी छु र मेरो भविष्य पनि सुन्दररहेछ । मेरो पुष्ट छाती, हृष्ट जीउ र आकर्षक शरीर र व्यवहारले म धेरै भन्दा धेरै सुन्दर पुरूषहरूलाई आकर्षण गर्न सक्ने रहेछु । यस्तै सोच्दै उसका अन्य इच्छा भएका विषयहरूमा पनि सोध्न थाली । महात्मा ! मेरो वर्तमान कस्तो छ ? र मेरो भविष्य कसरी बित्नसक्ला ? मेरा सन्ततिहरू कति हुन सक्नेछन् र तिनका भविष्य कस्तो रहन जाला ?

सुन्दरी वेश्याको यस किसिमको प्रश्न सुनेर महात्मा मुसुक्क मुस्काउँदै वेश्यातर्फ फर्केर भन्न थाले - तिमी आफू जस्तो सुन्दरी छेउ त्यस्तै तिम्रो वर्तमान सुन्दरताले बितिरहेको हुनुपर्छ र भविष्यपनि सुन्दरै सुन्दरताले गुज्रिरहनु पर्दछ । अनगिन्ती बालखहरूले खेल्ने काखहरूको तिमीलाई कमी हुने देखिदैंन । वेश्या अझ थप जिज्ञासाहरू राख्न थाली । महात्मा पनि उसका सबै जिज्ञासाहरूका शास्त्रअनुसार जानकारी गराउँदै थिए । वेश्या महात्मासँग बिदा भई बाहिर निक्लिन थाली । महात्माको आश्रमकै छेउमा रहेको पिपलको बोट मुनिको छहारीमा उभिएर केही पिपलका पात टिप्दै गुन्गुनाउन थाली । महात्मा धेरै ज्ञानी भन्ने सुनेकी थिएँ तर बेकारको कुरा रहेछ । मेरो चरित्र सम्बन्धमा उनले केही भ्याउसम्म त पाउन सकेनन् ? सोच्दै थिई । महात्मा उसका कृयाकलापको लेखाजोखा गर्दै थिए । उनले आफ्ना मान्छेबाट ती वेश्यालाई बोलाउन लगाई वेश्यालाई भने सुन्दरी तिम्रो हातमा हेर त पिपलका छ पात टिपेर किन खेर फ्यालिरहेकी छ्यौ ? वेश्या आश्चर्य र छक्क पर्दै सर्मिन्दा बन्दै हत्त न पत्त त्यहाँबाट हिंडीहाली ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

गलत व्यक्तिको शासन

एकजना सज्जन विश्वविद्यालयका शिक्षक थिए । ऊनी आफ्ना विद्यार्थीहरूलाई विविध जनावरहरूका रहन-सहन, चालचलन सम्बन्धका विषयहरू सम्बन्धमा अध्यापन गराउँदै आएका थिए । उनले एक ठूलो फराकिलो बगैंचा निर्माणगरि विभिन्न जीव-जनावरहरू राखेका थिए । तिनिहरूका त्यहाँ सबै आचरणहरू अध्ययन गरिन्थ्यो । त्यसैले उनीसँग ती जनावरहरू साह्रै भ्याम्मिएका र पुलपुलिएका थिए । त्यसमध्ये पनि एक बाँदर उनीसँग साह्रै रत्तिएको थियो । उ छमछम नाचेर ती प्राध्यापकलाई आनन्दित पार्दथ्यो । त्यो बाँदर अघिपछि लागि बस्दथ्यो । त्यसैले पनि उसले प्राध्यापकको सहयोगी चाकरले झैं ठाउँ पाइसकेको थियो ।

प्राध्यापक सम्पन्न थिए । उनका घरमा नोकरचाकरहरू धेरै थिए । फुर्सदका समयमा ती प्राध्यापक आफ्ना चाकरहरू साथै लिई जनावरहरूसँग रमाइलो गरि समय बिताउँदथे । केही दिनदेखि ती प्राध्यापकलाई रूघाखोकी र ज्वरोले विछ्यौनामा पारेको थियो । उनका चाकरहरू घरधन्धामा व्यस्त थिए । प्राध्यापकलाई तिर्खाले सताएको थियो । उनी पानी मागिरहेका थिए । नजिकै बसिरहेको बाँदरले त्यहाँ राखेको पानी गिलासमा भऱ्यो र पिलायो । प्राध्यापकको नजिकै बसेर पंखा घुमाइ रहनथाल्यो । धेरै दिनदेखि बिमारी भएकाले ती प्राध्यापकका वरिपरि किरा र झिङ्गाहरू भुन्भुनाइरहेका देखिन्थे । त्यस्तैमा उनका नाक, ओठमा किरा झिङ्गाहरू हटाउँदा-हटाउँदा दिक्क भइरहेको हेरेर बसिरहेको (भक्त तथा सहयोगी) सो बाँदर ती किरा तथा झिङ्गाहरू धपाउन थाल्यो । धपाउँदा-धपाउँदै पनि ती प्राध्यापकको वरपरबाट पुरै किरा झिङ्गा हटाउनै सकेन । नभन्दै एक झिङ्गा त प्राध्यापकको नाकमै आएर बसिदियो । बाँदर धेरै रिसायो । फलफूल तासेर प्राध्यापकलाई खुवाउन प्रयोग गरिएको छुरी नजिकै सो बाँदरले देखिहाल्यो । रिसले चुरहुनपुगेको सो बाँदरले हत्तपत्त सो छुरि हातमा लिइहाल्यो र आफ्ना प्रिय आदरणीय व्यक्तिलाई दुःख दिइरहेको देखेर सो दुष्ट झिङ्गालाई मार्ने उद्देश्यले नाकमाथि बसेको झिङ्गामाथि बल गरेर छुरीले हान्यो, तर बाँदरले वेगले चलाएको हातको आवेगले झिङ्गा त्यहाँबाट उडिहाल्यो । दुर्भाग्यपूर्ण रूपले प्राध्यापकको नाकमात्र काटिन पुग्यो । प्राध्यापक चिच्याइ चिच्याई रून लागे । बाँदर भने स्वामी,

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
प्रियभक्त र सहयोगी हुँदाहुँदै पनि नराम्रो कर्म हुन गएकोले छटपटाई-छटपटाई आत्मग्लानि गर्दै रोएर बस्यो । तर प्राध्यापकको नाक काटि सकिएको थियो । त्यसैले भनिने गरिएको छ कि "साधन त्यस्ता व्यक्तिको हातमा रहनुपर्दछ जसले प्रयोग गर्ने ठाउँको पहिचान गर्न सक्दछ ।"

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

अत्याचारीको अन्त

हिन्दू धर्म शास्त्रअनुसार आजभन्दा करीब ८,६८,१०० वर्ष अगाडि त्रेता युगको समाप्ति र द्वापर युगको शुरूवात भइरहेको थियो । प्रत्येक युगमा आइपरिरहने ज्यादती र विपत्तिहरूमा भगवान्को उपस्थिति हुनेछ र त्यस्ता ज्यादती र विपत्तिबाट समाजलाई मुक्ति दिलाइने परम्परा भएको हुनाले यसकालमा पनि त्यस्ता अपराधि प्रवृत्तिबाट मुक्ति दिलाउनको लागि भगवान् श्रीकृष्णको उपस्थिति भइसकेको थियो । सत्य, इमान्दार, कर्मयोगीहरू माथि बेइमानी, असत्यी, ठगीहरूको ज्यादतीमाथि आक्रमण गर्दै सत्यवादी, गुणी, परोपकारी तथा कर्मयोगीहरूमाथि भइरहेको ज्यादतीको अन्त गर्नु नै त्यस्ता व्यक्तित्वहरूको उदय हुनु हो । यसै सिलसिलामा हिन्दूस्थानको द्वारका नगरीमा खासगरि यादव वंशीहरू प्रेम, सद्भावपूर्णरूपमा बसिरहेका थिए । तर यसै बेलामा त्यही वंशभित्रबाटै एक बुद्धि भ्रष्ट भएको अत्याचारी, अविवेकी पथभ्रष्ट भएको मानिसको जन्म भएको थियो ।

उ जन्मदै तीन आँखा थिए, सारा आश्चर्यचकित भए, डराए, देशभित्र बाहिरका ठूला-ठूला विद्वान, ज्योतिष, पंडितहरूलाई झिकाइयो र उसका शरीरको अङ्गहरू देखाइयो । उसका शरीरमा भएका अप्राकृतिक अङ्गहरूको बारे र सोबाट पर्नसक्ने, हुनसक्ने लक्षणहरूका सम्बन्धमा सोधखोज गर्न लगाइयो । सबै उपस्थित ती विद्वान, ज्योतिषहरूले आ-आफ्ना विचारहरू प्रकट गरे । कत्तिले त आश्चर्यचकित हुँदै भने यो बालक कुरूप, घमण्डी, दम्भि, असत्यी, सम्पूर्ण प्राणीको अकल्याणकारी हुनेछ कसरी यस्तो वंशमा यो बच्चाको जन्म हुन गयो । तत्पश्चात् ती बालखका आमा-बाबु सबै छटपटाई-छटपटाई रून लागे । यत्तिकैमा अचानक ठूलो आवाज कतैबाट आएको सुनिन आयो । त्यस आवाजबाट सुनिदैं थियो कि त्यहाँ जन्मिएको बालखको विचित्रता त्यहाँ कुनै एक व्यक्ति त्यहाँ आइपुग्नेछन् उनका काखमा त्यो बालख रहन पाएमा उसका शरीरका सबै कुरूपहरू हट्नेछन् । त्यसै व्यक्तिबाटनै त्यस बालखको मृत्यु पनि हुनजानेछ । त्यस्तो आवाज सुनिंदा पनि बालकका आमाबाबु तथा आफन्तहरू साह्रै खुसी भए । उनीहरूका आफन्त, शुभचिन्तकहरू त्यस्तो वृद्धाअवस्थामा जन्मनगएको सन्तान भएकोले बधाई तथा खुसी प्रकट गर्न उनीकहाँ आइरहेका थिए । बाबु-आमालाई बधाई दिंदै बच्चालाई काखमा राख्दथे

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

खेलाउँथे र विदा हुन्थे । यसैक्रममा भगवान् श्री कृष्ण पनि आफ्नी वृद्धा फुपूका सन्तान भएको सुनी खुसिभएर आउनुभयो र फुपू र फुपाजूलाई वधाई दिनुभयो । आफ्नो वृद्ध फुपूको छोरा भएको ठाउँमा आएर भाइलाई हाँस्दै ओल्टे-कोल्टे गरेर खेलाउन मात्र लाग्नुभएको थियो त्यो बालखको त्यो अद्भूत, कुरूप र तेस्रो आँखा विलय हुन पुग्यो । बालक सुन्दर देखियो । सवै खुसी भए । चमत्कार भएको हल्ला चारैतिर फैलियो । तर भगवान् श्रीकृष्णकी ती वृद्धा फुपू आफ्नो प्रिय भद्राका अगाडि आएर जोड-जोडले रून लागिन् । भन्नथालिन् बावु ! यो कस्तो विडम्वना हो ? मेरो यस अवस्थामा जन्मन गएको यस बालखको मृत्यु के तिमीवाट हुनुपर्नेछ ? हे प्रिय भद्रा ? चिच्याई-चिच्याई रोएकी आफ्नी ती वृद्ध फुपूको यस किसिमको करूण रूवाइले भगवान् श्रीकृष्णलाई धेरै दुःखी तुल्यायो । वहाँले आफ्नी ती वृद्ध आदरणीय फुपूलाई चित्त बुझाउने अनेक प्रयत्न गर्नुभयो र निश्चिन्त रहनको लागि आश्वासन दिंदै भन्नुभयो । हे फुपू ! के मेरा यी बालखभाइलाई दुःख, कष्ट र मृत्युजस्ता कार्य गर्न मेरा यी हातहरू अगाडि बढ्न सक्लान र ? तपाईले यी भाइलाई जुन प्रेम, आदर्श, सोच, सत्कार, ज्ञान दिनुहुनेछ, ती यिन्ले अवश्य ग्रहण गरी पुरा गर्लान्नै ! त्यस्ता सत्य, न्याय उपकारी भए र लोककल्याणकारी कार्यमा अग्रसर हुन गएमा यिनले कुनै कस्तै जीववाट कहिल्यै पनि डराउनु पर्नेछैन । भगवान् श्रीकृष्णका यस्ता कुरा सुनिसकेपछि बालखकी आमाले आफ्ना बच्चातर्फ हेरिन् र सोचिन् कतै कही यो बालक भोलि विध्वंशकारी त हुने छैन ? त्यसैले वृद्धाले आफ्ना भद्रातर्फ फर्केर भनिन् बावु ! तिमीले यसलाई अरूभन्दा ज्यादै नजिक र आफ्नो ठान्नुपर्नेछ । मेरो प्रतिविम्व ठानी तिमीले यसको संरक्षण गरि जोगाउनु पर्नेछ । तव कृष्णजी आफ्नी वृद्धा फुपूलाई भन्नुहुन्छ - फुपे ! यो बालक तपाईको प्रिय बन्न सकोस् । प्राणी विरोधी कार्यमा अग्रसर नबनोस् । यदि यस्ता गल्ती गरिरहेमा पनि म यसलाई सही वाटोमा ल्याउन सकृय रहनेछु तथापि यस्ता समयसमयमा अपराधहरू गर्न पुगेमा पनि हजुरको आदेश ठानी १०० अपराधसम्मलाई छुट पाउने छन् । केहि हुनेछैन । तर सोभन्दा पनि बढी ज्यादती हुन गएमा सृष्टि र विकासमा अवरोध आइपर्न लागेमा, अवरोध ठानी हटाउनुपर्नेछ ।

उनका यस्ता वचन सुनेकी फुपूले मेरो गर्भवाट पैदा भएको यस पुत्रले

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

यसभन्दा अगाडि बढेर अन्य अपराध त अवश्य नै गर्ने छैन, गर्न सक्ने छैन ठानिन् । केहि बेरपछि श्रीकृष्ण पनि विदावारि भई हिंड्नुभयो । यस्तै प्रकारले धेरै समय बित्दै गए भगवान् श्रीकृष्णका वृद्ध फुपूबाट जन्मन गएको सो वालख मस्त जवान भै आफ्नो गतिविधि संचालन गर्न थाल्यो । जुन मानवीय हित, कल्याण तथा सामाजिक गतिविधि विरोधी थियो । उसले न्यवस्थित समाज, मानवीय संरचनामाथि बारम्बार आक्रमण गर्न थाल्यो । उ दम्भि देखियो क्रूर अनि तानाशाही । उसका नजिक कोही उभिन सक्तैनथे । उसका आफन्त र शुभचिन्तकका सुझाव र सल्लाहलाई सामाजिक जमघट गराई उपहास बनाउँथ्यो । त्यस्ता शुभचिन्तकमाथि आक्रमण गरि मृत्युको घोषणा सुनाउँथ्यो । उसका यस्ता क्रूर न्यवहारको प्रचार टाढाटाढासम्म फैलियो । यत्तिकैमा एकदिन भगवान् श्रीकृष्ण आफ्नी फुपूका छोरा सो दम्भी अगाडि उपस्थित हुनुभयो र त्यस भाइलाई सत्य, न्याय, सभ्यता संस्कृति सम्बन्धित न्यवहारिक कुरा सुनाउनुभयो । यी मानवीय, प्राणी कल्याणकारी विरोधीहरूको विनाश हुनसक्नेछन, त्यसैले तिमीले गरिरहेको यी सम्पूर्ण गलत प्रवृत्तिहरू आजैदेखि वन्द गराउ, वितेका आम गल्तीमाथि तिम्रा आफन्त एवं समाजसँग क्षमा मागि विगतका भूलहरूलाई सच्याउ । तर त्यो उद्दण्ड समाजविरोधी दम्भिले श्रीकृष्णलाई नै नाना भाँती अपराधी झैं हकार्न थाल्यो । दिनबित्दै गए साराले यी दाजुभाइको न्यवहार हेर्दै गर्न थाले । यत्तिकैमा एकदिन त्यो अत्याचारी उद्दण्डीले धेरै-धेरै मानिसहरूको उपस्थिति भइरहेकोमा भगवान् श्रीकृष्ण प्रति कैयौं अनाधार प्रकृतिका बोलीहरू ओकल्न थाल्यो, चिच्याउन थाल्यो र आक्रमण गर्न थाल्यो । सारा मानव गतिविधिहरूमाथि कुचल्ने प्रवृत्तिको पुरावृत्ति गर्न थाल्यो । मानौं उसले सारा ब्रह्माण्डको विकासलाई रोक्ने चेष्टा देखाउन थाल्यो । पुनः श्रीकृष्ण उठ्नुभयो र उसलाई पुनः पुनः सम्झाउन थाल्नुभयो । तर उसबाट धैर्यता, शिष्टताको कुनै गुञ्जायश देख्नुभएन । त्यसैले आफूसँग भएको सुदर्शन चक्र निकाल्नुभयो र सारा ब्रह्माण्डका गतिविधिमाथि धावा बोलिरहेको पाखण्डी, दम्भी, शिशुपालको बध गरी सारालाई अन्याय, अत्याचारबाट मुक्त गराउनु भयो ।

Digitization by Hindu Heritage Foundation of America HHFA(USA)

उपकारको उपलब्धि

कृष्णलखन नामले नै राम्रो फूलबारी बनाउने व्यक्तिमा चिनिएको थियो । उ साह्रै मेहनति र परिश्रमी थियो । बिहान सबेरैदेखि आफ्ना परिवारसहित फूलबारीमै बिताउँदथ्यो । उसको लगनशीलताले बगैंचा लहलह बनिएको थियो । मौसम बेमौसम उसका फूलबारीमा फलफूलहरू ढकमक्क लटरम्म पाइन्थ्यो । यसरी आफ्नो मेहनत र परिश्रमले उब्जाएको फलफूल मठमन्दिर बजारमा लगेर बेचि आफ्नो सबै गुजाराहरू चलाउँदै आइरहेको थियो । बालबच्चा धेरै भएकाले पालनपोषणमा नै उसको धेरै खर्च हुन्थ्यो । आफ्ना केटाकेटीहरूको शिक्षादीक्षामा खर्च गर्न नसक्ने भएकाले ती सबै बालकहरू पनि ऊ जसरी नै फूलबारीमा कामगरि बस्दथे । यतिकैमा उसलाई आफ्नो बच्चाबच्चीहरूलाई शिक्षित बनाउने रहर जाग्यो । उसले एकैचोटि सबैलाई खर्च पुऱ्याउन नसक्ने ठानि प्रथम बच्चालाई मात्र भएपनि शिक्षित बनाउने दृढतादेखाई विद्यालयमा भर्ना गरायो । दुःख भोगिसकेको उसको त्यो छोराले पढ्ने सुविधा पाएकोले भरमग्दुर मेहतनगरि आफ्ना कक्षामा प्रथम भइरहन्थ्यो । यसैगरि विद्यालय महाविद्यालयको शिक्षा पुरागरि सकेपछि कृष्णलखन आफ्नो सो छोरादेखि साह्रै खुसी भयो । दुःखपूर्वक कमाईएको रकम कृष्णलखनले आफ्नो त्यो छोराको हातमा राखिदिदैं भन्यो बाबु ! तिमी अब शिक्षित पनि भएका छौ, यी रकमहरू लेउ र केही खेतकिन्न अनि राम्रो फूलबारी बनाउ । बाबुको इच्छापुरा गर्न त्यो छोरो खेतका मालिक महाजनकहाँ पुग्यो । महाजनलाई आफ्नो कुरा राख्न नपाउँदै महाजनकहाँ उनका आसामीहरू आइपुगे । तिनीहरूलाई देख्ने वित्तिकै महाजन जङ्गीएर उफ्रदैं भन्नथाले - पेटभरि खान र बस्न नपाएका तिमीहरूलाई व्यवस्था गरिदिएको मैले के तिर्नै नपर्ने गरि हो ? झट्ट सो चुक्ता गरिहाल । आसामी हात जोडी अनुनय गरिरहेका थिए प्रभु ! अन्न र पानीको शरीर सानेकी आमा बेमार परि सिकिस्त हुँदा-हुँदै मरि संस्कार गर्नै पऱ्यो । मलाई दैवले देखेनन्, अब केही दिन कमाउँछु र हजुरलाई फिर्ता गरिदिन्छु । अर्कोको विलौना अर्कै थियो । अर्काको अर्कै । यी सबै दुःखका व्यथा सुनेर बसिरहेको त्यो माली पुत्र कहाँ आसामीहरूलाई सहयोग गर्ने विचार उत्पन्न हुनगयो । हिसाब गरि ती सबैको कर्जा साहूलाई (महाजनलाई) एक-एक गरि चुक्तागरिदियो र उनीहरूलाई आ-आफ्ना घर पठाइदियो । ऊ पनि आफ्नो घरमा आइपुग्यो । उसलाई बाबुले सोध्यो - बाबु ! महाजनसँग कुरा भयो ? कैले गरिदिने भए राजीनामा ? छोराले सबै विस्तार बाबुलाई बतायो । बाबु बेखुस भए छोराले गाली पायो फगत गाली ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

केहीदिनपछि पुनः कृष्णलखनले छोरालाई भने बाबु ! तिमी फेरि महाजनकहाँ जाउ र त्यो खेत राजीनामा गर्ने कुरा मिलाई आऊ । भएभरको बचेको रूपैयाँ हातमा राखिदिदैं भन्यो । शिक्षित छोरा महाजनको घरतर्फ बढिरहेको थियो, बाटामा एक वृद्धामहिला चिच्याई-चिच्याई मरें मरें भनिरहेकी उसले सुन्यो । ती बुढीको त्यो छटपटाहट देखेर मालीपुत्र बूढीलाई सुम्सुम्याउन थाल्यो । बुढीले भनिन् बाबु ! म मरें । मलाई बचाउन सक्छौं ? के व्यथाले मलाई च्याप्यो । म वेदनाले फतफताएको छु भोकले छटपटाएको छु । मालीपुत्रले ती बूढीलाई च्याप्प उच्यालो र अस्पताल पुऱ्यायो, पेटभरि खुवायो । बूढीले एउटा पोको मालीपुत्रलाई दिदैं भनिन्, बाबु ! पेटभरि खुवायौं, सञ्चो गरायौं म आराम गर्छु । मसँग सानो यो पोको छ तिमी राख । छटपटाएको बेलामा खोल शीतल गराउनेछ । बूढी उठ्लिन-उठ्लिन भन्द्य धेरै समय बितिसक्यो, बूढी उठिनन्, उठाउन माली खोज्दै थियो, बूढी ब्रह्मलिन भइसकेकी रहिछिन् । उ रोयो तर सम्हालिदैं ती बूढीको सबै द्याहसंस्कार गरि आफ्नो घर फर्क्यो । बाबु कृष्णलखन फुर्तिले छोरालाई सोद्धछन् धेरैदिन आएनौ खेतको राजीनामा गरिसक्यौ ? कि महाजन घरमा रहेनछन् ? कैल्लेलाई समय दिएका छन् ? छोरो अनुत्तरित भयो । विस्तार सबै घटना वेलिविस्तार बाबुलाई सुनायो । कृष्णलखन धेरै रिसाए । दुःख र कष्ट कहिले छुट्ने रहेनछ भनि ग्लानि भएर बसिरहेको थियो । भोकले छट्पटाएर खेतबाट आएकी कृष्णलखनकी छोरीले त्यो पोको देखि र केहि खानेकुरा होला भनि खोलेर हेरि त्यहाँ चमचमगर्ने चिज देखेर डराउँदै चिच्याई । घरका परिवारहरू त्यहाँ सबै जम्मा भए, उनीहरूले त्यो पोको खोले, हेर र देखे पोकाभित्र त सबै हिराका टुक्रामात्र चमचम गरिरहेका थिए । दुःखीर कृष्ण लखन ती पोकाभित्रका सबै टुक्राहरू वेचि महाजनको धेरै खेत किनी फूलवारी ढकमक्क पारेर, मठमन्दिर ताजा फूलहरू चढाई सबैलाई खुशी पार्दै सम्पन्न जीवन विताई बसे ।

यसरी रामलखनका छोराले पटक-पटक गरेको उपकारवाट प्राप्त हुन आएको सम्पत्तिले पनि अन्य मानिसका जीवन र मठमन्दिरको सेवा मै समर्पण गर्दै जीवन विताइ वसिरहे ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

राजा ज्ञानुकर

राजा ज्ञानुकर धेरै बाठा, सिपालु र रोमाञ्चकारी थिए । उनी आफ्ना आसपासमा रहेका कोहीपनि बेखुस भएको हेर्न, देख्न र सुन्न रूचाउँदैनथे सबै खुशी भएको देख्न चाहन्थे । आ-आफ्ले गर्नुपर्ने सबै कामहरू सिद्ध्याएर केहिसमय हासी खुशी रमाइलो गर्न अनुमति दिने गर्दथे । उनी ती आफ्ना सहयोगी, सुसारे कर्मचारीहरूको गफगाफ रमाइलो, टाढा बसेर सुनि आनन्द लिने गर्दथे । राजा पनि दैनिकि आफ्ना मित्रहरूकहाँ गएर, बोलाएर केही समय पासा खेलेर आनन्द लिने गर्दथे । त्यससमयमा राजासँग पासाखेल्ने मध्ये राजाको आत्मीयता घनिष्ठता र व्यवहारिकता शहरमा नामचलेको एक - व्यापारीसँग बेसि देखिन्थ्यो । खानपिन व्यवहार र सम्मानमा पनि सो व्यापारी जो कोहीलाई पनि राम्रो देखाउँदथ्यो । त्यसमाथि राजासँगको व्यवहार त उसको प्रशंसापूर्ण नै हुने गर्दथ्यो । उसको त्यसकिसिमको व्यवहारबाट राजापनि खुशी देखिन्थे । खानपिन व्यवहार र खेलवाडले राजा र व्यापारीको परिवारवीचमा पनि चिनजान र आवतजावत हुनथाल्यो । सज्जन धार्मिक र सिपालु, व्यापारीबाट राजा प्रभावित हुँदै गए र उनका धेरै सल्लाह पनि राजाले लिने गर्दथे । राजाको यस्तो घनिष्ठता सो व्यापारीसँगमात्र देखिँदै गएकोले अन्य खेलाडी मित्रहरूले भित्रभित्रै सो व्यापारी माथि इर्ष्या प्रकट गर्न थाले । राजासँग उसको घनिष्ठता भत्काउने सोंच बनाउन थाले, अनेक प्रयास गरे । अन्तमा उनीहरूले राजाकै वगैंचामा काम गर्ने, उनको सबैभन्दा प्रिय मानिएको मालीलाई प्रलोभनमा पारी आफ्नो अनुकुलताको व्यवहार राजाको अगाडि गरिदिन मञ्जूरी गराए । मालीले पनि ठूलो गल्ती र अपराध हुने नठानि लोभवश उनीहरूका कार्यमा साथदिने निर्णयमा पुग्यो । आफ्नो मुखबाट कसैको नामै नतोकि भनिदिंदा उनीहरूको इच्छा पूर्ण हुने र आफूलाई लाभ पनि हुने भएकोदेखि सो माली पनि मख्खै र दङ्ग थियो । दैनिकी राजा आफ्नो वगैंचामा केही वेर टहलगर्न आउँथे र मनपरेका फलफूलहरू सम्वन्धि मालीसँग जानकारी लिनेगर्दथे । सो दिन राजा टहल गर्न आएको थाहा पाएरै पनि मालीले नदेखेको झैं गरि आफ्नो गोडमेल गरिरहेझैं गरिरह्यो र वर्बराउन थाल्यो । उ भनिरहेको थियो माने राजाले सुनुन भनि भन्दैथियो महाराजका दरवारमा यत्रो वर्ष बित्यो आजकालको जस्तो गतिछाडा फोहोरी व्यवहार

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

महारानीको कहिले देखि बक्सन्थ्यो । महारानीले पनि कत्ति उत्ताउली भइबक्सेको होला त्यस्तो महाराज हुँदाहुँदै त्यो सेठसँग किन सल्किन परेको होला आज त आफैंले देख्नुपर्‍यो ? महाराज नजिकै आइपुगे र हुकुम गर्नथाले के भन्छ यो । महाराज ! माफ पाउँ मैले केही बोलिरहेको छैन सरकार । आजकाल म जे देख्छु सपनामा बर्बराउँछु, फूलगोड्दागोड्दै थाकेर, निदाउन पुगेछु, निदाएको बेलामा बर्बराएको हुँला सरकार ! म चाँडै आफ्नो काम सम्पन्न गर्ने छु भनि फटाफट आफ्नो कार्य सम्पन्न गर्न लागेको झैं गरि अनभिज्ञता झैं देखायो । राजा झसङ्ग हुँदै ब्यापारीसँग त्रसित हुनपुगे र सो छलफल गरि वास्तविक बुझ्नुभन्दा, सो ब्यापारीसँगको घनिष्ठता छुटाउन पुगे । त्यसैले भन्ने गरिन्छ डाह र ईर्ष्याले लोभ लालसामा फसाई सद्दे र राम्रो मानिसमाथि लान्छना लगाएर टाढा पार्ने गरिन्छ र सीमित स्वार्थ बोकेका ब्यक्तिको घेराभित्र पारेर शक्तिशालीहरूबाट बेइमानीपूर्वक फाइदा लिने गरिन्छ ।

"सत्य र गलत ब्यक्तिको पहिचान समयमै गर्नुपर्ने हुन्छ ।"

Digitization by Hindu-Heritage Foundation of America. HHFA(USA)

शुद्धदान महादान

कुनै एक गाउँमा स-साना झुपडीहरू मात्र भएको वस्ती थियो । त्यहाँका वासिन्दाहरू आफ्ना घरमा बास बस्न आउने पाहुनाहरूलाई सन्तुष्ट गरी सेवा गर्दथे । यसै क्रममा त्यहाँको एक घरमा धेरै दिनदेखि भोक र प्यासले सताएका वृद्ध व्यक्ति बासको खोजीमा आइपुगे । घरमा परिवारले उनलाई ठूलो सत्कारपूर्वक भित्री कोठामा विश्राम गराएर खान पिउनको लागि सोध खोज गरे । भर्खरमात्र मेलापातबाट आएका स-परिवारहरू (बाबुआमा, छोरावुहारीहरू) का साथमा पकाउने चिजवीजहरू पनि खास केही थिएन । अघिल्लो दिन पकाउने सामल नभएकाले भोको रहनु परेका उनीहरू आफूसँग भएका माना पीठो भरका सामलहरूबाट आफूलाई पनि पेटभरि हुन नसक्ने सामलहरूबाट खाना पकाइरहेका थिए । खानाहरू पाकिसकेपछि पाहुनालाई पहिले खुवाउनुपर्छ भन्ने मान्यता भएका उनीहरू बीचमा छलफल भयो । बाबुले भने - मेरो लागि तयार गरिएको भोजन पाहुनाले खानेछन् । बाँकी तिमीहरू तिनजनाले खाऊ, आमाले भनिन् - म बाहिरतिर त्यति काममा जान्न । घरायसी धन्दामात्र गर्ने भएकोले म भोकै रहन्छु । तपाईहरू खानुस् छोराले भने - ओहो म भोकै बस्नेछु । म हुँदाहुँदै बुबा-आमा, श्रीमती भोकै रहनु हुँदैन । बुहारीले भनिन् - मेरो मान्यजनहरू भोकै रहेर म कसरी भोजन गर्न सक्नेछु ? पाहुनापछि हजुरहरूले भोजन गर्नुपर्ने छ । मेरोलागि तयार गरिएको भोजन खुवाएर हाम्रा पाहुनालाई खुसी गराउन पाए म आफू सन्तुष्ट हुनेछु । यस प्रकारले उनीहरू बीचमा यस सम्बन्धमा धेरै छलफल आग्रह अनुरोध भए त्यहाँ बसिरहेका ती पाहुनाले सबै सुनिरहेका थिए । भोजन गराउनको लागि ती पाहुनालाई भान्सामा बोलाइयो । धेरै दिनदेखि भोकाएका ती पाहुनाले एक दुई तीन गर्दै सबैलाई बनाएको खाना सिध्याइदिए ।

उनी डकार्दै बाहिर चुठ्नको लागि जुठ्यानमा निक्ले । चुठ्नको लागि पानी हाली दिन आएकी बुहारीले उनलाई भनिन् । हतारमा बनाइएको खानाले कतै हजुरलाई असहज हुने हो कि ? यी पहिलेदेखिका छलफल विचार स्वागत सत्कार भावना सुनिदैं आएका र पाउँदै आएका पाहुना छक्क परी स्वागत र सत्कारको भित्र

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

भित्रै प्रशंसा गरिरहेका थिए । जुठेलोमा जुठो खान पाउने आसले बसिरहेको मलसाप्रो ती पाहुनाले चुठेको छिटा पर्न गै दायापट्टी पुरै पहेंलपूर भएछ । हात धोई मुख चुठिसकेपछि विस्तार विछ्यौना लगाई पाहुनालाई सुताएर घरपरिवारका सदस्य भोकैं सुते । त्यो एक पाखो पहेंलपुर भएर दङ्ग परेको मलसाप्रो पुरै शरीर पहेंलपुर बनाउने लोभमा परि धेरै जुठ्यानहरू चाहार्न थाल्यो तर उसको सो इच्छा पुरा हुन सकेन । यक्तिकैमा एकदिन उसले महाराज युधिष्ठिरले ठूला ठूला ऋषिहरूलाई भोजन गराउँदै छन् भन्ने थाहा पायो र त्यहाँ पुग्ने इच्छा बनायो । यक्तिकैमा राजा धर्मराज युधिष्ठिर महाराजले महाभारत युद्ध जितेर समाप्त भएपछि उनले अश्वमेघ यज्ञ गर्ने विचार गरेछन् । उनको विचार भएपछि आफ्ना गुरू तथा भाइ बान्धवहरूसँग सो सम्वन्धमा छलफल गरेछ्न । आफ्नो सोंच र आफन्तका सल्लाह बमोजिम उनले धुमधामले सो यज्ञ सम्पन्न गर्ने निर्णय गरी कुवेर वरूण इन्द्र आदिहरूसँग भएका धन, शक्ति, भोग मागी लिई भएसम्मका मानिसहरूको उपस्थिति गराई धुमधामपूर्वक यज्ञ सम्पन्न गराए । ठाउँठाउँबाट जम्मा भएका ऋषिहरू, विद्धानहरू, कवि, दार्शनिक, राजा, रजौटा आदिहरू समेतलाई उनीहरूको आदरपूर्वक सम्मानजनकपूर्वक तन, मन, धनले सेवा गरी खुशी तुल्याई विदा गराइरहेका थिए । त्यसै समयमा यज्ञ सम्पन्न भइसकेपछि ऋषिमुनि विद्धान आदिहरूले भोजन गरी चुठ्ने ठाउँमा आफ्नो अर्को पाखा पनि सुनैसुनले पहेलैं हुने तिष्ठाले जुठ्यानमा पिठ्यौ फर्काई बसिरहेको सो मलसाँप्रो खुशीले गद्‌गद् भइरहेको थियो । मेरो सम्पूर्ण शरीर पहेंलपुर भएको होला भनेर तर फर्केर यसो हेर्दा आफ्नो बाँकी शरीर पहेंलो सुनै सुन हुन त कता हो कता फोहरले भिजेर निथ्रुक्क भएको थाहा पायो । र भन्यो गरीवको घरमा खाएको पाहुनाले चुठेको डकार जुठोवाट भिजेको भाग पुरै सुनौलो भयो तर महाराजले गरेको अश्वमेघ यज्ञमा ख्वाइएको भोजनका जुठोको छिटाल भिजाउने देखि अरू केही गर्न सकेन । त्यसैले महाराजको भोजभन्दा गरीबको श्रद्धाले खुवाएको भोजन नै पवित्र रहेछ भन्ने ठहर गऱ्यो ।

त्यसैले भनिएको छ, "तडक भडक र घमण्डले गरिएको भद्दा कार्यभन्दा श्रद्धा, प्रेम र सद्‌भावले गरेको सानो दानले नै पुण्य प्राप्त गर्दछ ।"

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

पुनः मूषिक भव

घनघोर जङ्गलको बीचमा एकजना ऋषि कुटी बनाइ बस्दथे । आश्रमको छेउछाउमा फलफूल आदिका विभिन्न बोटविरूवा रोपिएका थिए । ढकमक्क फुलिएका फूलहरू र लटरम्म फलिएका फलहरूबाट भरिपूर्ण भएकोले आश्रम आकर्षित र शोभनीय देखिन्थ्यो । ऋषि अधिकांश समय आफ्नो ध्यान योगमै विताउँथे । आश्रममा आउने भक्त र शिष्यहरूलाई उनी त्यहाँ फलेका फलहरू केही खुवाएर केही साथमा दिएर पनि पठाउँथे, त्यहाँ आउने कसैलाई पनि खाली मुख र रित्तो हात कहिले पनि पठाउँदैनथे । विभिन्न कठिनाई परेका समस्या पीडितहरूले आशा गरे अनुरूपको आकांक्षा पुरा गर्न नसकेता पनि आफ्नो वुद्धि, विवेक र श्रमले भ्याउने चाहिं सहयोग गरेकै हुन्थे ।

विहानी प्रथम प्रहरमै उठि आश्रम, बगैंचा आदि सफासुग्घर नुहाईधुवाई सकेपछि त्यहाँ जम्मा भएका सबै शिष्यहरूसँगै नित्य ध्यानमा केन्द्रित रहन्थे । एकदिन ऋषि शिष्यहरूसँगै ध्यानमा केन्द्रित भइरहेको बेलामा उनको नगिचै एक सानो मुसो च्याँ-च्याँ, चूँ-चूँ गर्दै उफ्रिन थाल्यो । ऋषिले ध्यानबाटै उक्त मुसालाई देखे सो मुसालाई पछि पछि बिरालोले लखेटिरहेको थियो । मुसा मारिने भयले ऋषिको कपडामा लपेटिन थाल्यो, ऋषिले आँखा खोलि मुसालाई सोध्नुभयो - मुसा तिमी को सँग किन के कारणले डराएका हौ ? म तिमीलाई के सहयोग गर्न सक्छु ? मुसाले भन्यो - मलाई देखेर यो बिरालाले लखेटिरहेको छ मलाई यसले मारेर खान खोजिरहेको छ । मलाई यसवाट बचाई दिनुहवस् । मुसाको कुरा सुनेर दयालु स्वभावका ऋषिले बिरालालाई हटाई दिनुभयो, हटाइमात्र दिनु भएन त्यो वरिपरि कहिले आउनै नसक्ने गरी विधिले घेरिदिनुभयो । सधैं सो मुसो ऋषिको वरिपरि परिक्रमा गर्थ्यो, उफ्रन्थ्यो । ऋषि पनि आफ्नो वरिपरि मुसाको चुरिफुरि देखेर आनन्द महसुस गर्नुहुन्थ्यो ।

एक दिन सो मुसाले ऋषिको फुर्सद समयमा नजिकै आई ऋषिलाई भन्न लाग्यो - म यति आनन्दले तपाईको वरिपरि उफ्री रमाई समय विताइरहेको छु । अलि पर सम्म जान इच्छा लाग्छ हेर्न र डुल्न तर मलाई देख्ने वित्तिकै मारेर

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

खाइहाल्ने बिरालो देखेर म कतै डुल्न जानै सक्तिन तसर्थअब मलाई त्यो बिरालोबाट डराउनु नपर्ने बनाइदिनु हवस् न भनि नम्र भै निवेदन गर्न थाल्यो । ऋषिले एकछिन सोंचे तत्पश्चात् त्यो मुसाले भनेको ठीकै हो, यसलाई बिरालै बनाइदिनुपऱ्यो ? ऋषिले तत्कालै बिरालो बनाइदिनुभयो । आफूलाई लखेट्दै दुःख दिई मृत्यु गराउने चाहने त्यो बिरालो नै आफू नै बन्न पाएकोमा निर्धक्क भई उफ्रि-उफ्रि ऊ परपरसम्म खेल्दै डुल्न थाल्यो । उसको चुरिफुरि देखेर ऋषि साह्रै खुशी भएका थिए । उसको चुरिफुरि अझ दिन-दिन बढिरहेको थियो । आश्रमबाट टाढा-टाढा गइराख्ने त्यो बनाइएको बिरालोलाई जङ्गलमा बाघले झन्नै सिध्याइ नहालेको धेरै टाढासम्म लखेटिएको बिरालोको अब त बाघ देख्ने बित्तिकै सातो उड्न थाल्ने भयो । सँधै ऋषिको अघिपछि लाग्ने बिरालो धेरै दिनदेखि झोक्राएर बसेको देखेर ऋषिले आफूले बनाएको बिरालोलाई झोक्र्याउनुको कारण सोध्नुभयो- बिरालोले सबै कुरा ऋषिलाई सुनायो र आफूलाई बाघबाट कुनै डर मान्नु नपर्ने अवस्थाको रूपमा अर्थात् बाघ नै बनाइदिनुहोस् भनी ऋषिसँग अलौना-विलौना गर्दै रून र कराउन थाल्यो, ऋषिलाई पनि बिरालो माथि दया जाग्यो । आश्रमबाट गई कमण्डलुबाट ल्याएको जल छर्केर तत्कालै बिरालोलाई बाघ बनाइ दिए, उसको इच्छा पूरा भएको ठानी ऋषि आश्रममा शिष्यहरूका माझ आफ्नो नित्य कार्य गर्न थाले । बाघ अगाडि आयो शिष्यहरूतर्फ फर्केर गर्जन थाल्यो । ऋषि सरासर बाघतर्फ बढे आफ्ना शिष्यतर्प बढेको बाघलाई बीचैमा रोक्नको लागि तर बिडम्बना ऋषिबाट बनाइएको बाघले ऋषिलाई झम्टी हाल्यो त्यो देखेर ऋषिले पनि आफ्नो होश नगुमाई, बाघलाई तत्काल सराप दिए अब तँ आफ्नो पुरानै अवस्थामा भइहालेस् भने, नभन्दै त्यो बनाइएको बाघ तत्कालै मुसा नै भयो ।

त्यसैले भनिदै आएको छ - दयाबाट प्राप्त भएको अवसरले दयावानकै लागि कष्टकर दुःखी नबनिदिनु ।" नत्रभने ऋषिले भनेझैं शक्तिशाली बनाउँदा बनाउँदै पनि आफै माथि जाइलाग्ने त्यो बाघले मुसा भएझैं आफ्नै औकातमै झर्नुपर्ने अवस्था आउनेछ । "पुनः मूषिको भव ।"

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

धैर्यताको फल

सन्तनुका नाती राजा पाण्डूका ५ छोराहरू थिए । राजकुमारहरूलाई गुरू द्रोणाचार्यकहाँ शिक्षा आर्जनको लागि राखिएको थियो । दिनहरू शिक्षाआर्जनमा बित्दै गइरहेका थिए । अरूदिनहरूझैं एकदिन गुरू द्रोणाचार्य ती राजकुमारहरूलाई शिक्षा दिँदै यी तीन वाक्यहरूलाई याद गर्नु भनिरहेका थिए । यी वाक्य थिए -

१) सदा सत्य बोल २) क्रोध नगर ३) धर्मको पालना गर ।

सबै राजकुमारहरू ती वाक्यहरूलाई घोकि कण्ठस्थ पारेर गुरू द्रोणाचार्यलाई सुनाइरहेका थिए । युधिष्ठिरतर्फ फर्केर गुरूले उनलाई पनि सुनाउन आज्ञा दिए । युधिष्ठिर जुरूक्क उठेर गुरूलाई विनम्र अनुरोध गर्दै निवेदन गरे । गुरू ! मलाई दुई वाक्य मात्र स्मरण गराइरहेको छ । द्रोणाचार्य क्रुद्धभएर रिसाए । जेष्ठ राजकुमार भएर पनि तिमी यति बुद्धिहीन कसरी भयौ ? रिसाउँदै युधिष्ठिरलाई सिर्कनाले पिट्न थाले तर युधिष्ठिरमा कुनै परिवर्तन देखिएन । यत्तिकैमा गुरू द्रोणाचार्य टक्क रोकिए र युधिष्ठिरलाई सोधे कुन-कुन दुई वाक्य तिमीले बुझ्यौ त ? युधिष्ठिर भन्दछन् - गुरू ! साँचो बोल्न र क्रोध नगर्न । धर्मको पालना गर्न ममा हाल क्षमता भइसकेको छैन तर पनि पालन गर्न प्रयत्न गर्नेछु । अघिल्ला दुई वाक्यको स्मरण गरेर नै मैले क्रोध देखाउन सकिन र सत्य बोलेको हुँ । द्रोणाचार्यका आँखा आँसुले भरिए र हातमा रहेको त्यो सिर्कना फालि युधिष्ठिरलाई अङ्कमाल गरे । बाबु युधिष्ठिर ! तिमी मेरो प्रिय शिष्य रहेछौ अहिले तिमीले मेरो आँखा खोलिदिएका छौ । ती वाक्यहरू कण्ठस्थ पार्नको लागि मात्र भनिएको थिएन आफ्ना व्यवहारमा बुझेर उपयोग गर्नु थियो जुन तिमीले पुरा गर्‍यौ ।

यसैगरि युधिष्ठिरसँगको अरू प्रसङ्गहरू पनि प्रस्तुत गर्न उपर्युक्त ठानि यहाँ प्रस्तुत गर्न गइरहेको छु - पाण्डवहरूले सर्वश्व हारिसकेपछि वनवास जीवन बिताइरहेका थिए । कौरवहरू आफ्ना केही छोरा सैनिक र स्त्रीसहित पाण्डवहरूको हत्या गर्ने योजना लिएर जंगलतर्फ लागेका थिए । यस योजनाको चाल पाइ गन्धर्वसेन (अर्जुनका प्रिय मित्र) ले कौरवहरूलाई बन्धक बनाइ उनीहरूका

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

स्त्रीहरूसमेतको बेइज्जती गर्न लागेका थिए । कौरवस्त्रीहरूका चित्कारले भीमसेन लगायतका भाइहरू द्रौपदीलाई सभामा गरिएको बेइज्जति सम्झेर आनन्दित मानिरहेका थिए । यो चित्कार युधिष्ठिरसम्म पुग्यो । तब युधिष्ठिर भाइहरूलाई हकार्दै "कुरूकुल" स्त्रीहरूमाथि भइरहेको बेइज्जति छुटाउ । तब उनका भाइहरूले गन्धर्वसेनको आक्रमणवाट मुक्त गराए ।

यसैगरि जङ्गलमा नै रहँदा एकदिन पाण्डवहरू प्यासले फटफटाइरहेका थिए । युधिष्ठिरले सहदेवलाई नजिकैरहेको तलाउबाट पानी लिन पठाए । प्यासले फिटिफिटि भएका उनले तलाउ छेउवाट नै पानी पिउन लागेका मात्रै थिए उन्ले एक अवाज सुने - सहदेव ! पानी उठाउनु अगाडि मेरो प्रश्नको उत्तर देउ नत्र तिम्रो मृत्यु हुनेछ तर प्यासले भौतारिएका सहदेवले कुर्नै सकेनन् पानी उठाएकामात्र के थिए उनी किनारमै ढलि हाले । धेरै वेरसम्म सहदेव नआइपुगेकाले नकुललाई पानी लिन पठाए उनलाई पनि पहिलेझैं प्रश्न गरियो, उनले पनि सोको उत्तर दिइराख्नु जरूरत देखेनन् नभन्दै उनी पनि ढल्न पुगे । यसैगरि अर्जुन, भिम सबै गए तर कोही फर्केनन् । आश्चर्यमान्दै स्वयं युधिष्ठिर तलाउतर्फ लागे । तलाउको डिलैमा सबै भाइहरू लडेको देखि आश्चर्यचकित भए । उनले चारैतर्फ संयमित हुँदै हेरे र भन्नथाले यहाँ को छ ? को छौ र किन मेरा भाइहरूमाथि यस्तो अन्याय गरेका छौ ? त्यसैबेला एक आवाज उनले सुने । युधिष्ठिर म यक्ष हुँ यस तलाउको म रक्षक हुँ । यस तलाउको पानी प्रयोग गर्न चाहनेले मेरो प्रश्नको जवाफ दिनुपर्नेहुन्छ अटेर गरेर अन्यथा गर्न खोजिएमा उनीहरू सबैको हालत यस्तै दुःखद हुन जानेछ । क्रोधित नभई युधिष्ठिर यक्षसँग भन्दछन् - भन तिम्रो प्रश्न के हो ? यक्ष प्रश्न गर्दछन् - संसारमा सबैभन्दा आश्चर्य के हो ? युधिष्ठिर जवाफ दिन्छन् - प्रतिदिन प्राणीको मृत्यु भै यमपुरको यात्रा गरिरहेका हुन्छन् जो बचेका हुन्छन् उनीहरूले पनि बुझेका छन् कि एकदिन उनीहरूको पनि बाटो त्यही हुनेछ तर पनि उनीहरू सबै यहाँ स्थायीरूपमा बस्न चाहन्छन् । जसले गर्दा मलाई आश्चर्य पारिरहेको छ ।

युधिष्ठिरको यस्तो जवाफ पाइसकेपछि यक्ष प्रसन्न भई चारभाइहरूमध्ये जुन एक तिमी चाहन्छौं उसले जीवन पाउनेछ । युधिष्ठिर भन्दछन् - नकुल जीवित गराइदेउ । आश्चर्य हुँदै यक्ष भन्दछ तिमीले कौरवसँग युद्धगरि राज्य फिर्ता लिनुछ त्यसैले युद्धवीरभाइहरू नमागि किन नकुलको माग गरेका छौ ? युधिष्ठिर भन्दछन्

Digitization by Hindu-Heritage Foundation of America. HHFA(USA)

- मेरा पिताका दुई श्रीमती थिए एकबाट म जीवीत छु भने अर्की आमाकी पनि एक छोरा त रहनुपर्दछ भन्ने मान्यताले म यो अनुरोध गरिरहेको छु । मलाई युद्धमा जित्नु र राज्य फिर्ता लिनुभन्दा महत्वपूर्ण विषय धर्म तथा नीतिको पालना गर्नु नै हो । यक्ष भन्दछन् - महाराज युधिष्ठिर तपाई न्यायप्रेमी र धर्म परायण भएकाले म प्रसन्न भएको छु त्यसैले तिम्रा चारैभाइलाई जीवन दान दिएको छु । चारै भाइ जीवित भए र युधिष्ठिर साथै गए ।

यसैगरि महाभारत युद्धपश्चात् युधिष्ठिरलाई बैराग्य शुरू हुनथाल्यो र चारैभाइ र द्रौपदीसहित प्राण त्याग गर्ने इच्छागरि हिमालयतर्फ लागे । जाँदा-जाँदा द्रौपदी र भाइहरूलाई पछाडि फर्केर हेर्दा उनले देखे चारै भाइ सहित द्रौपदी हिमालयमा हिउँमाथि चिसो र ठण्डीले लडिरहेका थिए तर उनको पछाडि-पछाडि कुकुर पछ्याइरहेको देखे । त्यसैवखत स्वर्गबाट स्वर्णरथ आइपुग्यो र युधिष्ठिरलाई स्वर्ग जान रथमा बस्न अनुरोध गऱ्यो, स्वीकार गर्दै आफूसहित कुकुरलाई पनि सोही रथमा राख्न लागे तर सो रथका सारथीहरूले भने कुकुरलाई स्वर्ग जानबाट वञ्चित छ । तर युधिष्ठिरले भने - मेरो पीछा गरेर यहाँसम्म जाडो र ठण्डी नमानि मेरा पिछा गरिरहेको यो कुकुरलाई यही स्वर्गमा जान, बस्न अनुमति रहँदैन भने कुकुरलाई यहि छाडेर जाँदा मलाई पनि स्वर्गमा रहँदा र बस्दा कुनै आनन्द प्राप्त हुनेछैन । ततक्षणमै त्यो कुकुररूपी जनावर देवतामा परिणत हुनपुग्यो र युधिष्ठिरको यस्तो ब्यवहार देखेर ती देवतासमेत सबै धन्यधन्य भन्दै स्वर्गमा तपाईहरूको स्वागत गर्न आतुर भएको निवेदन गरे ऊनी त्यहाँबाट सिधै स्वर्गमा पुगे ।

त्यसैले भनिन्छ - कर्तब्यनिष्ठ, नैतिकवान बन्न जति कठिन रहेतापनि धैर्यता भएमा उच्च मूल्याङ्कन प्राप्त हुनेछ ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

चञ्चल कछुवा

कुनै ठाउँको एक तलाउमा एक कम्वग्रिव नाम गरेको कछुवा बस्दथ्यो । सो कछुवा साह्रै गफाडि थियो उ रमाइलो गरिबस्दथ्यो । उ एकछिन पनि चुप लागेर रहनै सक्तैनथ्यो । त्यसैले पनि संकट र विकट नाम गरेका दुई बकुलाहरूसँग उक्त कछुवाको साह्रै स्नेह र प्रेम सम्बन्ध थियो । दिनभर-दिनभर ती दुवै वकुला र कछुवा हाँसी ठट्टा गरि रमाइलो गरि बस्दथे । त्यस समयताका देशभर पानी नपरेर हा-हाकार मच्चिचएको थियो । सो कछुवा बस्ने गरेको तलाउ पनि पानी नभएर सुकिरहेको थियो । कछुवाका मित्र बकुलाले भने मित्र ! पानीको अभावले तलाउ नाममात्र भएको छ, यहाँ बसेर तपाई हाम्रो कल्याण हुने छैन यहाँवाट टाढा जाऔं, जहाँ पानीको राम्रो व्यवस्था भएको नदी र तलाउ भेटिनेछ । यही सल्लाह अनुसार उक्त कछुवालाई कुनै एक बकुलाले मात्रै बोकेर, नदी तलाउको खोजीमा उड्न नसक्ने भएकाले दुवै वकुला संकट र विकटको वीचमा सानोक ाठाको फलेक राख्ने र त्यहि फलेकमा सो प्रिय मित्र कछुवालाई उडाउने निर्णय भई सोही अनुसारको व्यवस्थागरि उड्न तयार भए । त्यसैबेलामा वकुलाले भने मित्र ! तपाई हामी माथि रहेको फलेकमा चुपलागेर वस्नुहोला चलमल नगरि रहनुहोला किनभने अलिकति यताउति हुनपुग्यो भने तपाई तल खस्नसक्नुहुनेछ र वित्यास पर्न सक्नेछ ।

बकुल्लामाथि रहेको फलेकमा बसेर उडिरहेको सो कछुवाले धेरै चिज देख्न थाल्यो । भुँइमा घस्रेर हिंडिरहने त्यो कटुवा आकाशमाथि उडेर हेर्दा उसलाई आश्चर्य लाग्नु स्वभाविकै हो । ऊ झलमल्ल भएको झिलिमिलि शहर देखेर दङ्ग पर्न थाल्यो । पानीबाट पीडित नदी र तलाउको लगातार देखाइबाट ऊ आफ्ना साथीहरूसँग खुसीले गफ दिन थाल्यो । वकुल्लामाथि रहेर शयर गरिरहेको ऊ वकुलाहरूलाई नै केही नदेखेकोझैं चञ्चलतासाथ गुड्डि हाँक्न थाल्यो । बकुलाहरू कुरा नगर्न र एकाग्र भै रहन सल्लाह दिई रहन्थे तर बुद्धि विहीन त्यो कछुवा किन एकाग्रह रहन नै सक्थ्यो र । नभन्दै एकाग्र नभएकाले हल्लिन पुगेकाले उ त्यही शहरको वीचमा गिर्न पुग्यो र उसको मृत्यु भयो । बकुलाहरू धेरै-धेरै दुःखी भए । बकुला त दुःखी मात्र भए बुद्धिहीन चञ्चले कछुवाले भने आफ्नो ज्यानै फाल्यो ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

कुसङ्गतको फल

वाणै वाणमाथिको शैय्यामा लम्पसारपरि मृत्युलाई पर्खिबसेका महावीर श्री भिष्मजी आफूसँग भेट गर्ने अभिलाषा बोकेर आएका आफन्त सज्जनहरुसँग पूर्व जन्मका बारेमा जाने बुझेका कुराहरु बताउनु हुन्थ्यो । उपस्थित सबैले अर्तीउपदेशको रुपमा आफूहरुले पाएको जाने बुझेको ठान्दथे र उपयोग गर्ने प्रतिबद्धता गर्दथे । श्री भिष्मपितामहको यो अवस्था देखेर श्री धर्मराज युधिष्ठिर भन्नुहुन्छ - पितामह ! म कति पापी र अभागी रहेछु । तपाईजस्तो पराक्रमी, प्रतिज्ञापालक हाम्रो संरक्षकको अवस्था यस रुपमा हामीले हेरिरहनु परिरहेको छ, धन्य बरु ती अन्य दुर्योधन भाइहरुलाई जसले तपाईको यो अवस्था हेर्नुपर्ने अवस्था नै आइपरेन भनि पितामहका अगाडि दुःख विलौना गरी बसिरहेका थिए । तब पितामह युधिष्ठिरतिर फर्केर सम्झाउनु हुन्छ धर्मराज युधिष्ठिर ! तिमीले कुनै विलाप गरी दुःखको अनुभूति गरिरहनु पर्दैन, प्रत्येकले आफ्नो उपस्थिति भएपछि आफ्नो कर्म संगतअनुसारको भोग गर्नैपर्दछ । कसैले कसैलाई के गर्न नै सक्तछ र म तिमीलाई एक इतिहास सुनाउन चाहन्छु सुन ।

सौगा नाम गरेकी एक ब्राह्मणी एक गाउँमा रहन्थिन । उनको एक साना बालकछोरादेखि अरु कोही थिएनन् । ती बालक छोरालाई ऊनी औंधि माया गर्दथिन् । साह्रै दुःखका दिनमा पनि राम्रो स्याहार सुसारले संरक्षित गरेकी थिइन उनले । एकदिन नगिचैको बाटोमा आफ्ना साथीहरुसँग खेलिरहेका अवस्थामा ती बालकलाई साँपले डस्नपुग्यो र तत्कालै सो बालकको मृत्यु हुन गयो । सौगा आफ्नो छोराको मृत्युहुन गएकोले जोडले चिच्याई चिच्याई रोइरहेकी थिइन् । उनको सो विलौना सुनेर सर्पधरले त्यो साँपलाई खोजी खोजी समातेर ल्याई ती महिला कहाँ अगाडि मार्नको लागि राखिदियो । माते ! तिम्रो प्रियपुत्रको काल यही हो हेर्नुहोस् । यसलाई हिर्काई हिर्काई मारिदिनुहओस् र बदला लिनुभई शान्त हुनुहओस् । सौगाले ती साँपलाई हेरिन् अनि सर्पधरतर्फ फर्किन र भनिन् मेरो पुत्रको मृत्यु भइसकेको छ ऊ बाँच्न व्यूझन सक्ने छैन । अब यस साँपलाई छोडिदिनु भनिन् । तर सर्पधरले मानेन र साँपलाई मार्ने छाँटकाँट गरिरहेको थियो । साँप थरथर डराई भन्न थाल्यो - मृत्युले प्रेरणा दिएर मलाई टोक्न लगाएको हो

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

नत्रभने म टोक्न कहाँ चाहन्थे र सक्दथे ? त्यसैले यसमा मेरो दोष केही छैन मलाई छोडिदिनुहओस् । साँप र सर्पधरको वीचमा यस किसिमको कुरा भइरहँदा मृत्यु त्यहाँ आईपुग्यो र भन्न थाल्यों । मैले सो कार्य आफ्नै चाहना र इच्छाले गरेको हैन मलाई त कालेश्वर प्रभुले जस्तो मति दिन पुग्नुभयो त्यस्कै कारणले यो खति हुन गएको हो । हामी त हतियार मात्र हौ । हाम्रो उपयोग त हतियारधारीले गर्ने गरेका छन् अपजसमात्र हामीले पाइरहेका छौं ।

यस किसिमले ती सबै बीचमहाँ यस किसिमका दुःख व्यथा छलफल भइरहेको थियो । यसै बीच महाँकालेश्वर पनि त्यही आइपुगे र भन्न थाले हामी त निमित्त मात्र हौं । आफूले आ-आफ्ना संगत प्राप्त कर्मको भोग गर्नै पर्दछ । सारा संरचनामा नै यही किसिमको रित चलि भोगिदै आईरहेको छ । आफ्ना कुन किसिमका पूर्व संगति प्राप्त हुने कर्महरु छन् सो अनुसार व्यथित गरिरहेको मात्र हो । यदि त्यो बालकका संगतिहरुले धकेलेर त्यसबारीमा खेल्न नपुगेको भए उ टोकिइने थिएन र मृत्यु हुनसक्ने समय नै प्राप्त हुने थिएन । संगतिहरुले धकेली धकेली ती बालकलाई त्यहाँ पुऱ्याए र मृत्युहुनपुग्यो । इच्छा होस् वा नहोस् त्यस्ले त्यहाँ त्यो कार्य सम्पन्न गराउनुपर्ने नै हुनेछ, हुन्छ । यसरी ती सबै आमसभामा छलफल गरिरहेका थिए । कालरुपी भगवान् गुप्त हुनपुग्नुभयो भने सर्पधर समातेको सर्पछोडि आफ्नो घरतर्फ लागे, मृत्यु पनि आआफ्नो कर्मको भोगको अनिवार्यमा सबैले बुझ्केको ठानी आफ्नै वासस्थानतिर लाग्यो र शोकले विव्हल हुनपुगेकी सौगा पनि चित्तबुझाई रहने अवस्थामा पुगिन । त्यसैले हे प्रिय युधिष्ठिर तिमीले सुर्ता र चिन्ता गर्नुपर्ने म केही देख्दिन । यो मैले प्राप्त गरेको संगति गद्दीप्रतिको वफादारी हुने प्रतिज्ञाबाट प्राप्त हुन आएको कर्मकै खेलभित्रको एक पाटो मात्र हो ।

Digitization by Hindu Heritage Foundation of America. HHFA(USA)

राजर्षि जनकको व्यवहारबाट शुकदेवमा परिवर्तन

ऋषि परासर र माझीकी छोरी मत्स्यगन्धाको छोरा थिए व्यास । व्यास सानैदेखि अनुसन्धानात्मक रूपमा प्रस्तुत हुने गर्दथे । उनले वेदलाई विभाजन गरी सरलीकरण गराएका थिए । यिनी उत्कृष्ट विद्वतमध्येका एक मानिन्छन् । यस्ता विद्वत ऋषिका पुत्रहरूमध्ये एक थिए शुकदेव । छोरा शुकदेव पनि केहिमा कमी थिएनन् । समय-समयमा बावु व्यास र छोरा शुकदेवका बीचमा विविध पक्षमा छलफल, विचार, विमर्श भइरहन्थ्यो । व्यास आफ्ना छोरा शुकदेवमा रहेको दृढता, क्षमता, स्पष्टता, धैर्यता देखेर अप्रसन्न हुनुपर्ने अवस्थै थिएन । आफूभन्दा पनि निपूणवाण थिए छोरा उनको मनोबलमा । तर छोराको न्यवहारिक जीवनशैलीबाट अलगरहने इच्छाको उनीलाई खुसी तुल्याउन सकेको थिएन । ज्ञानकर्मबाट मुक्तिमार्ग हुँदै मुक्तिका खोजीमा रहेका छोरा शुकदेवबाट उनी सन्तुष्ट हुनसकेका थिएनन् । बाबु र छोराका बीचमा यस विषय सम्बन्धमा धेरै तर्क वितर्क भइरहन्थे । व्यास न्यवहारिक जीवनबाट मुक्तिमार्ग अपनाउँदै मुक्ति हुन सकिनेछ भन्ने विश्वास राख्दथे भने छोरा शुकदेव ब्यवहारिक बन्धनमा संलग्न रहेपछि लोभ, माया र प्रेमले सो बन्धनमा लिप्सता भएर मुक्तिको मार्गमा बढ्न बाधा पुग्न जानेछ भन्ने मान्यतामा विश्वास गर्दथे । बावु र छोराका बीचमा यहि विषयमा कुरो मिल्दैनथ्यो । समय-समयमा बाबु छोराका बीचमा यस सम्बन्धमा तर्क भइरहन्थ्यो । बावु व्यासले छोरा शुकदेवलाई यस विषयमा सन्तुष्ट गराउन सकिरहेका थिएनन् । त्यसैले व्यासले आफ्ना छोरा शुकदेवलाई राजर्षि जनककहाँ पठाउने निर्णय गर्न पुगे । राजा जनक राजकर्मबाट ज्ञानमार्ग अपनाउँदै मुक्तिमार्गको अनुकरणीय रूपले अपनाइ आएका राजर्षि थिए । त्यसैले शुकदेवलाई राजा जनककै दरबारमा जनकको सङ्गत र न्यवहारको अनुभव गराउने विचारले जनकपुरमा पठाए । शुकदेव राजा जनकको दरबारमा सिधैं प्रवेश गरे । उनलाई त्यहाँ कसैले रोकेनन् छेकेनन् सोधेनन किनभने उनको दरवारमा कुनै पनि साधु, सन्त, योगीहरूलाई कुनै पनि बेला प्रवेशगर्न बन्देज गरिएको थिएन । शुकदेव त्यतिबेला राजा जनकका अगाडि उपस्थित हुन पुगे

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

जुनबेला राजा जनक आफ्ना राजपरिवारका विचारक, चिन्तक, विश्लेषक, योगीहरूका बीचमा राजठाँटमा बसेर जनताहरूको विचार बुझिरहेका थिए । राजा जनकको यस किसिमको प्रस्तुति देखेर शुकदेवले भने राजर्षि जनक । तपाईंको बुद्धिता, सरलता, क्षमताको वर्णन धेरै विद्वानहरूबाट सुनेको थिए । शायद त्यसैले होला मेरा पिता व्यासजीले पनि तपाईसँगको सङ्गतबाट शिक्षा प्राप्त हुनसक्ने ठानि मलाई यहाँ पठाउनु भएको होला तर तपाईबाट सो अनुसारको शिक्षा प्राप्त हुन सक्ला भन्नेमा मलाई शंका उत्पन्न भएको छ । तपाई त ज्ञान, कर्म र युक्ति सबैमा पूर्णता भइसक्नुभएको होला भन्ने ठानेको थिएँ तर तपाईले त राजर्षि लिप्ततालाई त्यागि सक्नुभएको रहेनछ । राजकाजको सान र ठाँटबाट अलग्गिन सक्नुभएको रहेनछ । हत्तपत्त जनकले भन्नुभयो ओ हो ! शुकदेवजी पाल्नुहोस्, पाल्नुहोस् तपाईले बुझ्नुपर्ने र सिक्नुपर्ने व्यवहारिक ज्ञानहरू यहिबाट प्राप्त गरिरहनुभएको छ । ति दुई शुकदेव र राजर्षि जनकका बीचमा यी विषय सम्बन्धमा धेरै गन्थन मन्थन भयो । अन्तमा महर्षि जनकले शुकदेवलाई भन्नुभयो शुकदेवजी ! मैले भर्खरै एक ठूलो दियोमा पुरा तेलले भरेर बत्ति बालेर राखेको छु । त्यो बत्ति तपाईंको हातमा राखिदिने छु सो बत्ति बल्दा बल्दै मेरो मिथिलाशहर जनकपुरको परिक्रममा गरि पाल्नुहोस् अनि शहर कस्तो रहेछ यस दरबारभित्र फर्केर वर्णन गर्नुहोला । तपाईंको अघिपछि सैनिक हुनेछन् यदि सो वत्ति बल्नबाट रोकिएर निभ्न पुग्यो भने तपाईलाई ती सैनिकहरूले तत्कालै त्यहि काट्नेछन् होशियार रहनु होला । जनकको यस्तो दवावमूलक एवं सजकतापूर्ण गम्भिरताप्रतिको संवेदनशिलता चुनौतीलाई शुकदेवजीले स्वीकारे । अघि पछि लागेका सैनिकको पहरा र बत्तिको बचावटमा केन्द्रित हुँदाहुँदै उनी जनकको दरबारभित्र प्रवेशगर्न पुगे । उनि खुसी अनि दुःखी दुवै हुन पुगे । त्यत्रो सडकको यात्राभरि बत्ति ननिभि शहरको परिक्रमा गर्न सकेकोले र चुनौतीबाट सफल भइएकोले खुसी थिए भने बत्तिकै कारणले शहर हेर्न नभ्याइएकोले दुःखी । नभन्दै दरबारभित्र पस्ने वित्तिकै राजर्षि जनकले भने शुकदेवजी शहर कस्तो लाग्यो के के देख्नुभयो ? तपाईलाई मिथिलावासीले कस्तो स्वागत गरे ? शुकदेवजी भन्दछन् राजन ! बत्ति ध्यानमा एकाष्ट रहँदा शहर, वस्ती र नागरिक हेर्ने मौका नै मिलेन । शहर कस्तो रहेछ कसरी नागरिक उपस्थित भएका थिए र उनीहरू के भन्न चाहन्थे त्यो बुझ्ने र हेर्ने बत्तिको डरका कारणले मैले अवसर लिन सकिन । तब जनक भन्दछन् शुकदेवजी मलाई पनि धर्म र कर्मको भारि तरवारले अगाडि पछाडि

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

लागिरहेको छ अन्य विषय सम्बन्धि सोच्न, बुझ्न र हेर्न सक्दिन । ति विषय भोग सम्वन्धित मेरो कदम केहि बढ्न थालेमा पनि ती मेरा अगाडि-पछाडि लागेको तरबार रूपि भारले मलाई छोपि हाल्नेछन् र मलाई नष्ट गराइहाल्नेछन । त्यसैले जतिखेर पनि मलाई त्यसैले सजगता बनाइरहेको छ । मात्र लगौटी लगाएका र कमण्डलू मात्र बोकेका शुकदेव, राजा जनकको सो जवाफबाट झस्के र प्रसन्न भई आफ्नो आश्रमतिर जान दरबारबाट बाहिर निक्लेका मात्र थिए उनले आफ्नो कमण्डलु राजाको दरबारभित्रै भएको सम्झि लिन पुगे । तब महर्षि जनक भन्दछन् शुकदेवजी एक कमण्डलुले त तपाईलाई पुनः दरबारभित्र प्रवेश गरायो र त्यो पाई पछि मात्र तपाई फर्कर्दिहुनुहुन्छ । तपाईं विषयभोगबाट टाढा रहनु भएको रहेनछ । त्यसैले ज्ञान प्राप्त र मुक्ति प्राप्तको लागि विषय भोगबाट अलग्गिएर नीति र ज्ञानकर्मबाट धर्म र कर्म अनुसारको न्यवहारिक शैलीबाट पनि मुक्त हुन सकिनेछ । शुकदेव केहि नभनि लुरूलुरू आफ्नो आश्रम गई पिता ब्याससँग सबै विस्तार गर्न पुगे । छोटो समयमा राजर्षि जनकबाट प्राप्त गरेको धर्म र कर्मको जिम्मेवारी र बाबुबाट प्राप्त गरि बटुलेको अनुभवहरूलाई सङ्गाली बाबु ब्यासको विचारमा सहमती जनाउन पुगे भने पिता ब्यास आफ्नो निरन्तरताको उत्तराधिकारीको उपस्थिति हुने अभिलाषाले उत्साहित वन्न पुगे ।

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

ईश्वर स्पर्शको फल

हिन्दूस्थानको उत्तरमा अवस्थित गढवालमा एकजना ब्राम्हण भगवान शिवका सशक्त उपासक थिए । उनीमा शिवप्रतिको यस किसिमको भक्ति देखेका छिमेकीहरूलेउनलाई त्यस गाउँ नजिकै रहेको शिव मन्दिरमा नित्य पूजा आजा गर्ने पूजारीका रूपमा नियुक्ति गरिदिए । उनी सदैव नित्य पूजा आजा गरि दर्शनार्थीलाई फूल, टीका प्रसाद वितरण गर्दथे । तर उनी कहिलेपनि दर्शनार्थीहरूले ल्याएका, चढाएका कुनैपनि वस्तुहरू खादैनथे, भोजन गर्दैनथे । ती त्यस्ता फलफूल, खाद्यवस्तुहरू सबै दर्शनार्थीहरूलाई नै बाँडिदिन्थे । नित्य भक्ति भावले सेवा गरिरहेका ती ब्राम्हणको कुनै प्रगति भइरहेको थिएन । उनको सन्तानको नाममा मात्र एक पुत्र थियो । उनी सो पुत्रलाई आफूजस्तै भगवानप्रति भक्ति र सेवा गरेको देख्न चाहन्थे तर ऊ मन्दिर प्रवेश गर्ने चाहन्नथ्यो । भगवान प्रतिको कुनै आस्था विश्वास भएको चरित्र उसमा पाइदैनथ्यो । यस्तो ब्यवहारिक परिशरमा रहेका ती शिंव उपासक ब्राम्हणले एकदिन ध्यानपूर्वक शिवको स्तुति गरिरहेका थिए उनलाई ज्ञान भयो, उनको बाल्यकालमा शिवमन्दिर परिसरमा शिवजीमा समर्पण गरि उनकी आमाले राखेकी सिलामको केहि गेडा उनले भोकाएका बेलामा खाएका रहेछन् । (शिवस्वो पेटमा परेका कारणले) यस्तो कारण थाहा पाएका ती ब्राम्हणले छोरालाई कसरी भगवानभक्ति बढाउने भन्ने चिन्ता परेछ त्यसैले उनले निर्णय गरेछन् वनारस शहरमा मेरा एक घनिष्ठ शिवभक्त मित्र छन् उनलाई केहि रूपैयाँ सापट दिनेछु । म वृद्ध भइसकेको छु मेरो चाँडै मृत्यु हुँदैछ, मेरो मृत्युपश्चात् त्यो मित्रले यस छोरालाई सो रूपैयाँ लिन बोलाउने छन् र विश्वनाथ परिसरको क्षेत्रमा पाइला टेकी मेरो पुत्रको शैलीमा परिवर्त आउनेछ । आफ्ना ती ब्यवहार मिलाएको केहिदिनपछि नै नभन्दै ती शिवका उपासक ब्राम्हणको मृत्यु हुन पुगेछ । त्यस्को केहि समयपछि आफ्ना मित्रका पुत्रलाई उसका बाबुले दिएको सापटी रकम लिन आउन पत्र पठाएछन् । तर उसले ती रूपैयाँ यहि पठाइदिनु भनी जवाफ पठाएछ । विश्वनाथ मन्दिरमा प्रवेश गराउनु पर्ने उद्देश्यभएका आफ्ना मित्रका पुत्रलाई आफूलाई फुर्सद नभएको जनाई पुःन पत्र पठाएछन् बारम्बार पत्रको आदान प्रदानमात्र भइरहेछन् । अन्तमा गढवालबाट ती रूपयाँ लिन जाने निर्णय गर्न पुगेछन् र घोडामा चढि

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)
बाबुको मित्रकहाँ ऊ पुगेछ । उसले आफ्ना मित्रका पुत्रलाई विश्वनाथ बाबाको स्पर्श गराउनु थियो । त्यसैले विश्वनाथ परिसरका न्यापारीकहाँ राखेको हुनाले वहाँसम्म बुझ्न जान लिएर गएछ । यसैरितले जाँदा-जाँदा विश्वनाथ मन्दिर प्रवेश गर्न लाग्दा घोडाबाट प्रवेश गर्न लाग्दा रोक लागेकोले सो जवान युवा घोडाबाट ओर्लि मन्दिरभित्र प्रवेश गऱ्यो र उसले बाबुले भनेझैं सबै रूपैयाँ लिइफर्क्यो । उसको बाबुको मित्र वनारसका न्यापारीले पनि कम्तीमा आफ्नो मित्रको इच्छा पुरा गराउन सकेकोमा खुसी हुनपुग्यो । त्यो युवाले जब मन्दिर परिसरमा प्रवेश गर्न पुग्यो उसले आफ्नो बाबुलाई सम्झ्यो र शिवजीमा स्पर्श गर्न पुगेको अनुभूति प्राप्त गर्न पुग्यो र बाबुको भक्तिभावनालाई उसको मानस पटलमा तरङ्गित हुन थाल्यो । उसमा बाँकी जीवन सात्वीक, भगवानभक्तिमा बित्न थालयो । एकदिनको शिवको स्पर्शले जीवनमा परिवर्तन वाहक बन्न सक्नेरहेछ भने जानिनजानी धेरैपल्ट शिवको स्पर्श गर्न पुगेका ती न्यक्तिहरूको न्यक्तित्वमा त कत्तिको परिवर्तन भइरहेको होला यो मनन गर्न लायक छ ।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, काठमाण्डौ, नेपाल
प्र. नं.
१८५०

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

Digitization by Hindu-Heritage-Foundation of America. HHFA(USA)

शुभकामना

मानवलाई मर्यादित, संयमित एवं अनुशासित बनाउने सुनीतिज्ञान नै हो । ज्ञानविनाको मानिस छाडा पशुसरह मानिन्छ । यस्तो सुनीति ज्ञानमा आधारित कुराहरूलाई "भकुण्डो" (कविता संग्रह), "कृति, कृतिक र कृतिका" (उपन्यास) एवं "सृष्टि र संस्कार" जस्तो व्यवहारोपयोगी पुस्तकहरू लोकार्पण गराइसक्नुभएका नेपाली वाङ्मयका उदयमान साहित्यकार श्री कृष्णहरि मैनालीजीसँग मेरो परिचय धेरै पहिलेदेखि नै थियो । आध्यात्मिक ज्ञानका जिज्ञासु, श्री मैनालीजीसँग सामाजिक जीवन, साधु, महात्मा, सन्त, योग, अध्यात्म, नीति, राजनीति लगायतका विषयहरूमा मसँग बारम्बार चर्चा बहस चल्दै आइरहेको छ । उहाँको हृदय कन्तुरमा हिन्दू दर्शन, प्राच्य सभ्यतालाई जगेर्ना गर्दै मानव जगतलाई समुन्नत बनाउन खोज्ने सामाजिक सेवा भावना प्रचुर मात्रा पाइन्छ ।

"ॐ आस्था" जस्तो धार्मिक आध्यात्मिक खोज अन्वेषण उद्देश्य बोकेको पत्रिकाको कार्यकारी सम्पादक "कूरिलो" जस्तो सामाजिक चेतना अभिवृद्धि गर्ने पत्रिकाको प्रधान सम्पादक भैरहनुभएका श्री मैनालीजी एक कुशाग्र चिन्तक, ब्रह्मविचारक पनि हुनुहुन्छ । कैयौ सामाजिक संस्थामा विभिन्न पदीय जिम्मेवारी सम्हाली रहनुभएका श्री मैनालीजीले धेरै संस्थाको स्थापना र विकास गरी सामाजिक विकासमा टेवा पुऱ्याइरहनु भएको पाएको छु । उहाँद्वारा लिखित प्रस्तुत पुस्तकको पाण्डुलिपि समेत हेर्ने सुअवसर मिलेको थियो । यस पुस्तकभित्र उनिएका ३७ नीति कथाका थुङ्गाहरूले मन, मस्तिष्क उच्च सेवा भावना सुनीतिका विषयले मानिसलाई कर्तव्यनिष्ठतिर डोऱ्याउन सकोस् भनेर नै कृति प्रकाशन हुन लागेको हो भन्ने मलाई लाग्दछ जुन प्रसंशनीय र सह्रानीय छ । भाषा सरल एवं मिठासपूर्ण छ । आजको घोर कलिकालमा मानवले मानवता, नीति, धर्म, कर्म बिर्सिएर बाटो बिराइरहेका बेला यस पुस्तकले थोरै भएपनि पाठ सिकाउन मद्दत गर्नेछ भन्ने मैले विश्वास लिएको छु । सत्ययुगदेखि वर्तमान कालसम्मलाई मानवीय ज्ञान बराबर रहन बोध गराउने प्रस्तुत पुस्तकले मानव हृदय जित्दै नैतिक निष्ठा र चेतनामा मानव जातिलाई डोऱ्याउन यस भावनाका पुष्पहरूले मद्दत गरोस् । कीर्ति एवं कीर्तिकारको लेखनीले सफलता चुमोस् भन्ने शुभकामना अञ्जली चढाउँछु । लब्ध प्रतिष्ठित समाजसेवी श्री मैनालीजीका कर्मप्रधान र संस्कारयुक्त भावनाका कलमहरूले जागरूक पाठकहरूका प्यास मेटाउन सफल होओस् भन्ने पुनः शुभकामना प्रकट गर्दछु ।

डा. [illegible]
स्थान: [illegible] ।
हिन्दीबाट अनुवादित

प्रकाशोन्मुख अर्को पुस्तक "साहित्य वा" मा भेट्ने वाचाका साथ...

\- लेखक तथा प्रकाशक